
Nepali National Weekly • Friday, June 26, 2009 • पृष्ठ २४ + ८ = ३२ • मूल्य रु. १०/-



# बिक्छन् पुरुषहरु पनि

पृष्ठ १२

तस्बिर सौजन्य : चलचित्र पलपलमाबाट




एङ्करिङ क्रेज ७-९
करणीमा बालिका बढी ३
मालामाल कलाकार २०
स्वीमिङको मज्जा २१
ट्वान्टी-२० विश्वकप ३०-३१

साप्ताहिक

## सुसोन केसी खड्का

मध्यपृष्ठमा



## ● ग्यालरी ●

### एक्स आई ग्रुपको चित्रकला

ललितकलाका विद्यार्थीहरूले सामूहिक चित्रकला प्रदर्शनी सम्पन्न गरेका छन् । नेपाल ललितकला संस्थान (नाफा)मा भएको प्रदर्शनीमा ३० जना विद्यार्थीको सहभागिता थियो । गएको शुक्रबार र शनिबार दुई दिन चलेको प्रदर्शनीमा ल्यान्डस्केप, मुहार चित्र, कम्पोजिसनजस्ता प्रस्तुतिमार्फत विद्यार्थीले आफ्नो क्षमता प्रदर्शन गरेका थिए ।

### डायरी चित्रमा सोनी

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा हालै प्रदर्शित चित्रहरूले अवलोकनकर्तालाई अलमल्याइरहेको थियो । काठमाडौं विश्वविद्यालयको आर्ट एन्ड डिजाइन विभागको स्नातक अन्तिम वर्षमा अध्ययनरत सोनी शाक्यले क्यानभासमा अनौठो आकृति कोरेर अवलोकनकर्ता स्वयंलाई गहिरिन बाध्य तुल्याइन् । अंग्रेजी वर्णलाई छरपस्ट पारिएको उक्त सृजनालाई सोनीले 'बियोन्ड द मिनिङ' शीर्षकमा सजाएकी हुन् ।

### तस्बिरहरूको प्रदर्शनी

विदेशी फोटोग्राफर जोई चाइडर्लीले खिचेका तस्बिरहरूको प्रदर्शनी 'इन अ डिफरेन्ट लाइट' गत बुधबार प्रारम्भ भएको छ । नेपाल-ब्रिटेन सोसाइटीकी अध्यक्ष प्रतिमा पाण्डेद्वारा उद्घाटित उक्त प्रदर्शनी बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा साउन ३ गतेसम्म जारी रहनेछ ।

### चित्रकलामा नेपाल र बंगलादेश

नेपाल तथा बंगलादेशका कलाकारहरूले तयार पारेका चित्रहरूको प्रदर्शनी राजधानीमा सम्पन्न भएको छ । बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा गत आइतबार प्रारम्भ भएको उक्त प्रदर्शनी बुधबारसम्म चलेको थियो । प्रदर्शनीमा नेपालका तर्फबाट रागिनी उपाध्याय तथा एरिना ताम्राकार सहभागी थिए । प्रदर्शनीमा बंगलादेशका नौ जना कलाकारका चित्र समावेश गरिएको थियो ।

### सरिताको चित्रकला

एकान्तमा मानिसको मनोदशा कस्तो हुन्छ ? कलाकार सरिता महर्जनले यसलाई पछ्याउँदै चित्र कोरेकी छिन् । एकान्तलाई विषय बनाइएका उनका दुई दर्जन चित्रको प्रदर्शनी बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा सम्पन्न भएको छ । एक्रेलिक तथा तैल माध्यमका चित्रमा भाव र मनोदशाअनुसार रंग संयोजन गर्न सरिता सफल छिन् । 'साइलेन्ट विशेष' शीर्षकको उक्त प्रदर्शनीमा ५ हजार रुपैयाँदेखि ३० हजारसम्मका चित्र राखिएको थियो ।

### सजनीको मूर्तिकला

विगत तीन वर्षदेखि राजधानीभन्दा केही पर इचंगुनारायणका एकान्तमा प्रकृतिसँग रमाउँदै मूर्ति-सिर्जनामा तल्लीन कलाकार सजनी श्रेष्ठ गत बुधबारदेखि पहिलो एकल प्रदर्शनीमा प्रस्तुत भएकी छिन् । बबरमहलस्थित नेपाल कला परिषद्मा उनी सेरामिक प्रविधिमा सिर्जित ३ सयभन्दा बढी मूर्तिका साथ प्रस्तुत भएकी हुन् । सजनीले आफ्नो प्रदर्शनीको आरम्भ गणेश थिमबाट गरेकी छिन् । प्रदर्शनीमा गणेश आकारमा खुसी, थकान, आश्चर्य, रिसजस्ता विभिन्न मुड अर्थात् अमूर्त शैलीका ८३ वटा मूर्ति सजिएका छन् ।

## ● रंगमञ्च ●

### छुवाछूतविरुद्ध नाटक

रुढीवादी समाजले जन्माएको दलित र गैरदलितबीचको छुवाछूत प्रथालाई आधार बनाउँदै इलाममा 'एउटा प्रश्न' शीर्षकको नाटक मञ्चन भएको छ । संस्कार इलामले उक्त नाटक मञ्चन गरेको हो । नाटकले मान्छेको जात नै मान्छे हो भन्ने सन्देश बोकेको छ । छुवाछूतविरुद्ध दबाब समूह चुलाचुलीले गाउँमा भएको छुवाछूतको यथास्थिति तोड्न सचेतनाका लागि नाटक उत्पादनमा सहयोग पुऱ्याएको संस्कार इलामका अध्यक्ष मौसम राई बताउँछन् । नाटकमा नवीन प्राचीन, राज फागो, मनमाया लिम्बु, गौरी लिम्बु, अनिल सुब्बा, जंग सुब्बा, सञ्जीव लिम्बु, स्पन्दन राई आदि कलाकारले अभिनय गरेका छन् ।

## ● पुस्तक ●


### दस वर्षे जनयुद्ध : स्मृतिका डोबहरू

एकीकृत नेकपा माओवादी नेवा राज्य समितिका सदस्य गंगाबहादुर लामाले लेखेको दस वर्षे जनयुद्ध : स्मृतिका डोबहरू जनयुद्धमा आधारित कृति भए पनि यसमा जनयुद्धको प्रशंसा गरिएको छैन । एउटा माओवादी नेताले तटस्थ लेखकका रूपमा माओवादी जनयुद्धका बारेमा लेखेको यस्तो कृति नेपालको सन्दर्भमा दुर्लभ नै मान्नुपर्छ । खासगरी माओवादी जनयुद्धले नेपाली समाजमा स्थापना गरेको मूल्य र मान्यताको सेरोफेरोमा जातीय राजनीतिको चिरफार गरिएको यो कृति सबैका लागि पठनीय छ । १ सय २८ पृष्ठको यो कृतिको मूल्य १ सय रुपैयाँ छ । यो कृतिलाई जागरण बुक हाउसले प्रकाशित गरेको हो ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

असार १२ गते : लागूऔषध ओसार-पसारविरुद्ध अन्तर्राष्ट्रिय दिवस, यातनापीडितलाई सहयोग दिवस, १५ गते : देवपत्तन गंगामाई रथयात्रा, १८ गते : विश्व खेलकुद दिवस ।

### मेष

गलत विचार, शत्रु एवं चिन्ता बढ्ने योग छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । विश्वास गरेकाले धोका दिन सक्छन् । समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । बुधबार र बिहीबार पराक्रम बढ्नुका साथै काममा सफलता मिल्नेछ । व्यवसायमा लाभ तथा यात्रा हुने देखिन्छ ।

### मिथुन

पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूले सहयोग गर्नेछन् । नयाँ मित्रको आगमनले मन प्रसन्न होला । व्यवसायमा सफलता मिल्नेछ । यात्रा एवं भेटघाटमा रमाउने अवसर प्राप्त हुनेछ । अध्ययनमा सफलता हात लाग्नेछ ।

### सिंह

काममा अवरोध आउनेछ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । शनिबारदेखि मानसम्मान मिल्नुका साथै भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ । व्यवसायमा सफलता प्राप्त हुनेछ । धन आर्जन पनि हुन सक्छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । सजिलै अरूको मन जित्न सकिनेछ ।

### तुला

काममा सफलता मिल्नेछ भने नयाँ काम हात पर्न सक्छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । यात्रा हुन सक्छ । अध्ययनमा सफलता हात लाग्नेछ । भेटघाटमा मन रमाउनेछ । पहिलो भेटमै प्रभावित हुनेहरूले सहयोग गर्ने तत्परता देखाउनेछन् । सोमबार र मंगलबार खर्च एवं विवाद बढ्न सक्छ ।

### धनु

स्वास्थ्य कमजोर रहनेछ । काममा अवरोध आउनाले मनोबल घट्न सक्छ । नैराश्यता एवं उदासीनताले सताउनेछ । कुरा काट्नेहरू सक्रिय हुनेछन् । आफन्तहरूको गुनासो बढ्नेछ । सोमबारदेखि मान-सम्मान प्राप्त हुनेछ भने काममा सफलता मिल्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ ।

### कुम्भ

धन आर्जन गर्ने अवसर जुट्नेछ भने व्यवसायमा सफलता मिल्नुका साथै यात्रा हुनसक्छ । आफन्तहरूको सहयोग जुट्नेछ । अधुरा काम पूरा हुनेछन् । नयाँ काम पनि प्राप्त हुनेछ । अध्ययनमा सफलता मिल्नेछ । सोमबार र मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

### वृष

आफन्त बनेर धोका दिनेहरू सक्रिय होलान् । रोग, शत्रु, खर्च एवं विवाद बढ्न सक्छन् भने धनमाल हराउन सक्छ । सानोतिनो समस्याले दुःखी बनाउनेछ । व्यवसायमा अवरोध आउनेछ । आइतबार र सोमबार सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा सफलता मिल्नेछ भने धन आर्जन हुने योग छ ।

### कर्कट

विवाद बढ्न सक्छ । चिन्ताले सताउनेछ । धनमाल हराउने सम्भावना छ । व्यवसायमा अवरोध आउन सक्छ । यात्रामा समस्याको सामना गर्नुपर्ला । सोमबारदेखि पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूले सहयोग गर्नेछन् । धन आर्जन हुनसक्छ ।

### कन्या

मान-सम्मान पाइने योग छ । ठूला व्यक्तिको मन जित्न सकिनेछ । धन आर्जन होला । पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ । सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ । धेरै काममा सुधार आए पनि शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्नेछ । स्वास्थ्य गडबड हुनसक्छ ।

### वृश्चिक

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा अवरोध आउने योग छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । स्वास्थ्य गडबड हुनुका अतिरिक्त शरीरमा चोटपटक लाग्नसक्छ । शनिबार, आइतबार, सोमबार र मंगलबार अधुरा काम पूरा हुने, मान-सम्मान मिल्ने तथा धन आर्जन हुने योग छ ।

### मकर

पराक्रम एवं व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ । भेटघाटका कारण मन प्रसन्न रहला । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धार्मिक कार्यमा मन जानेछ भने भाग्यले साथ दिनेछ । शनिबार र आइतबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ ।


### मीन

सफलताका लागि सोचेर काम गर्नुहोला । दुविधा बढ्नेछ । परिश्रम गरे काम बन्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा सफलता हात लाग्नेछ । यात्रा हुन सक्छ । बुधबार र बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।



## • क्यासेट •

### मुड्स अफ लाक्पा




गायक लाक्पा शेर्पाका आधुनिक गीतहरूको नयाँ संग्रह 'मुड्स अफ लाक्पा' बजारमा आएको छ। संग्रहमा दसवटा गीत छन्। संग्रहका गीतहरू कविवर माधवप्रसाद घिमिरे, चेतन कार्की, डा. कृष्णहरि बराल, रमण घिमिरे, मुकुन्दराज शर्मा, पासाङ भुटिया, केशव मिश्र, अम्बेवर लिम्बू तथा अतीत मुखियाले रचना गरेका हुन्। मदन दिपबिम, शिलाबहादुर मोक्तान, स्व.राम थापा, टीका भण्डारी, राजु सिंह, चन्दन लोमजेल, नारायण सुवेदी तथा याकुब राईले यी गीतहरू संगीतबद्ध गरेका छन्।

### अर्जुन देव




चलचित्र 'अर्जुनदेव' का गीतहरूको संग्रहलाई म्युजिक डटकमले बजारमा ल्याएको छ। सुरेश अधिकारीद्वारा संगीतबद्ध यो चलचित्रमा चारवटा गीत छन्। उदितनारायण झा, दीपानारायण, सुरेश अधिकारी, साधना सरगम तथा हेम शिखाले गाएका ती गीतहरू एकनारायण भण्डारी, कृष्णहरि बराल तथा सुरेश अधिकारीले रचना गरेका हुन्।

### सारेगम एमपी थ्री



सारेगम रेकर्ड्सले लोकप्रिय पप तथा रिमिक्स गीत समावेश गरेर बजारमा ल्याएको संग्रह 'सारेमग एमपी थ्री' मा ५१ वटा गीत सुन्न सकिन्छ। एउटै संग्रहमा थुप्रै गीत समावेश गरिएको यो संग्रहको मूल्य २ सय ५० राखिएको छ।

### मन्दिर




हेमन्त शर्माका आधुनिक गीतहरूको संग्रह 'मन्दिर' सार्वजनिक भएको छ। यो गीतिसंग्रहमा सातवटा गीत तथा तीनवटा ट्र्याक छन्। संग्रहका गीतहरूमा सुरेश अधिकारी, एकनारायण भण्डारी, सौगात शायर, हेमन्त शर्मा तथा सञ्जीवनी विश्वकर्माका शब्द तथा संगीत सुन्न पाइन्छ।

# जबरजस्ती करणीमा बालिका बढी

**शिव शर्मा**

पोखरा– सुन्दा अचम्म लाग्छ, दुई वर्षीया बालिका बलात्कृत भएको घटना। धेरैलाई विश्वास नै नलाग्न सक्छ तर पोखराको न्युरोड बस्ने दुई वर्षीया दीपा मगर (नाम परिवर्तन) लाई सोही स्थान बस्ने १७ वर्षका राकेशले एक महिनाअघि जबरजस्ती करणी गरे। पीडितकी आमाले दिएको जाहेरीका आधारमा राकेश अहिले प्रहरी हिरासतमा छन्।

बोल्नसमेत नसक्ने बालिकामाथि भएको यो घटनाले प्रहरीलाई समेत आश्चर्यचकित तुल्याएको छ। कास्कीमा बलात्कारका जति पनि घटना घटेका छन् तिनीहरूमा अधिकांश बालिका नै पीडित छन्।

तीन साताअघि पोखरामा भएको बलात्कारको घटनामा पनि बालिका नै पीडित बनेकी छिन्। काजीपोखरिया डेरा गरी बस्ने १४ वर्षीया एक बालिका आफ्नै डेरामा बलात्कृत भइन। उनी घरमा एक्लै थिइन्। घरमा कोही नभएको मौका छोपेर २२ वर्षीय दीपेशले कल्पना भुजेल (नाम परिवर्तन) लाई जबरजस्ती करणी गरे। पीडित बालिकाकी दिदी घर आउँदा बहिनीको रक्तस्राव भएको थाहा पाएपछि उनले जिल्ला प्रहरी कार्यालय कास्कीमा किटानीसहित जाहेरी दिएकी थिइन्। बालिकालाई करणी गर्ने अभियुक्त दीपेश अहिले प्रहरी हिरासतमा छन्।



जबरजस्ती करणीमा पीडित हुनेमा नाबालिगहरूको संख्या बढी रहेको प्रहरीले जनाएको छ। उनीहरूलाई ललाई-फकाई र विभिन्न प्रलोभनमा पारेर जबरजस्त करणी गरिएको पाइन्छ, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक तुलसीप्रसाद अधिकारीका अनुसार– 'बालिका जबरजस्ती करणी गरिएका जाहेरी बढी परेका छन्। बालिकाहरू छिटो फकिने, फकाउन सजिलो हुने भएकाले उनीहरूमाथि करणी हुने गरेको छ।' जिल्लामा आर्थिक वर्ष ०६५/०६६ साउनदेखि गएको वैशाख सम्ममा आठवटा जबरजस्ती करणी गरिएका जाहेरी परेका छन्। अघिल्लो आर्थिक वर्षभरिमा जम्मा आठवटा करणी भएको जाहेरी प्रहरीमा परेको छ।

बालिकापछि युवतीहरू करणीबाट पीडित भएको घटना प्रहरीसामु आएका छन्। कतिपय करणीका घटना समाजको लाञ्छना र पीडितको भविष्यकै कारण बाहिर ल्याइँदैन, एक प्रहरीले भने- 'बाहिर नआएका करणीका घटना पनि धेरै छन्।' १६ वर्षका किशोरदेखि ७० वर्षका वृद्धले समेत बालिकामाथि जबरजस्ती करणी गरेको घटना प्रहरीमा दर्ता भएका छन्। प्रहरीका अनुसार १० वर्षदेखि मुनिका बालिका करणी गर्नेलाई १० देखि १५ वर्ष, १० देखि १४ वर्षसम्मका बालिका करणी गर्नेलाई ८ देखि १२ वर्ष र १४ देखि १६ वर्षसम्मका बालिकालाई करणी गर्नेलाई ६ देखि १० वर्षसम्मको जेलसजाय हुन्छ।

महिला तथा बालबालिका सेवा केन्द्रकी प्रहरी नायब निरीक्षक चन्द्रा गुरुङले पनि बालिकामाथि करणीका घटना बढेको बताइन्।' गुरुङका अनुसार शारीरिक तथा मानसिक रूपले बालिकाहरू कमजोर हुने हुँदा डर देखाएर करणी हुने गरेको छ।

'बालिका करणीका घटना बढ्नुमा दोषीलाई कडा कारबाही हुन नसक्नु पनि हो, बालसञ्जाल कास्कीका सल्लाहकार भगवान् गिरीले भने- 'पैसाको बलमा दोषीलाई उम्काउने गरिएको छ।'

● सम्पादकीय ●

# अन्त्यहीन श्रृंखला

राजधानी काठमाडौंमा एकपटक फेरि छात्रा ख्याति श्रेष्ठ अपहरणपछि मारिएकी छिन्। अपहरण र हत्याको श्रृंखलामा ख्याति एउटा थपिएको नाम मात्र हो। प्रश्न एउटी ख्यातिको अपहरण र हत्याको होइन। प्रश्न मुलुकको शान्ति र सुरक्षा स्थितिको हो। विगत एक दशकयता मुलुकमा व्यक्तिहत्या र अपहरणको जुन अन्त्यहीन श्रृंखला देखा परेको छ त्यसले नेपाललाई असुरक्षित राज्यमा परिणत गरेको छ। विद्यालय जान, कलेज जान, काममा जान घरबाट निस्किएका जो–कोही पनि सुरक्षित घर फर्कन सक्छन् कि सक्दैनन् ? भन्ने प्रश्न यतिबेला आममानिसको सबैभन्दा ठूलो चिन्ताको विषय बनेको छ। आफ्ना छोराछोरीलाई विद्यालय वा कलेज पठाएपछि उनीहरू घर नफर्कंदासम्म आमाबाबुहरू ढुक्क हुने स्थिति छैन। यो अवस्थामा सरकारले मुलुकमा शान्ति–सुरक्षाको स्थिति सन्तोषजनक छ भनेर जतिसुकै बखान गरे पनि जनता आश्वस्त हुन सकेका छैनन्, यस्तो स्थितिका पछाडि हत्या, अपहरणजस्ता अपराधमा संलग्न व्यक्ति वा समूह पक्राउ पर्न नसक्नु, पक्राउ परे पनि कसुरअनुसारको सजाय नपाउनुजस्ता कारण जिम्मेवार छन्। हत्या र अपहरणका कतिपय प्रकरणमा राजनैतिक दलको संलग्नता देखिनु, कतिपय अवस्थामा यस्ता अपराधीले राजनैतिक संरक्षण प्राप्त गर्नुजस्ता कारणले पनि अपहरण संस्कृति मौलाउँदै गएको हो।

नेपालमा अहिले देखा परेको अपरहण संस्कृति र हत्या हिंसाको श्रृंखलाले हाम्रो आन्तरिक सुरक्षा प्रणाली र गृह प्रशासनको विफलतालाई उजागर गरेको छ। गृह प्रशासन राजनैतिक चक्रव्यूहको लाचार छायाँ रहेसम्म यस्तो स्थितिले निरन्तरता पाइरहनेछ। जबसम्म हाम्रा राजनैतिक दलहरू आपराधिक क्रियाकलापमा संलग्न व्यक्ति वा समूहलाई आफ्नो राजनैतिक स्वार्थअनुरूप प्रयोग गर्ने मानसिकतामा कायम रहन्छन्, तबसम्म हामी र हाम्रो समाज हत्या–हिंसाको जाँतोमा पिल्सिरहनेछ। यो स्थितिबाट मुलुकलाई उकास्न सबै राजनैतिक दलले राजनीति र अपराधको अन्तर्सम्बन्धलाई निमिट्यान्न पार्न सक्नुपर्छ। अपराधलाई आफू अनुकूल प्रयोग गर्ने र अर्को राजनैतिक दलले त्यही प्रक्रियालाई निरन्तरता दिंदा पानीमाथिको ओभानो बन्ने प्रयास गर्दा सबै राजनैतिक दल घोषित–अघोषित रूपमा मुलुकमा देखा परेको सबैखाले अराजक स्थितिका लागि जिम्मेवार हुन पुगेका छन्। यस्तो स्थितिको अन्त्य नभएसम्म अरू कति ख्याति मारिनेहुन् ? कसैले भन्न सक्दैन। यस्तो स्थितिमा किशोरी ख्यातिको नृशंस हत्याप्रति गहिरो दुःख व्यक्त गर्दै आपराधिक तत्त्वमाथि कडाभन्दा कडा सजायको माग सडकमा उर्लन्छ भने त्यसलाई नाजायज भन्न मिल्दैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## असुरक्षित सडक

नेपालको सडक यातायात सुरक्षित हुन सकेको छैन। यातायात क्षेत्र दिनहुँजसोको बन्द, हडताल, चक्काजामको प्रमुख मारमा परेको छ। नेपालमा बन्द, हड्तालका लागि कुनै कारण चाहिंदैन। घरमा लोग्ने–स्वास्नीको झगडादेखि लिएर कुखुराको चल्ला मर्दा पनि सडक बन्द भएको हामी सुनेका छौं। आहा, क्या सजिलो, आफ्ना माग पूरा गराउन सडक तताउनै सजिलो रहेछ। बन्दकर्ताहरूले माग पूरा गराउन अन्य विकल्प खोजेको पाइँदैन। सरकारले पनि यसलाई गम्भीरतापूर्वक लिएको पाइँदैन। दण्डहीनतासम्बन्धी कडा कानुन बन्न सकेको छैन। बने पनि त्यसको पूर्णरूपमा कार्यान्वयन गराउन सरकार सक्षम छैन।

बाटो कति बेला बन्द हुने हो कसैलाई पनि थाहा छैन। अवातजावत गर्न पनि निर्धक्क रूपमा पाइने अवस्था छैन। नयाँ नेपाल बनाउने नारा त छ तर देशको प्रमुख मेरुदण्ड यातायात क्षेत्र नै सुरक्षित हुन सक्दैन भने नयाँ नेपाल कसरी बन्छ ? यसलाई सबैले गम्भीरतापूर्वक लिने हो कि ?

**टीकाराम अर्याल, स्याङ्जा**

● चिठीपत्र ●



## विकासका लागि

हाम्रो जस्तो सानो देशलाई सानो सहयोग पनि आवश्यक छ, तर सामाजिक कार्य तथा विकास–निर्माणका नाममा विगतमा भ्रष्टाचार भएका छन्, झिंगाको बोसो काढ्ने काम भएको छ र त्यसका अवशेषहरू अझै बाँकी छन्। लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबैले दिलोज्यान लगाउनु आवश्यक छ। सिद्धान्तमा मात्र नअलमलिएर व्यवहारमा प्रस्तुत हुनु आवश्यक छ। आज हामी नेपालका विकट गाउँदेखि सहरसम्म र विश्वका कुना–कुनासम्म पुगेर जीविकोपार्जनका निमित्त साथै विभिन्न उद्देश्यका निमित्त संघर्ष गरिरहेका छौं, देशभित्र पनि स्वतन्त्रताको नाममा विभिन्न जातीय, धार्मिक, भौगोलिक, लिंगीय, वर्गीय आदि गुट–उपगुट बनाएर संघर्ष गरिरहेका छौं। अधिकार र पहिचानका निम्ति लडाइँ गरिरहेका छौं भन्छौं तर यस प्रकारको लडाइँबाट भोलि साम्प्रदायिक भिडन्त नहोस् भन्ने कुरामा सचेत रहनुपर्छ।

विगतका संसदीय निर्वाचनहरूमा जस्तै गत वर्ष भएको संविधानसभाको निर्वाचनमा गाउँतहमा विभिन्न संघ–संगठन र क्लबहरू गठन गर्ने तथा चन्दा लिने–दिने काम नभएका होइनन्। हामीभित्र रहेको अहमपन, द्वैध चरित्र तथा व्यक्तिवादी प्रवृत्तिका कारण ती संस्था अंकुरण हुन नपाउँदै मासिए, जसले गर्दा अन्य समाजभन्दा हामी धेरै पछाडि छौं, जसमा हामीले आफ्नो कमजोरीलाई पनि स्वीकार्नुपर्छ र अरूबाट हामीले आर्थिक सहयोग मात्र नभै आवश्यक शिक्षासमेत लिनुपर्छ।

यदि हामी जन्मभूमि नेपालको सामाजिक, आर्थिक, शैक्षिक, वातावरणीयका साथै विविध विकास गर्ने संकल्प गर्न चाहन्छौं भने उक्त संकल्पसहित चालिएको जुनै प्रकारको संघ–संगठन वा संस्थाहरूले सुरु गरेको भए पनि सकारात्मक कदमलाई सबैले स्वागत अनि हृदयंगम गर्दै हातमा हात तथा होस्टेमा हैंसे गर्ने समय छ। हामीले देशको विकृति, असभ्यता, रुढिवादिता अनि यहाँको कठिनाइ तथा यावत् समस्यालाई स्मरण गर्नु आवश्यक छ। हाम्रो दृष्टिकोणमा पनि परिवर्तन आउनुपर्छ। जबसम्म हाम्रो दृष्टिकोणमा रूपान्तरण आउँदैन तबसम्म समाज परिवर्तनको सपना देख्नुको कुनै अर्थ रहँदैन। जब एउटा पोखरी दुर्गन्धित हुन्छ त्यसको बीचमा फक्रिएको कमलको फूलले एउटा मरुभूमिको सिउँडीको काँडाको हैसियत पनि राख्दैन।

नेपालका सबै गाउँ सबै कुरामा पछाडि छन्। हामीले दिगो विकासका लागि अरूको मात्र मुख ताक्ने कार्य नगरी राज्यको सम्बन्धित निकायलाई दबाब दिन तथा स्थानीय स्रोत र साधनहरूलाई सही ढंगले परिचालन गर्न तथा स्थानीयताको कदर गर्न र हाम्रो दृष्टिकोणलाई परिवर्तन गर्नु आवश्यक छ। म एक सामान्य नेपाली नागरिकको हैसियतले के अनुरोध गर्छु भने हामी सबैले म र मेरो नभनी हामी र हाम्रो भन्ने कुरालाई स्मरण गरौं। नेपाल हाम्रो देश भन्नेमा गौरव गर्न पाऊ न कि त्रास र लाज। हामी नेपालीहरू कुनै राजनैतिक एवं वैचारिक प्रतिशोध नराखी अघि बढौं।

विकास कसैले आकाशबाट बर्साउने चीज होइन। यो हाम्रो आफ्नै सहयोग, हातेमालो र सिर्जनशीलता, लगनशीलता तथा सबैको प्रतिनिधित्व र सहभागिता अनि दबाबबाट मात्र गर्न सकिन्छ। अहिले नेपालमा चलिरहेको जनताका नाममा भएका फोहोरी राजनीतिबाट टाढा रहौं। चाकरी–चाप्लुसी प्रथाको अन्त्य गरी विकासको नाममा अविकास तथा निश्चित स्वार्थ पूर्तिका लागि नभै सामाजिक भलाइ, सामाजिक जनजागरण र सामाजिक स्वार्थका लागि हामी जनता एकताबद्ध हुनु आवश्यक छ।

**–वासुदेव देवकोटा, गोरखा**

● तीतो सत्य ●

जितमा मात्र जीवन नखोज हारमा पनि जीवनको महत्त्व हुन्छ।

अर्काको अस्तित्व स्वीकार गर्नैपर्छ यदि त्यसो गर्न सकिएन भने आफ्नो अस्तित्व पनि कसैले स्वीकार गर्ने छैन।

**–एमसी बाङ्देल**

एकै झिल्को आगो न हो भनेर बेवास्ता गरियो भने नराम्रो क्षति बेहोर्नुपर्ने हुन्छ।

प्रशंसाको भोको भन्दा पनि कर्तव्यप्रति इमान्दार बन्न सक्नु ठूलो कुरा हो।

परिश्रमी र उद्यमीलाई लक्ष्मीले पनि साथ दिन्छिन् तर अल्छीहरूलाई आफ्नै साथीले पनि साथ दिंदैन।

शिक्षा प्राप्त गर्नु भनेको ज्ञान बाँड्नु, चेतना फैलाउनु, उद्देश्य लिनु र सफलता हासिल गर्नु हो।

दृढता छ भने हरेक कुरामा नियन्त्रण गर्न समर्थ भइन्छ।

जागरूकताले भावना, इच्छा र आवश्यकतालाई उजागर गरेर जीवनको लक्ष्य निर्धारण गर्न सक्ने क्षमता प्रदान गर्छ।

**–अक्षोभ केसी, पनौती**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

● सहर चर्चा ●

छिरिङ छोडेनले आफ्नो पहिलो परिचय रेडियो जंकीका रूपमा बनाएकी थिइन्। त्यसपछि शैक्षिक परामर्शदाता र वाई पत्रिकाकी सम्पादक। अहिले भने उनको परिचय छोटो डकुमेन्ट्रीका लागि अन्तर्राष्ट्रिय विजेताका रूपमा अगाडि आएको छ। अमेरिकामा भएको 'प्रजातन्त्र...' नामक भिडियो डकुमेन्ट्री प्रतिस्पर्धामा छोडेनको भिडियो एसिया प्रशान्त क्षेत्रबाट प्रथम भएपछि उनको चर्चा चुलिएको हो। ९५ देशका ९ सय भिडियोमध्ये उनको भिडियो यो क्षेत्रबाट प्रथम भएको हो। 'तीन घण्टाको फुटेजलाई ३ मिनेटको डकुमेन्ट्री बनाएकी थिएँ, त्यही प्रथम भएछ।' छोडेनले साप्ताहिकसँग भनिन्– 'यो जितसँगै मेरो पुरानो परिचय नै ओझेल हुने गरी चर्चा भयो। म साह्रै खुसी छु।'

काठमाडौंको फोहोर, भीड, धर्ना र जुलुस समेटिएको उनको डकुमेन्ट्रीले लोकतन्त्र आए पनि नेपालको बेथितिमा सुधार नआएको सन्देश दिन्छ। उक्त सन्देशलाई पुष्टि गर्न उनले सभासद् गगन थापा, कवि विप्लव प्रतीक तथा अनिल चित्रकारको फुटेज पनि राखेकी छिन्। 'यी कुराले डकुमेन्ट्रीलाई वस्तुपरक बनायो।' छोडेनले भनिन्– 'अब पत्रिकाबाहेक क्यामेरालाई पनि आफ्नो जीवनको अंश बनाउँछु।'



● मोडल वाच ●

## नयाँ परिचय



# एन्जिलाको मोडलिङ मोह

एन्जिला थापा पोखराको मोडलिङमा परिचित नाम हो। उनले मोडलिङ गर्न थालेको चार वर्ष भयो। यो चारवर्षे मोडलिङ क्यारियरमा उनले थुप्रै पटक र्‍याम्पमा क्याटवाक गरिसकेकी छिन्। 'फेसन सोमा क्याटवाक गर्दा दर्शकहरूले बजाउने तालीले नै मलाई उत्साहित बनाउँछ,' एन्जिला भन्छिन्– 'क्याटवाकमार्फत पनि सबैको मन जित्न सकिन्छ भन्ने कुराको उदाहरण नै यही हो।' लेखनाथ नगरपालिकास्थित तालचोककी २१ वर्षीया एन्जिला ५ फिट ५ इन्च अग्ली छिन्। जिन्स र टिसर्ट उनलाई मनपर्ने पहिरन हुन्। अंग्रेजी विषयमा स्नातक गरिरहेकी एन्जिला यात्रा गर्न, खाना पकाउन तथा पत्रपत्रिका पढ्न रुचाउँछिन्। मोडलिङलाई अझै पनि समाजले सकारात्मक रूपमा नलिएकोमा उनको चित्त दुखेको छ। समाजले मर्यादित पेसाका रूपमा नलिएसम्म नेपालको मोडलिङ क्षेत्र व्यावसायिक हुन नसक्ने उनको तर्क छ। भविष्यमा सफल समाजसेवी बन्ने लक्ष्य लिएकी एन्जिलाका आकर्षक तस्बिरहरू ठिकठाक डटकममा हेर्न सकिन्छ।

● मुखाले ●

आन्दोलनको बलबाटै माओवादी नेतृत्वमा राष्ट्रिय सरकार बनाउनुपर्छ।

**–रामबहादुर थापा**

सरकार चलाउन माओवादीको लाइसेन्स चाहिंदैन।

**–खड्गप्रसाद ओली**

संविधानलाई ताकेर बन्दुक बसिरहेसम्म संविधान बन्न सक्दैन।

**–रामचन्द्र पौडेल**

म गृहमन्त्रीको हैसियतले कानुनको चस्मा लगाएर कुनै दल र कर्मचारीलाई फरक देख्नेछैन।

**–भीम रावल**

सत्तामा जान र सत्तामा गएपछि टिक्न बाह्य शक्तिको आशीर्वाद र सहयोग चाहिन्छ भन्ने मानसिकता कांग्रेस, एमाले र माओवादीमा विकास भएको छ, यो राष्ट्रघाती मानसिकता हो।

**–कमल थापा**

उग्र वामपन्थीहरूले भनेजस्तो म कठपुतली प्रधानमन्त्री होइन।

**–प्रधानमन्त्री माधवकुमार नेपाल**

चाहिनेभन्दा बढी मन्त्रालय देशको स्रोतले धान्न सक्दैन।

**–अजम्बर काङवाङ**

माधवकुमार नेपाललाई एमालेबाटै असहयोग छ।

**–हृदयेश त्रिपाठी**

गठबन्धनको संस्कृतिविपरीत अघि बढे यो सरकार धेरै दिन टिक्दैन।

**–राजेन्द्र महतो**

यो सरकार ढल्दै ढल्दैन।

**सुशील कोइराला**

# युवाहरूलाई अपर्चुनिटी धेरै छ


नकिमुद्दीन, अध्यक्ष, क्वेस्ट इन्टरटेनमेन्ट

**आठ वर्षअघि पुरानो जय नेपाल चलचित्र हललाई आधुनिक शैलीमा ढाल्दा अमेरिका तथा ताइवानमा पढेर आएका तीन युवालाई साथीभाइले "सन्ट" अर्थात् मगज खुस्केको समूहको संज्ञा दिएका थिए। क्वेस्ट इन्टरटेनमेन्टका अध्यक्ष नकिमुद्दीनले ताइवानमा तथा दुई सदस्य भाष्कर ढुंगाना र राजेश सिद्धीले अमेरिकामा क्रमशः कम्प्युटर इन्जिनियर तथा मास कम्युनिकेसन पढेका थिए। साथीभाइहरूको सोचाइविपरीत उनीहरू नेपाल मात्र फर्किएनन्, आबारा युवाहरूको थलो मानिने चलचित्र हल सञ्चालन गर्न थाले। उनीहरूजस्तो पढेलेखेका तथा संसार बुझेका युवाले चलचित्र हल सञ्चालन गर्नुलाई सुरु-सुरुमा हास्यास्पद मानिए पनि अहिले उनीहरू यही क्षेत्रमा रोलमोडल भएका छन्। अहिले यो समूह नेपाली चलचित्रलाई डिजिटलाइज्ड गर्ने, फरक धारका चलचित्र बनाउने, आधुनिक चलचित्र हल सञ्चालन गर्ने, नेपाली चलचित्र निर्माणका आवश्यक उपकरण जुटाइदिने काममा सक्रिय छ।**

**धेरैजसो युवा युरोप-अमेरिका पुगेपछि फर्किएको पाइँदैन, तर तपाईंहरूले माओवादी द्वन्द्वको उत्कर्षका बेला नेपालमा व्यवसाय थाल्नुभयो, किन ?**

म केही अघि नै ताइवानमा पढाइ सकेर नेपालमा पर्यटन व्यवसाय चलाइरहेको थिएँ। यसबीच राजेश र भाष्कर अमेरिकामा राम्रो स्कोप छाडेर नेपालमा आफ्नो पहिचान बनाउनुपर्छ भनेर फर्किए। यहीं केही गर्न सकिन्छ भने विदेशमा किन बस्ने भन्ने हाम्रो सोचाइ मिल्यो। विचार मिलेपछि अरू कुरा गौण हुँदो रहेछ।

**चलचित्र नै किन रोज्नुभयो, अध्ययनका हिसाबले पनि तपाईंहरूबाट त धेरै कुरा आउन सक्थ्यो, होइन र ?**

मेरो कुरा गर्नुहुन्छ भने संसारका राम्रा चलचित्र हेर्नु मेरो सौख हो। यदि आफ्नो सौखलाई नै व्यवसाय बनाउन सकिन्छ भने किन नबनाउने ?

**सौखलाई व्यवसाय बनाउँदा देशले पाउने अन्य कुरा गुम्छ भन्ने लागेन ?**

हाम्रो देशमा यति धेरै स्कोप छ कि जुन काम गर्दा पनि गर्ने व्यक्ति र देशलाई फाइदै हुन्छ। चलचित्रको क्षेत्रमा हेर्नुहोस्, कति काम भएको छ र ? वर्षको दुईवटा चलचित्र बनाउने हाम्रो घोषणा, फरक स्वादको नेपाली चलचित्रको निर्माण, नेपाली चलचित्रका लागि आवश्यक उपकरणको व्यवस्थाले चलचित्र उद्योगलाई फाइदा पुगेको छ। हामीले 'कागबेनी' र 'सानो संसार' बनाएपछि सहरी दर्शकले पनि नेपाली चलचित्र हेर्न थाले। यसलाई हामी तीव्र गतिमा विकास गर्दै लानेछौं। पैसा मात्र कमाउने भए हिन्दी चलचित्रको डिस्ट्रब्युसन तथा दुईवटा चलचित्र हल नै पर्याप्त छ। होइन र ?

**अहिले नेपाली चलचित्र निर्माणमा ब्रेक लागेको छ, चलचित्रले व्यवसाय नगरेर हो ?**

हामीले पैसा कमाउन चलचित्र निर्माण गरेका होइनौं। नेपाली भाषामा पनि राम्रो चलचित्र बन्न सक्छ भन्ने उदाहरण दिने प्रयास हो। दुईवटै चलचित्र निर्माण गर्दा त्यो पैसा डुब्छ भनेरै लगानी गरेका थियौं, तर दुवैले झन्डै-झन्डै रिटर्न दिए। यसबाट हामी उत्साहित भएका छौं।

**त्यसो भए नयाँ चलचित्र निर्माणमा किन ढिलाइ ?**

उपयुक्त कथा एवं प्राविधिकहरू नभएर हो। सुन्धारामा तीनवटा चलचित्रहल निर्माणको कार्य चलिरहेकाले पनि ध्यान दिन नसकिएको हो। विदेशमा धेरै नेपाली युवा चलचित्रसम्बन्धी अध्ययन गरिरहेका छन्। उनीहरूसँग हाम्रो निरन्तर सम्पर्क छ। उनीहरूको अध्ययन सकिएपछि हामी प्रत्येक वर्ष दुईवटा नेपाली चलचित्र बनाउँछौं।

**नेपालमा तपाईंले खोजेजस्ता प्रतिभा छैनन् र ?**

हामी नेपाली चलचित्रलाई जुन उचाइ दिन चाहन्छौं, त्यो खालको प्रतिभाको कमी छ। कलाकार छन्, प्राविधिकहरू एवं भिजन भएका व्यक्ति पर्खिरहेका छौं।

**नेपाली चलचित्रको भविष्य कस्तो देख्नुभएको छ ?**

हाम्रा अग्रजहरूले धेरै अप्ठ्याराका बाबजुद पनि नेपाली चलचित्रको बजार बनाइदिएका छन्। नेपाली चलचित्रको स्कोप ठूलो छ। यसलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिन्छ भनेर हामी काम गरिरहेका छौं। संसारभरि नै चलचित्रको बिजनेस उपल्लो स्थानमा भएकाले नेपालमा पनि नेपाली चलचित्रको भविष्य राम्रो देखेको छु।

**चलचित्रबाहेक अन्य क्षेत्रमा पुँजी विस्तार नगर्ने ?**

सुन्धारामा एउटै भवनमा तीनवटा चलचित्रहल निर्माण हुँदैछ। नेपाली चलचित्रका लागि सम्पूर्ण उपकरण तथा स्टुडियोको व्यवस्था, नेपाली चलचित्रहललाई डिजिटलाइज्ड, हिन्दी-अंग्रेजी भाषाका चलचित्रको डिस्ट्रिब्युसनजस्ता काम नै हाम्रा लागि प्रशस्त छन्। आफू जुन क्षेत्रमा भइन्छ, त्यसैलाई फोकस गर्नु राम्रो हुन्छ। अरूतिर जाने रुचि छैन।

**नेपालमा क्वेस्ट इन्टरटेनमेन्ट र गोपीकृष्ण मुभिजबीच बेला-बेलामा जुहारी चलेको सुनिन्छ, यो केको लडाइँ हो ?**

पृष्ठ १० मा जारी


**आवश्यकता**

NGO बाट विगत ५ वर्षदेखि सञ्चालित सरकारी मान्यता संस्थालाई कर्मचारीहरुको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यबस्था।
मासिक आम्दानी : ९५००+गाडीभाडा
सख्या : १० महिला/६ पुरुष
योग्यता: साधरण लेखपढ, SLC +2 + Computer जानेका
सम्पर्क:
२०६४०५९, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल
नोट: SLC +2 दिएका विद्यार्थी, गृहणीलाई बिशेष ग्राहयता। शनिबार अफिस खुल्ला रहनेछ।




**होटल तालिम विशेष छुटमा** 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Vissa Processing for Aboard Study U.K. Australia

र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131

साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Tourism Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखलढुंगा मार्ग
2040782, 016200757, 98510-93629

र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडि
4464720, 9841-891131, 98510-93629



# बढ्दो क्रेज एङ्करिङमा

● शिव मुखिया

'स्कुलको कार्यक्रममा बोलिन्थ्यो, साथीहरूले आवाज राम्रो छ भनेर हौस्याउँथे,' विद्यालय अध्ययनताका कार्यक्रममा उद्घोषण गरेको स्मरण गर्दै आस्था दाहालले भनिन्- 'अहिले यसैलाई क्यारियरका रूपमा विकास गर्ने रहर जागेको छ।' ज्ञानकुञ्ज मा.वि.बाट भर्खरै एसएलसी सिध्याएकी आस्था यतिबेला उद्घोषणसम्बन्धी तालिम लिइरहेकी छिन्। उनी टेलिभिजन कार्यक्रम प्रस्तोता (भिजे) बन्न चाहन्छिन्। आस्थालाई यो रहरले सानै उमेरदेखि पच्छ्याएको हो। 'आरजे पनि मनपर्छ,' उनले भनिन्- 'तर भिजेजस्तो क्रेज त्यसमा छैन।' यता कलंकीस्थित अमरज्योति उ.मा.वि. कक्षा ११ की छात्रा सजनी श्रेष्ठलाई 'मिडिया पर्सन' बन्ने सोचाइले डोहोर्‍याउँदै एक तालिम केन्द्रसम्म पुर्‍यायो। त्यहाँ उनले उद्घोषणसम्बन्धी आधारभूत तालिम लिइन्। 'अहिले आत्मविश्वास बढेको छ,' उनले भनिन्- 'अब म कुनै पनि स्टुडियोबाट निर्धक्कसाथ कार्यक्रम प्रस्तुत गर्न सक्छु।' तालिम लिएपछि एङ्कर बन्ने उनको रहरमा थप मलजल पुगेको छ। युनाइटेड एकाडेमी कक्षा ११ मा अध्ययनरत अनिशा देवानको सपना पनि उनीहरूको भन्दा फरक छैन। 'भविष्यमा आरजे बन्ने हो,' उनले आफ्नो लक्ष्य सुनाइन्- 'यही क्षेत्रबाट मात्र मैले सन्तुष्टि पाउन सक्छु।' रेडियोमा कार्यक्रम सञ्चालन गर्ने रहर पालेकी देवान फुर्सदमा तालिम लिएर दक्ष बन्न चाहन्छिन्।

सञ्चारमाध्यमले व्यापकता

## एङ्करिङ : करियर निर्माण र रोजगार

पाउँदै जाँदा एफएम रेडियो र टेलिभिजनमा आफूलाई प्रस्तुत गर्न आतुर युवाहरूको संख्या प्रतिदिन बढ्दो छ। आरजे वा भिजे बन्ने सपना पालेर यसैमा रोजगारीको अवसर खोज्ने युवायुवतीहरू कम छैनन्। त्यसो त जनआन्दोलन-२ पछि च्याउसरि खुलेका एफएम स्टेसनले उनीहरूमा सपना मात्र बढेका छैनन्, अवसर पनि सृजना गरिदिएको छ। पछिल्लो तथ्यांकअनुसार मुलुकभर १ सय ५२ वटा एफएम रेडियो सञ्चालित छन्। टेलिभिजन च्यानलको संख्यामा पनि वृद्धि भएको छ। श्रव्यदृष्यका यी माध्यमहरूमा समाचारवाचक, कार्यक्रम प्रस्तोता, सम्पादक, टेक्निसियन, कार्यक्रम उत्पादकजस्ता रोजगारीका अवसर बढेका छन्।

एफएम रेडियो र टेलिभिजन च्यानलको संख्या थपिँदै गएपछि युवायुवतीहरू यसैमा आफ्नो क्यारियर निर्माण गर्ने ध्याउन्नमा लागेका छन्। खासगरी 'मिडिया पर्सन' बन्ने मोहले प्लस टु अध्ययनरत एवं एसएलसी सिध्याएका युवायुवतीहरू एङ्करिङतर्फ तानिएका छन्। त्यसो त एङ्करिङप्रतिको बढ्दो क्रेजलाई बुझेरै विभिन्न तालिम केन्द्र खुलेका छन्, जहाँ एङ्करिङका सम्बन्धमा सैद्धान्तिक एवं व्यावहारिक ज्ञान दिइन्छ। 'अहिले एङ्करिङको क्रेज ह्वात्तै बढेको छ,' कलंकीस्थित प्रिमियम मिडियाका निर्देशक निरञ्जन रिजाल भन्छन्- 'यसैलाई आफ्नो पेसाका रूपमा अपनाउने सोचले युवायुवतीहरू आकर्षित भएका हुन्।' रिजाल थप्छन्- 'तर एङ्कर बन्न रहरले मात्र पुग्दैन, उनीहरूमा एङ्करिङ गर्न सक्ने गुण पनि हुनुपर्छ।' टेलिभिजनको पर्दामा छाउने एवं रेडियो तरंगमार्फत आफ्नो आवाज गुञ्जाउने रहरले युवायुवतीहरू एङ्करिङतर्फ तानिएको बताउँछन् विनोद खड्का। बागबजारस्थित एक्सिस मिडियाका प्रशिक्षक एवं अभियान एफएमका कार्यक्रम प्रस्तोता खड्का भन्छन्- 'ग्लामरको क्षेत्रमा रमाउन चाहने युवायुवतीहरू पनि यसतर्फ आकर्षित हुने गरेका छन्।'

रेडियो-टेलिभिजनबाट कार्यक्रम प्रस्तोताका रूपमा ख्याति कमाइसकेकाहरूले एङ्करिङसम्बन्धी तालिम दिँदै आएका छन्। सैद्धान्तिकभन्दा प्रयोगात्मक अध्ययन गर्नुपर्ने भएकाले तालिम केन्द्रहरूमा नमुना स्टुडियोसमेत खोलिएका हुन्छन्। छोटो अवधिको तालिममा एङ्करिङसम्बन्धी आधारभूत जानकारी दिइनुका साथै बोल्ने अभ्यासमा निखार ल्याउने काम गरिन्छ। हुन त एङ्करिङ गर्न तालिम मात्र पर्याप्त हुँदैन। यो त एउटा आधार मात्र हो। कान्तिपुर टेलिभिजनकी समाचारवाचिका सिम्रिका शर्मा भन्छिन्-'आत्मविश्वासी, आवाजमा मिठास भर्न सक्ने, शब्दभण्डारको ज्ञान भएकाले मात्र यो क्षेत्रमा काम गर्न सक्छन्, जुन कुरा तालिमबाट मात्र मिल्दैन।' राजधानीलगायत विभिन्न स्थानमा एङ्करिङसम्बन्धी तालिम दिन स्वयं एफएफ स्टेसनहरूले कक्षा सञ्चालन गर्ने गरेका छन्। त्यस्तै निजी स्तरबाट थुप्रै तालिमकेन्द्रसमेत सञ्चालनमा छन्। यद्यपि तालिम केन्द्रहरूले चर्चित एवं लोकप्रिय आरजे/भिजेको नाममा विज्ञापन गरेर प्रशिक्षार्थीहरू आकर्षित गरे पनि ती प्रशिक्षकहरूले तालिम नदिने किप्स एफएमका कार्यक्रम प्रस्तोता एवं प्रशिक्षक गणेश कार्की बताउँछन्। कार्की भन्छन्- 'त्यस्ता तालिम केन्द्रहरूको झूटो प्रचारमा विश्वास गरेर धेरै युवायुवती फन्दामा पर्ने गरेका छन्।'

आफ्नै स्टुडियो भएको, तालिमपछि तत्काल रोजगारको ग्यारेन्टी, दक्ष प्रशिक्षकद्वारा प्रशिक्षणजस्ता आकर्षक नाराका साथ विज्ञापन गरेर कतिपय तालिम केन्द्रले झूटको खेती गरिरहेका छन्। 'यस्तो हल्लाको पछि लागेर त्यहाँ जानु राम्रो होइन' कार्की भन्छन्।

### करियर निर्माण र रोजगार

टेलिभिजनको पर्दामा देखिने एवं रेडियोको तरंगमा आवाज प्रवाहित गर्ने चाह सबैमा हुन्छ। समाजमा बेग्लै प्रतिष्ठा कमाउन एवं जनमानसमा परिचित बन्ने यो अवसरलाई अहिले थुप्रै युवायुवतीले आत्मसात् गरिरहेका छन्। आरजे, भिजे बन्ने सपना पालेका युवायुवतीहरूलाई जनआन्दोलनपछि मौलाएका एफएम स्टेसनले रोजगारी र अवसरको ढोका खोलिदिएका छन्। यी एफएमहरूमा कार्यक्रम उत्पादक, एङ्कर, समाचारवाचक, समाचारदाता, सम्पादक, व्यवस्थापक, टेक्निसियनजस्ता कार्यमा थुप्रै अवसर पाइन्छन्। सम्बन्धित काममा दक्षता हासिल गरिसकेका युवायुवतीले सहजै आफ्नो सपनालाई मूर्तरूप दिन सक्छन्।

### के सिकाइन्छ एङ्करिङमा ?

अधिकांश तालिम केन्द्रले एङ्करिङका लागि १५ दिने आरजे, १० दिने भिजे, १० दिने टेक्निसियन र ५ दिने एमसी (स्टेज उद्घोषण) तालिम दिने गरेका छन्। १५ दिने आरजे तालिममा रेडियोको परिचय, रेडियोको इतिहास र कार्यक्रम, मिडिया ल र रेडियोको वर्तमान अवस्था, कार्यक्रम संयोजन, कार्यक्रमका प्रकार, स्क्रिप्ट र स्क्रिप्ट राइटिङ, रेडियोका भाषा, न्युज राइटिङ, रिपोर्टिङ र प्रेजेन्टेसन, इन्टरभ्यु, लाइभ प्रोगाम र लाइभ ब्रोकास्ट आदि सिकाइन्छ। भिजेअन्तर्गत टेलिभिजनको परिचय, भिडियोग्राफी, टेक्निकल नलेज र क्यामेरा, स्किल अफ भिजे, स्क्रिप्ट राइटिङ, टेलिभिजन प्रोगामका प्रकार, टेलिभिजन कार्यक्रम प्रस्तुति, समाचार र समाचार रिपोर्टिङ सिकाइन्छ। यस्तै टेक्निसियनमा परिचय र रेडियो प्रोगामसम्बन्धी आधारभूत ज्ञान, रेडियो टेक्नोलोजी, टेक्निकल वर्ड एन्ड कम्युनिकेसन विथ आरजे, युज अफ प्लेयर एन्ड मिक्सर, कम्पयुटर सफ्टवेयर प्रयोग, स्टुडियो नेटवर्क, जिंगल र प्रोमो, रेकर्डिङ, एडिटिङ र मिक्सिङ सिकाइन्छ। स्टेज प्रोगाम सञ्चालनका लागि स्टेज प्रोगामको परिचय, एमसीका प्रकार र स्टेज एङ्करका लागि महत्त्वपूर्ण सामग्री, स्टेज प्रस्तुति आदिका बारेमा अध्यापन गराइन्छ।

एकता, विस्तार र गुणस्तरीयता, शिक्षामा बर्षौदेखिको हाम्रो प्रतिवद्धता
प्राईभेट TEST/SLC 2066
को लागि कक्षा १० मा
कक्षा ९ वा टेष्ट. एस.एल.सी. फेल भएका, कक्षा ८ वा ९ उतीर्ण गरी विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि कक्षा १० मा धमाधम भर्ना लिइदैछ।
नयाँ भर्ना खुल्यो
Shift: Morning/Day
Medium: Nepali/English
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
कालीमाटी
Merit Academy
Ph: 4285664
चावहिल
Bright Future
Ph: 4463073
काटेश्वर
Harvard Int'l Academy
Ph: 4601434

# सफल एङ्करमा हुनुपर्ने गुण



**आत्मविश्वास :** दह्रो आत्मविश्वास भएकाले नै आफ्नो लक्ष्यलाई चुम्न सक्छ। यसर्थ सफल एङ्कर बन्ने पहिलो सर्त आत्मविश्वास हो। रेडियो, एफएम वा टेलिभिजनबाट जनमानसलाई सु-सूचित गराउन, मनोरञ्जन दिलाउन आत्मविश्वास आवश्यक हुन्छ। आत्मविश्वास विना कुनै पनि कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न सकिँदैन।

**स्पष्ट र मिठासयुक्त बोली :** स्पष्टसँग बोल्नु र बोलीमा मिठास भर्न सक्नु नै एङ्करको गुण हो। आफूले बोल्ने शैलीलाई मिठासपूर्वक प्रस्तुत गर्न सक्नुपर्छ। कर्कस आवाजले श्रोतालाई झर्को लाग्छ।

**शब्दभण्डार :** एङ्कर भएपछि विभिन्न विषयमा, विभिन्न क्षेत्र र प्रकारका व्यक्तिहरूका बारेमा बोल्न, अन्तर्क्रिया गर्न सक्नुपर्छ। यसरी बोल्ने क्रममा आफूमा धेरै शब्द खेलाउने खुबी हुनुपर्छ। सबैले बुझ्ने, सरल भाषा प्रयोग गर्न एवं कुनै पनि विषयका सम्बन्धमा विश्लेशण गर्न शब्दभण्डारको ज्ञान हुनु आवश्यक हुन्छ।

**शब्द खेलाउने खुबी :** शब्दभण्डार हुनसक्छ तर शब्दलाई खेलाउन सक्ने खुबी नहुन सक्छ। शब्दलाई सही ढंगले सही ठाउँमा प्रयोग गर्न नसके सफलतापूर्वक एङ्करिङ गर्न सकिँदैन।

**तार्किक क्षमता :** एङ्करले विभिन्न परिस्थिति र विभिन्न श्रोता-दर्शकको सामना गर्नुपर्ने हुन्छ। साथै कुनै पनि विषयलाई निष्कर्षमा पुर्‍याउन उसमा तार्किक क्षमता आवश्यक छ। यसो भन्दैमा कुतर्क गरेर दर्शक-श्रोतालाई आजित बनाउने भन्ने होइन। सकारात्मक तर्कद्वारा आफूलाई अब्बल रूपमा प्रस्तुत गर्ने क्षमता हुनुपर्छ।

**सिर्जनात्मकता :** आफू कसरी प्रस्तुत हुने, कुन विषयमा केन्द्रित रहने जस्ता कुराका लागि उसमा सिर्जनात्मक क्षमता आवश्यक छ। विषयवस्तुलाई रुचिपूर्ण बनाउन र प्रसंगलाई परिस्थितिअनुसार प्रस्तुत गर्न सिर्जनात्मक क्षमता चाहिन्छ।

**सुन्न सक्ने क्षमता :** बाहिरबाट हेर्दा एङ्करिङ भनेको आफ्नो कुरा एकोहोरो अरूलाई सुनाउने पेसाजस्तो देखिन्छ, तर यो भ्रम हो। एङ्करिङ गर्नेले आफूले बोल्ने मात्र होइन, अरूले बोलेको कुरा बुझ्ने ढंगले श्रवण गर्नु अर्थात् सुन्नु पनि हो। श्रोता-दर्शकले के भनिरहेका छन्? उनीहरूले आफूबाट कस्तो जवाफको अपेक्षा राखेका छन् भन्ने जस्ता कुरा नबुझी एकोहोरो बरबराउनेहरू एङ्कर हुन सक्दैनन्।

**परिस्थिति मूल्यांकन गर्ने क्षमता :** सधैं एकै किसिमको परिस्थिति नहुन सक्छ। अतः बदलिँदो परिस्थितिलाई बुझेर सोहीअनुरूप आफ्नो प्रस्तुतिलाई बदल्न सक्ने क्षमता हुनुपर्छ। परिस्थितिअनुसार प्रस्तुति दिन नसक्ने एङ्करले प्रभाव जमाउन सक्दैनन्। परिस्थितिको मूल्यांकन गरेर सोही अनुसारको प्रस्तुति दिन नसक्ने एङ्कर एउटा तालको संगीतमा अर्कै ताल नाच्ने नर्तक नर्तकीजस्तै हुन्छ।

**जाँगरिलो र जिज्ञासु :** एङ्करिङ अल्छीले गर्ने पेसा होइन। यो पेसा अँगाल्न जागरिलो हुनुपर्छ। साथै हरेक विषयमा जिज्ञासा राख्ने स्वभाव भएको हुनुपर्छ। किनभने जिज्ञासाविना कुनै पनि जानकारी हासिल हुँदैन। जबसम्म विषयगत जानकारी हुँदैन तब सफल एङ्कर बन्ने सपना पाल्नु बेकार हुन्छ।



सिम्रिका शर्मा, समाचारवाचिका, कान्तिपुर टेलिभिजन

**कसरी बन्ने एङ्कर ?**

सुरुमा त रुचि हुनुपर्‍यो। त्यसपछि आत्मविश्वास र मेहनत गर्न सक्नुपर्छ। अध्ययनशील र जिज्ञासु व्यक्तिले यस क्षेत्रमा राम्रो गर्न सक्छ। एङ्कर बन्न तालिम लिनैपर्छ भन्ने छैन। साथै तालिम लिएकै भरमा एङ्कर बन्छु भनेर सोच्नु पनि गलत हो। म कुनै तालिम लिएर टेलिभिजनमा गएकी होइन, तर मसँग आत्मविश्वास र कामप्रति दृढ रुचि थियो।

**एङ्कर बन्न कति गाह्रो छ ?**

गाह्रो र सजिलो भन्ने कुरा त व्यक्तिमा भर पर्छ। उसमा एङ्कर बन्ने गुण छ भने कुनै गाह्रो हुँदैन, तर रहरले मात्र यो क्षेत्रमा आउनेहरूलाई चाहिँ गाह्रै हुन्छ।

**यो कस्तो क्षेत्र हो ?**

रमाइलो तर संवेदनशील क्षेत्र। आमजनमानसलाई सही सूचना प्रवाह गर्नुपर्ने हुन्छ। पत्रपत्रिकाजस्तो दोहोर्‍याई-तेहेर्‍याई पढेर बुझ्ने कुनै मौका हुँदैन। एकपटक जे बोलियो त्यो सरल, सबैले बुझ्ने र सही सन्देश दिने खालको हुनुपर्छ।

**एङ्करिङ गर्नेले जान्नैपर्ने कुरा के हुन् ?**

आफूले बोलेको कुरा श्रोता वा दर्शकले कसरी ग्रहण गरिरहेका छन्, आफ्नो हाउभाउ र प्रस्तुतिजस्ता कुराको ख्याल गर्नुपर्छ। साथै, कार्यक्रम प्रस्तुति, भाषामा सरलता र बोलीमा मिठास तथा पर्याप्त शब्दभण्डार हुनु आवश्यक छ।

# रेडियोमा बोल्ने रहर

● राजु घिसिङ

धरान- लेखनाथ चोकको नीलम काफ्लेको एउटै धोको छ, रेडियोमा कार्यक्रम सञ्चालन गर्ने। त्यो पनि सांगीतिक। किन? सानैबाट मनोरञ्जनात्मक कार्यक्रम सुन्दै आएकी नीलम भन्छिन्-'एफएम रेडियोमा सुन्दा कठिन छैनजस्तो लाग्छ।' कुनै एफएम रेडियोमा अवसर पाए रमाइला कार्यक्रम सञ्चालन गर्न उनी तयार छिन्।

मौका पाइहाले उनले आफूलाई तयार पनि गरिरहेकी छिन्। उनले धरानबाट सञ्चालनको तयारी भैरहेको विजयपुर एफएमले दिएको रेडियो कार्यक्रम उत्पादनसम्बन्धी एकमहिने तालिम लिएकी छिन्। उनले स्टार एफएमद्वारा आयोजित तालिम पनि लिइसकेकी छिन्। कक्षा-१२ मा अध्ययनरत नीलमकै साथी माधुरी केसीले पनि दुवै तालिम हासिल गरिन्। 'अब अवसरको पर्खाइमा छौं,' -दुवैले साप्ताहिकलाई बताए।

स्थानीय सांगीतिक समूह 'दिव्यदृष्टि'का ड्रमर विजय लिम्बू पनि तालिम लिइरहेका भेटिए। किन? उसुका खेलाडीसमेत रहेका विजय भन्छन्- 'व्यक्तित्व विकास गर्न।' रेडियो जक्की (आरजे) बन्ने रहर भने नभएको उल्लेख गर्दै उनी भन्छन्- 'अवसर पायो भने त छाडिन्न।' विजयपुर एफएमले १ सय ३ जना तथा धरानबाट पनि कार्यक्रम उत्पादन गरिरहेको स्टार एफएमले १ सय २९ जनालाई रेडियो कार्यक्रम उत्पादन तालिम दिएको थियो। मैथिली, अंग्रेजी, नेपाली, कुलुङ, बान्तवा, चाम्लिङ भाषामा समाचार प्रसारण गरिरहेको गणतन्त्र एफएमले पनि १ सय जनालाई प्रशिक्षण दिएको थियो।

अब्बल ठहरिएका प्रशिक्षार्थीहरूलाई अवसर मात्र होइन, जागिर नै दिने लोभ तालिमदाताहरूले देखाउँदै आएका छन्। चर्को शुल्क लिइने यस्ता तालिममा सहभागी सबै जना प्रशिक्षार्थी एफएम रेडियोमा बोल्ने



अवसरको खोजीमा छन्। धेरै जना मनोरञ्जनात्मक तथा सांगीतिक कार्यक्रम सञ्चालन गर्न चाहन्छन्। विजयपुर मिडिया ग्रुपका अध्यक्ष दोर्पध्वज राई भन्छन्- 'टिन एजर्स र तन्नेरी पुस्ताको चाहना नै संगीत, मनोरञ्जन र फेसन हो।' भविष्यमा पत्रकार बन्ने इच्छा व्यक्त गर्दै छाता चोककी महिमा काफ्ले भन्छिन्- 'पहिले समाचारवाचिका बन्छु। समाचार पढ्नु मेरो सानैदेखिको रहर हो।'

आरजे बनेर नामसँगै मनग्गे दाम पनि कमाउन सकिनेमा प्रशिक्षार्थीहरू ढुक्क छन्। स्थापित एफएम रेडियो स्टेसनहरूमा कार्यरत धेरै आरजेहरूले लोकप्रियतासँगै राम्रै आम्दानी पनि गरिरहेका छन्। स्टार एफएमका कार्यक्रम निर्देशक रवीन्द्र थापा भन्छन्-'तालिममा म पहिलो भएँ। काम गर्ने अवसर पनि पाइयो। काम गरेको तीन महिनापछि पनि पाश्रिमिक पाउन आन्दोलनकै घोषणा गर्नुपर्‍यो।' उनले प्रत्येक साता आधा दर्जन कार्यक्रम उत्पादन गरिरहेका छन्।

होटल तालिम होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chef हरुद्वारा सिकाइने कुक-वेटर/हाउस किपिङ्ग/बेकरी/फ्रन्ट अफिस/बार म्यान/तथा अंग्रेजी, नेपाली र जापनीज भाषाका कक्षाहरु का साथै हाउस वाइफ र पढ्दै नपढेको हरुका लागि विशेष कक्षाको व्यवस्था गरिदैं छ। भर्ना धमाधम लिइदैंछ।
Hotel Khumjung Training Center
महाराजगञ्ज, चक्रपथ, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Tel: 4373411, 4372194

स्टार होटलमै तालिम
जापानको लागि स्पेशल Cooking कोर्ष साथै Language
नेपालको लागि Job Guarentee
Cook-Indian/Chinese/Italian/Continental, साथै Waiter/ Barman
Crystal Training
Tel: 2403011 Mob: 9841611373
ट्रेनिङ्ग गर्ने होटल जमलमा

उद्घोषण तालिम
RJ/ VJ/ MC
नयाँ कक्षा धमाधम संचालन भइरहेको छ।
BIKALPA, THE OPTION
बागबजार, काठमाडौं
फोन नं. ०१-२२९०१६८
रु. १०००/- छुट सहित
विकल्प एफ.एम TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

# मोफसलका समाचार सुन्दरीहरू



कञ्चन परिक्रमाबाट म उमाको नमस्कार', बिर्तामोडको कञ्चनजंघा एफएम ९२ थोप्लो ६ मेगाहर्जमा नियमितजसो गुञ्जिरहने यो कर्णप्रिय र सुरिलो स्वर हो उमा भट्टराईको ।


'सूचनाको युग' मानिने वर्तमानमा सूचना साम्राज्यभित्र पसेर प्रतिष्ठायुक्त जिन्दगी जिउने उपक्रममा उमाजस्ता आधा दर्जन नवयुवती झापामा यसरी नै स्वर कौशल प्रस्तुत गरिरहेका छन् । 'आकर्षक पेसा'का रूपमा स्थापित हुँदै गएको मिडिया उद्योगभित्रका यी झापाली समाचार सुन्दरीहरू पेसागत सन्तुष्टिले उत्साही मात्र छैनन्, त्यसको संवेदनशीलताप्रति उत्तिकै जिम्मेवार पनि छन् ।

'सानैदेखि मिडिया क्षेत्रमा काम गर्ने इच्छा थियो, त्यो पूरा भयो', एफएमकी नियमित समाचारवाचिका उमाले भनिन्- 'भविष्यमा यसैलाई निरन्तरता दिने सोच छ ।' बालापनदेखिको उनको रुचि अन्ततः 'क्यारियर' बन्ने तरखरमा छ । उमाले एफएममा काम थालेको धेरै भएको छैन, भर्खर आठ महिना मात्र हुँदैछ, तर कडा मेहनत र परिश्रमले उनको 'मेच्युरिटी' झल्कन्छ । परिश्रम गर्दै गए एक दिन अवश्य सफलताको सिँढी चढ्न सकिने उमा बताउँछिन् । आशावादी हुँदै उनी थप्छिन्- 'गर्दै जानुपर्छ, लक्ष्यमा त पुगिहालिन्छ नि ।'

कञ्चजनजंघा एफएम रेडियो श्रोता क्लब गठनको सिलसिलामा एफएमका प्रबन्ध निर्देशक चन्द्र भण्डारीसँगको छोटो भेट नै उमालाई यहाँसम्म ल्याउने कडी बन्यो । फरासिलो स्वाभावकी उनले सुनाइन्- 'चन्द्र सरसँग भेट नभएको भए यहाँसम्म आइपुग्ने सम्भव नै थिएन ।'

नयाँ काम थाल्दा सुरुमा जो-सुकैलाई अप्ठ्यारो लाग्न सक्छ । त्यस्तै अप्ठ्यारो र असहजताले लपेटेको थियो उमालाई पनि, तर दृढताका साथ काम गर्ने उनको स्वभावका सामु जस्तोसुकै अप्ठ्यारो पनि सजिलो बनेर गयो । 'समाचार पढ्ने बेलामा सुरुमा डर लाग्थ्यो', कोहेड कलेज डिप्लोमा दोस्रो वर्षकी छात्राले अनुभव 'शेयर' गरिन्- 'तर अहिले त्यो डर कहाँ हरायो थाहै छैन ।' समाचार पढ्ने काम त उनको मेजरै भयो । साथमा सातामा एकपटक छुट्टै कार्यक्रम 'प्रतिभा मञ्च'मा पनि उनको आवाज सुन्न सकिन्छ । समाचार पढ्दा र अन्य कार्यक्रम चलाउँदामध्ये उनी समाचार पढ्दा बढी आनन्द महसुस हुने कुरा बताउँछिन् । 'समाचार पढ्दा जति सिरियस हुनुपर्छ अरूमा त्यो आवश्यक छैन', उनले समाचार र अन्य कार्यक्रमको फरक सुनाइन् ।

उमालाई एफएममा स्वर सुनेर धेरै साथीहरूले फोनबाट र भेटेरै पनि 'कमेन्ट' गर्ने गरेका छन् । 'धेरैले राम्रो छ भन्छन्', उनले थपिन्- 'नराम्रा कुरा सुधार्ने पक्षमा छु ।' साथीसंगीको सुझावले उनी अझ हौसिएको बताउँछिन् । सुरुमा छिटोछिटो समाचार भन्ने उनको बानी अहिले हराउँदै गएको छ ।



पाथीभरा एफएम ९३ थोप्लो ६ मेगाहर्जनकी समाचारवाचिका किरण पञ्चालीले विराटनगरको कोसी एफएमबाट विद्युतीय सञ्चारमा 'डेब्यू' गरेकी हुन् । उनी कम्प्युटर टाइपिस्टका रूपमा कार्यरत रहँदादेखि नै पत्रकारिताक्षेत्रमा रुचि लाग्न थालेको बताउँछिन् । पत्रकारिताको तीनमहिने तालिमसमेत हासिल गरेकी किरण पाथिभरा एफएममा स्थापनाकालदेखि कार्यरत छिन् । कुनै बेला उनलाई लाग्थ्यो, 'म पनि बोल्न सक्छु र ?' उनी भन्छिन्- 'त्यसबेला सम्झँदा कस्तो-कस्तो लाग्छ ।' भविष्यमा तस्बिर पत्रकारिता गर्ने उनको सोच छ ।

'अरू पनि धेरै इच्छा छ', उनले 'ड्रिम प्रोजेक्ट' सुनाइन्- 'राम्रो लेख्न सक्ने र रेडियो रिपोर्ट बनाउने ।'

मिडिया क्षेत्रमा लाग्नुअघि होस् वा लागेपछि परिवारबाट उनले धेरै 'सपोर्ट' पाएकी छन् । 'अभिभावककै सल्लाहमा यस क्षेत्रमा लागेकी हुँ', विराटनगर बरगाछीकी किरणले सुनाइन्- 'मेरो रुचि अनि परिवारको सहयोग भएपछि अरू के चाहियो ।'

सप्तरंगी एफएमकी तारा गड्तौला पनि उमा र किरणकै पंक्तिमा छिन् । 'मलाई रहरले यहाँसम्म ल्यायो', ताराले भनिन्- 'रहर नगरेका भए यहाँ आउने थिइनँ ।' ताराले मिडिया क्षेत्रमै रहर गर्नुका कारण पनि सुनाइन् । दाजु (गोपाल गड्तौला) पनि पत्रकारितामै क्रियाशील रहेका कारण उनले मिडियामा हाम फालेकी हुन् । तारा भन्छिन्- 'रहरले लागियो अहिले बाध्यता भएको छ ।' यद्यपि उनलाई मिडिया क्षेत्रमा लागेकोमा कुनै पछुतो छैन । सप्तरंगी एफएमकी स्थापनाकालकी समाचारवाचिका तारा पढाइ र कामलाई सँगै अघि बढाउने पक्षमा छिन् । प्लस टु अध्ययरत ताराले थपिन्- 'कामलाई भन्दा पढाइलाई प्राथमिकता दिन्छु ।' प्रायः बिहान ५ बजेदेखि १ बजेसम्म उनको ड्युटी पर्छ । उनी फुर्सदको समयमा पढ्न र लेख्न मन पराउँछिन् । भविष्यमा यही क्षेत्रमा राम्रो गर्दै जाने उनको सोच छ । भन्छिन्- 'राम्रो गर्दै जानुपर्छ, एक दिन गन्तव्यमा पुगिन्छ ।' उनी मिडिया क्षेत्रमा आउन चाहनेहरूलाई पढाइ सकेर मात्र लाग्न सुझाव दिन्छिन् । 'पढाइ पूरा नगरी लाग्दा गाह्रो हुन्छ', उनको अनुभव छ- 'पढाइमा पनि अवरोध काममा पनि अवरोध ।' मिडियामा प्रवेश गरेको छोटो अवधिमै उनी जिल्लाभरि चर्चित छिन् । 'दाम नपाए पनि नामचाहिँ पाइन्छ', उनले सुनाइन् ।

२०६२ फागुन । वीरता जेसिजले 'देशविकासमा युवा भूमिका' विषयमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको थियो । प्रथम भएकी थिइन् पूनम लिम्बू । पूनमको वक्तृत्वकलाबाट प्रभावित भएर कार्यक्रममा प्रमुख अतिथि चन्द्र भण्डारीले बधाई दिँदै एफएममा काम गर्ने हो ? भनेर सोधेका थिए । जवाफमा पूनमले टाउको मात्र हल्लाएकी थिइन् । 'तँ चिता म पुऱ्याउँछु' भनेझैं पूनमले चिताएको कुरा चन्द्र भण्डारीले पूरा गरिदिए । पूनमको सानैदेखिको रुचिको विषय भएका कारण पनि चन्द्र भण्डारीको अनुरोधलाई उनले सहर्ष स्वीकारेकी थिइन् । यहीबाट उनको मिडियामा प्रवेश देखिन्छ । विगत तीन वर्षदेखि कञ्जनजंघा एफएममा कार्यरत उनी सुरुमा 'स्पोर्ट्स अपडेट' चलाउँथिन् । पछि मनोरञ्जनात्मक कार्यक्रम हुँदै समाचार पनि पढ्न थालेकी छिन् । 'यो क्षेत्रमा पसेपछि छाड्ने गाह्रो', उनले अनुभव सुनाइन्- 'स्लो पोइजन भएको छ अहिले ।'

भविष्यमा असल मानिस बन्ने लक्ष्य छ पूनमको । 'धेरैले चिनून्, कसैले नराम्रो नभनून्', उनले थपिन् । ठूलो मानिसभन्दा राम्रो मानिस बन्न उनी साथीहरूलाई सुझाव दिन्छिन् । मेचीनगर काँकरभिट्टाकी पूनम हाल बिर्तामोडमा बस्दै आएकी छिन् ।

कन्काई कलेज बिर्तामोडमा बी.ए. प्रथम वर्षमा अध्ययनरत पूनमलाई एफएमबाट प्राप्त हुने तलबले पढ्नचाहिँ मजैले पुगेको छ । 'घरमा फी तिर्ने पैसा मागिराख्नुपर्दैन', उनले सुनाइन्- 'डेरा भाडा पनि आफैं तिर्छु ।'

झापाका प्रायः एफएम स्टेसनमा दुई अथवा त्योभन्दा बढी समाचारवाचिका छन्, तर मेची ट्यून्स एफएममा एक मात्र महिला समाचारवाचिका छिन् जानुका धिमाल । जानुकाले त्यहाँ आदिवासी समुदायको समेत प्रतिनिधित्व गरेकी छिन् । वैशाखदेखि मेची ट्यून्समा कार्यरत उनी कामलाई 'आफ्नो खुट्टामा उभिने प्रयास' भन्छिन् । जब मानिसले चाहन्छ त्यो पूरा भएर छाड्छ । जानुकामा त्यही कुरा लागू भएको छ । सानैदेखि उनले एउटा रुचि हुर्काएर राखेकी थिइन् । भविष्यमा मिडिया क्षेत्र अँगाल्ने । 'काम इज्जतिलो छ साथै चुनौती पनि त्यत्तिकै छ', जानुका भन्छिन्- 'अझै धेरै कुरा सिक्न बाँकी ।' जानुकाको आवाज सुन्नेहरू भन्ने गर्छन्- 'कति मीठो आवाज ।' उनको आवाज त छँदैछ, समाचार भन्ने शैली पनि राम्रो छ ।

भविष्यमा यही क्षेत्रलाई निरन्तरता दिने पक्षमा रहेकी जानुका पढाइ पनि साथै लैजाने सोचमा छिन् तर पढाइ र काम एकैचोटि लैजान धेरै गाह्रो परेको उनको अनुभव छ ।

पाथिभरा एफएमकै अर्की समाचारवाचिका हुन् टीका लामिछाने । उनलाई पनि सानैदेखिको रुचि र इच्छाले डोऱ्याएर यहाँ ल्याएको हो । काम नभएर बेरोजगारजस्ती बनेकी टीकाले एक दिन कान्तिपुर एफएमबाट दमकमा रेडियो उद्घोषणसम्बन्धी प्रशिक्षण हुने विज्ञापन सुनिन् र तालिममा सहभागी हुने निश्चित पनि गरिन् । त्यसपछि मानौं उनको बहुरंगी आकांक्षाले मूर्त रूप लियो । दमकमा बसेर प्रशिक्षण पनि लिइन् र २ सय ८० जनामध्येबाट छनौटमा परिन् । 'अहिले राम्रोसँग चलिरहेको छ', उनले आफ्नो मिडिया लाइफका सम्बन्धमा भनिन्- 'सबैबाट रामो रेस्पोन्स आइरहेको छ ।' डिप्लोमा सकेर मिडियामा छिरेकी उनलाई पढाइमा त्यति बोझ परेन । सोसोलोजीमा डिग्री गरिरहेकी टीकाले भनिन्- 'अबचाहिँ हेम्पर होलाजस्तो छ ।'

मिडियाक्षेत्रमा काम गर्न गाह्रो छ भन्ने कुरा पनि उनले भर्खरै मात्रै थाहा पाउँदैछिन् । 'काम चुनौतीपूर्ण छ तर सन्तुष्ट छु', टीकाले सुनाइन् । पथरिया झापानिवासी टीका दमकमै डेरा गरेर बस्छिन् ।

रेडियोमा कसरी बोल्ने ? भन्ने एउटा खुलदुलीले सरिता निरौलालाई सानैदेखि दिक्क पारेको थियो । जब सप्तरंगी एफएमले दमकमा कार्यालय स्थापना गऱ्यो त्यसपछि सरिताको खुलदुली एकाएक हराएर गयो । 'पहिला रेडियोमा बोल्दा स्वर्ग पुगिन्छ जस्तो लाग्थ्यो अहिले सामान्य लाग्छ', झन्डै एक वर्षदेखि एफएममा समाचार पढ्दै गरेकी सरिता भन्छिन्- 'कुनै पनि वस्तु नपाउन्जेल साह्रो, पाएपछि केही न केही ।'

शनिश्चरेनिवासी सरिताले सप्तरंगी एफएमले उद्घोषण तालिम दिने कुरा पत्रिका पढेर थाहा पाएकी थिइन् । 'एप्लाई गरियो, छनौटमा पनि परियो,' उनले भनिन्- 'अब चुनौती थपिएको छ ।'

कक्षा-१२ मा अध्ययनरत सरिता समाचारवाचकका अतिरिक्त 'जातीय विभेद मुक्त नेपाल' भन्ने कार्यक्रम पनि चलाउँछिन् । उनलाई अन्य पेसाको तुलनामा मिडिया क्षेत्र बढी चुनौतीपूर्ण र कठिन लाग्छ । भविष्यमा यसै क्षेत्रलाई निरन्तरता दिने उनको पनि सोच छ । मिडिया क्षेत्रमा महिलाहरूको धेरै सम्भावना भए पनि जनचेतनाको अभावमा उनीहरू आउन नसकेको सरिताको धारणा छ । महिलाहरू योग्यता र क्षमता हुँदाहुँदै पनि पछि परिरहेको उनको भनाइ छ ।

'नमस्कार, स्थानेर राजवंशी भाषार खबरत तम्हाक स्वागत करन्ते । खबरला सुनाची खुलासा करे ।' अर्थात् नमस्कार, स्थानीय राजवंशी भाषाको समाचारमा तपाईंलाई स्वागत छ । समाचार अब विस्तारमा । प्रत्येक बिहान ८ बजेदेखि १५ मिनेटसम्म कञ्चनजंघा एफएममा शकुन्तला राजवंशीले यसैगरी समाचार पढ्न थालेको दुई वर्ष हुँदैछ । राजवंशी भाषाको समाचार पढ्ने शकुन्तला जिल्लाकै एक्ली हुन् । यसअघि सावित्रा राजवंशी उक्त समाचार पढ्थिन् । उनको विवाह भएपछि शकुन्लताले यो अवसर प्राप्त गरेकी हुन् ।

शकुन्तला विवाहपछि पनि यही कामलाई निरन्तरता दिने बताउँछिन् । राम्रो समाचारवाचिका बन्न के चाहिन्छ ? शकुन्तलाले छोटो जवाफ दिइन्- 'कडा मेहनत ।'

उमा र पूनमले पनि शकुन्तलाकै कुरामा सहमत जनाए । 'धैर्यता र अनुशासन पनि हो', पाथीभराकी किरणले भनिन् । पेसाको सन्तुष्टि नि ? 'सबैले चिन्छन् खुसी लाग्छ', मेची ट्युन्सकी जानुकाको जवाफ आयो । त्यसमै थपे पाथीभराकी टीका र सप्तरंगीकी ताराले- 'इज्जत पनि त हुन्छ ।' सरिताले भनिन्- 'कुनै महिला यो क्षेत्रमा आउन चाहन्छिन् भने उनले धेरै कुरा सेक्रीफाइ गर्नुपर्छ ।'

**–पर्वत पोर्तेल**

## भोलि फेसनमा समर वेयर



बितेको दुई सातादेखि करिब तीन दर्जन नयाँ मोडल कोरियोग्राफर कर्निक शाक्यसित त्याम्पमा कसरी प्रभावकारी ढंगबाट ड्रेस डिस्प्ले गर्ने भन्ने प्रशिक्षणमा व्यस्त छन् । द ऱ्याम्प मोडलिङ एजेन्सीबाट प्रशिक्षित तथा अन्य नवमोडलहरूको जमघटमा शनिबार साँझ ४ बजे सुन्धारास्थित काठमाडौं मलको माथिल्लो तलामा समर कलेक्सन २००९ शीर्षकको फेसन सो हुनेछ ।

राजधानीमा बढ्दै गएको गर्मीलाई सुहाउँदा विविध पहिरनलाई सहभागी मोडलहरूले ६ वटा विभिन्न सिक्वेन्समार्फत प्रस्तुत गर्ने आयोजक समूह टिम स्पिरिटका युनेश बज्राचार्यले बताए । फेसन सोका अतिरिक्त गीत-संगीतबाट पनि दर्शकहरूले मनोरञ्जन प्राप्त गर्नेछन् । केही समययता राजधानीमा फेसन सो शून्य भएको अवस्थामा यो सोले पारखीहरूको चाहनालाई केही हदसम्म पूरा गर्ने आशा गर्न सकिन्छ ।

## सम्झना डान्स स्टार

इलाम– खचाखच दर्शकले भरिएको इलाम क्याम्पस परिसर । खलखली पसिना आउने गर्मी । ती सबैलाई बिर्साउने नृत्य र पेट मिची-मिची हाँस्न बाध्य बनाउने प्रस्तुति । शनिबार सूर्योदय सांगीतिक समाजले आयोजना गरेको कार्यक्रमको रौनक यस्तै थियो । कोभन्दा को कम भन्दै इलाम डान्स स्टारको पगरी गुथ्न नृत्य गरेकामध्ये सम्झना राईले बाजी मारिन् । हजारौं दर्शकमाझ उनले देखाएको नृत्यले अरूलाई पछि पार्‍यो । नृत्यसँगै चर्चित हास्यजोडी माग्ने र धुमुर्सको हास्यप्रस्तुति पनि रोचक थियो ।

सम्झनाले फाइनल राउन्डमा 'वनमा फुल्यो फूल' गीतमा नृत्य गरेकी थिइन् । जिल्लाभरबाट छनौट भएका प्रतियोगीमध्ये बिन्दु आचार्य दोस्रो, रगुन सुब्बा तेस्रो र दिपेश श्रेष्ठ सान्त्वना घोषित भए ।

कार्यक्रममा चर्चित हास्यजोडी सीताराम कट्टेल (धुमुर्स) र केदार घिमिरे (माग्नेबूढा) को उपस्थितिका कारण गाउँ-गाउँबाट दर्शक उर्लिएका थिए । उनीहरूले राष्ट्रिय केरकार शाखा शीर्षकको व्यंग्यात्मक प्रहसन प्रस्तुत गरेर दर्शकको मन जिते । देशमा फस्टाउँदै गएको दण्डहीनताप्रति व्यंग्य गरिएको प्रहसन प्रस्तुत भएपछि दर्शकले जोडदार तालीले साथ दिएका थिए । प्रहसनमा प्रहरी, जनता सबै त्रसित भएपछि राष्ट्रियता नै खतरामा पर्ने संकेत गरिएको थियो ।

**विप्लव भट्टराई**



## साउथ एसिया फिल्ममा




टिम वर्क फिल्म प्रोडक्सनको निर्माण तथा जसवन्तदेव श्रेष्ठको निर्देशन रहेको सिङ्खम साक्षा मनाङ (स्वर्गजस्तो मनाङ) ले साउथ एसियन फिल्म फेस्टिबलमा पुनः छनौट हुने अवसर पाएको छ । यो वृत्तचित्र जून २६ देखि २९ सम्म भारतको गोवा सहरमा हुन गैरहेको साउथ एसियन फिल्म फेस्टिबलमा प्रस्तुत हुनेछ ।

निर्देशक जसवन्तदेव श्रेष्ठको नयाँ वृत्तचित्र गकतबलन-कभअचभतक दभथयलम तजभ ज्ञबबिथबक पनि अप्रिलदेखि हल्यान्डको ब्कतभचमक सहरमा गैरआवासीय नेपालीद्वारा आयोजित ल्च्ल ार्फि ाभकतष्खबा मा प्रदर्शन गरियो । वृत्तचित्रले मुस्ताङमा लुकेर रहेका विविध सौन्दर्य तथा गतिविधिहरूलाई अनुसन्धानसमेत गर्ने प्रयास गरेको छ । दुई वर्ष लगाई विभिन्न संस्कृति, रहनसहन र मौसम समाविष्ट गरी टिम वर्क फिल्म प्रोडक्सनले हिमालपारिको जिल्ला मुस्ताङलाई फरक ढंगले प्रस्तुत गरेको छ ।

## गायकद्वयको एकै दिन विवाह



काठमाडौं– नेपाली सांगीतिक क्षेत्रमा दुई चर्चित अनुहारले एकै दिन वैवाहिक जीवन प्रारम्भ गर्दैछन् । गायक स्वरूपराज आचार्य तथा प्रमोद खरेलको आगामी बुधबार अर्थात असार १७ गते एकै दिन दुलही भित्र्याउने निर्णय गरेका हुन् । संजोगको कुरा के छ भने दुवै गायकले परम्परागत विवाह गर्दैछन् ।

ललितपुरका स्थायी बासिन्दा स्वरूपराजले भक्तपुरकी मीना बस्नेतलाई जीवनसँगिनी बनाउँदै छन् भने झापा, बनियानीका स्थायी बासिन्दा प्रमोदले सुरुङ्गाकी दीपा सिटौलालाई दुलही बनाउँदैछन् । दुवै गायकले आफू २९ वर्ष भएको बताएका छन् । पार्टी पनि सँगै दिने होला नि ? साप्ताहिकको जिज्ञासामा दुवै गायकको एउटै जवाफ थियो– ' विचार गर्नुपर्ला जस्तो छ ।' प्रमोद पपगीत गाएर चर्चामा आएका गायक हुन् भने गायक भक्तराज आचार्यका छोरा स्वरूपराज सुगम संगीतमा स्थापित गायक हुन् ।

# भृकुटीमण्डपमा क्यारियर फियर

काठमाडौं– गुणस्तरीय शिक्षा आर्जनका लागि सीमावर्ती दार्जीलिङ सहर धाउने नेपालीको संख्या अझै पातलिएको छैन । विगतदेखि नै शिक्षा आर्जनको गन्तव्य बन्दै आएको भारतका कलेज/युनिभर्सिटीहरूले पछिल्लो समय नयाँ र आकर्षक विषय अध्ययनका लागि नेपाली विद्यार्थीलाई आमन्त्रण गरिरहेको छ । अब दार्जीलिङ मात्र होइन, दिल्ली, कोलकाता, बैंगलोरजस्ता सहरमा नेपाली विद्यार्थी फेला पार्न कुनै गाह्रो छैन । 'अब्रोड स्टडीका लागि अमेरिका, अस्ट्रेलियाजस्ता मुलुक बढी झन्झटिला छन्,' सेप इभेन्टका संजय थापा भन्छन्- 'यस्तो अवस्थामा उच्च शिक्षाका लागि भारत सहज गन्तव्य बन्न सक्छ ।' यसै मेसोमा उच्च शिक्षाका लागि भारतलाई गन्तव्य बनाउने विद्यार्थीहरूलाई लक्षित गरेर आज शुक्रबारदेखि तेस्रो क्यारियर फियर-२००९ प्रारम्भ भएको छ ।

राजधानीको भृकुटीमण्डपमा भारतका सातवटा युनिभर्सिटीले आफ्नो शैक्षिक कार्यक्रमका सम्बन्धमा विद्यार्थीलाई प्रत्यक्ष परामर्श दिनेछन् । 'युनिभर्सिटी र विद्यार्थीबीच प्रत्यक्ष साक्षात्कार हुने अवसर मिलाइएको छ,' आयोजक सेप इभेन्टका थापा भन्छन्- 'यसबाट भारतमा पढ्न चाहने विद्यार्थीहरूले सहज रूपमा जानकारी हासिल गर्नेछन् ।' तीन दिनसम्म चल्ने मेलामा भारतका चर्चित युनिभर्सिटीले आ-आफ्नो शैक्षिक कार्यक्रम, पढ्न लाग्ने खर्च एवं अध्ययनपछिको अवसरका बारेमा परामर्श दिनेछन् । मूलतः एनिमेसन, गेमिङ, मिडिया साइन्स, बिजनेस म्यानेजमेन्टजस्ता विषय अध्यापन हुने भएकाले ती युनिभर्सिटीप्रति नेपाली विद्यार्थीहरू आकर्षित देखिन्छन् । नेपाली विद्यार्थीहरु अन्डर ग्रेजुएटदेखि पिएचडीसम्म गर्न त्यहाँ पुग्छन् । अन्य मुलुकमा झैं भिसा नचाहिने, कन्सल्टेन्सीको सहारा लिनुपर्नेजस्ता समस्या नहुने भएकाले गुणस्तरीय शिक्षाका लागि भारत राम्रो गन्तव्य बनेको हो । भाषिक एवं सांस्कृतिक समानता र रोजगारको अवसरसमेत पाइने भएकाले भारत सहज गन्तव्य भएको सेप इभेन्टका थापा बताउँछन् ।



एसएलसीको परिणाम पर्खेर बसेका विद्यार्थीदेखि प्लस टुको परीक्षा सिध्याएका विद्यार्थीहरूसमेत मेलाबाट लाभान्वित हुनेछन् । मेलामा काठमाडौंका विभिन्न कलेज एवं कन्सल्टेन्सीहरूले समेत सहभागिता जनाएका छन् । मेलामा ८० भन्दा बढी शैक्षिक संस्थाले आफ्नो सेवा सुविधा, कार्यक्रम आदिका बारेमा परामर्श दिनेछन् । उच्च शिक्षाका लागि कलेज खोज्नमै समय खर्चिरहेका विद्यार्थीहरूले एउटै थलोमा दर्जनौं कलेज पाउनेछन् । आफ्नो रुचि र बौद्धिक क्षमताका आधारमा कस्तो विषय अध्ययन गर्ने, कहाँ गर्ने, कति खर्च लाग्छ जस्ता जिज्ञासा मेट्न ती कलेजले सहयोग गर्नेछन् । 'एसएलसी परिणामअघि नै विद्यार्थीहरू उच्च शिक्षाको खोजीमा हुन्छन्,' थापा भन्छन्- 'आफ्नो रोजाइको विषय अध्ययन गर्न विभिन्न कलेज धाइरहने समय नभएकाले एउटै थलोमा यो अवसर जुटाएका हौं ।' एसएलसी परीक्षा सकिएलगत्तै राजधानीमा शैक्षिक मेला आयोजित गर्ने होड नै चल्छ । यसअघि पनि यस्तै प्रकृतिका मेलाहरू आयोजित भैसकेका छन् । यद्यपी यी मेलामा अपेक्षा गरेअनुरूप विद्यार्थी उपस्थित भने पाइँदैन ।

**–शिव मुखिया**

# युवाहरूलाई अपर्चुनिटी धेरै छ

**पृष्ठ ५ बाट जारी**

गोपीकृष्ण मुभिज पनि नेपाली चलचित्र उद्योगमा सक्रिय कम्पनी हो । यद्यपि हामी दुवैबीच सोच्ने शैली फरक छ । एउटै क्षेत्रमा फरक सोचाइ भएका कम्पनीबीच केही जुहारी चल्नु स्वाभाविक नै हो । हामी यसलाई स्वस्थ्य प्रतिस्पर्धामा लाने प्रयास गरिरहेका छौं । नेपालमा कर्पोरेट कल्चरको विकास बिस्तारै हुँदैछ । दुवै कम्पनीको मनसाय नेपालमा चलचित्रक्षेत्रको विकास गर्नु भएकाले यो सामाधानतिर उन्मुख छ ।

**नेपालमा पार्टनरसिप बिजनेस सफल भएको देखिँदैन, तर तपाईंहरूले यसलाई राम्रैसँग अघि बढाइरहनुभएको छ, कसरी ?**

कर्पोरेट कल्चरको विकास नहुनु, धैर्य नराख्नु, अरूका कुरा सुन्ने संस्कार नहुनु आदिका कारण नेपालमा पार्टनरसिप बिजनेस सफल नभएको हो, तर विश्वका उदाहरण हेर्ने हो भने पार्टनरसिप बिजनेस नै माथि गएको छ । हामीले पार्टनरसिप बिजनेसको भावनालाई समातेर अघि बढेका छौं, त्यसैले सफल छौं ।

**तपाईंहरूबीच कुरा मिल्नु अर्थात् तपाईंले भनेको भावनाचाहिं के-के हुन् ?**

हामी एक-अर्कालाई ओभरटेक गरेर काम गर्दैनौं । अर्काको जिम्मेवारीमा परेको कुरामा हस्तक्षेप गर्दैनौं । कुनै पनि नयाँ कुरा अध्ययन गरेर, छलफल गरेर मात्र अघि बढाउँछौं । सबैभन्दा महत्त्वपूर्ण कुरा पैसाको मामिलामा हामी क्लियर छौं । किनभने नेपालमा पार्टनरसिप बिजनेस पैसाकै कारण असफल भएका छन् ।

**तपाईंहरूबीच पारिवारिक सम्बन्ध भएका कारण पनि यो पार्टनरसिप जमेको त होइन ?**

संसारभरि नै पारिवारिक बिजनेस तीन पुस्ताभन्दा माथि गएको छैन । नयाँ पुस्ताको मोटिभ परिवर्तन हुने भएकाले एक ठाउँमा पुगेपछि यस्तो बिजनेस परिवर्तन हुन्छ । मैले भाष्करकी बहिनी विवाह गरे पनि हामीले बिजनेसमा यो रिलेसनलाई तगारोका रूपमा आउन दिएका छैनौं । पारिवारिक रिलेसन एक ठाउँमा र बिजनेस अर्को ठाउँमा छ ।

**तपाईंहरू बिजनेसबाहेकको समय कसरी बिताउनुहुन्छ ?**

हामी बिजनेसको समय मात्र एकसाथ बिताउँछौं । बिजनेसपछि हामी सबैको भिन्दा-भिन्दै लाइफ छ । हामी प्रत्येकको भिन्दै कोर ग्रुप छ । बिजनेसपछि म परिवारलाई लिएर लङ ड्राइभिङमा जान रुचाउँछु । भाष्कर बास्केटबल खेल्न रुचाउँछन् । राजेश भने ट्रेकिङ जान्छन् । बिजनेसपछि हामी तीन जनाले नै एक-अर्कालाई बिर्सन्छौं ।

**तपाईंहरूका मुख्य कमजोरी के के हुन् ?**

हामी तीनैजना अलि अल्छी छौं । मुडमा मात्र काम गर्छौं ।

**विदेशबाट फर्कन चाहने युवाका लागि तपाईंहरू रोल मोडल हुनुहुन्छ, त्यस्ता युवालाई के भन्न चाहनुहुन्छ ?**

इतिहासको अध्ययन गर्दा के थाहा हुन्छ भने जुन देश संक्रमणकालबाट गुज्रिएको हुन्छ, त्यहाँ धेरै स्कोप हुन्छ । अहिले नेपालमा धेरै स्कोप छ । हरेक क्षेत्रमा दक्ष जनशक्तिको खाँचो छ । यही बेला केही गर्‍यो भने माथि जान सकिन्छ । त्यसैले चाँडो आफ्नो रुचिको काम सुरु गरिहाल्नुहोस् । पर्खने समय छैन ।

**–अश्विनी कोइराला**

## ध्यानाकर्षण र दुःख व्यक्त

गत साता साप्ताहिकको मध्यपृष्ठमा प्रकाशित मोडल कटरिनाको तस्बिरले उनको भावनामा ठेस पुगेको कुरामा हाम्रो ध्यानाकर्षण भएको छ । उनको स्वीकृतिमै हामीले साइबर संसारका लागि तस्बिर खिचे पनि पत्र-पत्रिकामा प्रकाशन नभएको भए राम्रो हुन्थ्यो भन्ने उनको आसयको हामी सम्मान गर्दछौं । असावधानीवस भएको उक्त गल्तीप्रति हामी क्षमा प्रार्थी छौं ।

**–साइबरसंसार डटकम**

साप्ताहिकमा प्रकाशित कटरिनाको तस्बिर हामीले फोटोग्राफरको स्वीकृतिमा प्रकाशन गरेको कुरा अवगत गराउन चाहन्छौं । प्रकाशित सामग्रीका कारण कटरिनाको भावनामा ठेस पुग्न गएकोमा हामी गहिरो दुःख व्यक्त गर्दछौं ।

**–साप्ताहिक सम्पादक**

# साप्ताहिक इनफो



## लभस्टोरी पनि सकियो

चलचित्र 'लभस्टोरी २०६६ बीएस'को छायांङ्कन सकेर सम्पूर्ण युनिट पोखराबाट राजधानी फर्किएको छ। दीपक रायमाझीको निर्देशनमा निर्माण भैरहेको यो चलचित्रमा निखिल उप्रेती, अर्जुन कार्की, आरपी पन्त, जयकिशन बस्नेत, सञ्चिता गुरुङ, ममता थापा आदि कलाकारले अभिनय गरेका छन्। लक्ष्मी सुवालको लगानीमा निर्माण भैरहेको यो चलचित्रका संगीतकार चेतन सापकोटा हुन्।

## रूप-रंग फेरियो शिवको

तीन वर्षदेखि बन्द रहेको धरानको शिव सिनेमा हल डिजिटल प्रविधिसहित सञ्चालनमा आएको छ। एक समयको चर्चित शिव सिनेमा द्वन्द्व र आन्तरिक कारणले बन्द भएको थियो। हाल गोपीकृष्ण मुभिजको लगानीमा नयाँ व्यवस्थापनसहित हल सञ्चालनमा आएको हो। गोपीकृष्ण मुभिजले हलको रङ्गदेखि सिट र साउन्ड सिस्टमसमेत परिवर्तन गरेर सञ्चालनमा ल्याएको हो। करिब ६ महिना मर्मत गरेर सञ्चालनमा ल्याइएको यो हललाई आधुनिक र सुविधायुक्त बनाइएको छ। जम्मा ७ सय सिट क्षमताको उक्त हलमा पूर्वमै पहिलो पटक क्यूब डिजिटल सिस्टम जडान गरिएको छ। काठमाडौंस्थित गोपीकृष्ण मुभिजकै गुणस्तरको सिस्टम जडान गरेपछि हलमा दर्शकहरूको भीड पनि बढेको छ।

## पलपलमा वयस्क चलचित्र

निर्देशक उकेश दाहालद्वारा निर्देशित तथा हरिहर आचार्यद्वारा निर्मित चलचित्र 'पलपलमा' लाई सेन्सर बोर्डले कुनै हट सिन नकाटी एडल्ट अर्थात वयस्क चलचित्रका रूपमा पास गरेको छ। यसबाट नेपाली चलचित्र क्षेत्रमा 'पलपलमा' दोस्रो वयस्क चलचित्रका रूपमा देखिएको छ। यसअघि चलचित्र 'फैसला' लाई पहिलो वयस्क चलचित्रको प्रमाणपत्र प्रदान गरिएको थियो। पलपलमा रमित ढुंगाना र सुजाता सिटौला तथा दिलीप रायमाझी र रूपा रानाको बेड सिन समावेश गरिएको छ। रमित र दिलीप यो चलचित्रमा पुरुष वेश्याका रूपमा प्रस्तुत भएका छन् भने सुजाता र रूपाले उनीहरूको ग्राहकका रूपमा अभिनय गरेका छन्।

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरुप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १६ वर्षीय अविवाहित युवक हुँ। केही महिनाअघि कलेजमा एक जना युवतीसँग परिचय भयो। सुरुमा साथीका रूपमा रहेको सम्बन्धमा एकाएक उनले प्रेमप्रस्ताव राखेपछि मैले नाईं भन्न सकिनँ, किनकि उनको सभ्य व्यवहार मलाई मन परेको थियो। त्यसपछि हाम्रो सम्बन्ध नजिकिँदै गयो। उनको घर पुग्न सदरमुकामबाट एक दिन लाग्छ। उनी सदरमुकाममा बसेर क्याम्पस पढ्थिन् र सातामा एकपटक घर जाने-आउने गर्थिन्। हाम्रो प्रेमका बारेमा कसैलाई थाहा थिएन। एकदिन हामीले मन्दिरमा औँठी साटासाट गरेर सँगै मर्ने-बाँच्ने वाचा पनि गर्‍यौं। त्यसपछि केही समय भयो, उनी घर गएको। उनी फर्केर आएकी छैनन्। सुन्दैछु, उनको विवाह एक धनी युवकसँग हुँदैछ। उनले मलाई फोन गरेर भनिन्-'बाबुआमाले करकापमा मेरो विवाह गरिदिँदैछन्। तिमी छिटो आऊ र मलाई भगाएर लैजाऊ।' त्यसपछि म चिन्तामा परेको छु। म जाऊँ कि नजाऊँ, दोधारमा पनि छु। बाबु-आमाकी एक्ली छोरीलाई मैले भगाएँ भने त्यसपछिका सम्भावित घटनाको अनुमानबाटै म डराइरहेको छु। फेरि विवाह गर्नका लागि मेरो उमेर पनि त पुगेको छैन। म के गरूँ ?**

**-कि.**

पहिलो कुरा त विवाह गर्नका लागि आफू उमेरको हिसाबले योग्य नभएको जान्दाजान्दै गल्ती गर्नु राम्रो होइन। तपाईंलाई थाहा छ, यो उमेरमा विवाह गर्नु गैरकानुनी हुन्छ। तपाईंकी प्रेमिकाको उमेर पनि सम्भवतः तपाईंसरह वा तपाईंभन्दा कम हुनसक्छ। उनी पनि कानुनी हिसाबले विवाहयोग्य भैसकेकी छैनन्। यो अवस्थामा एउटा उपाय हुनसक्छ। यदि स्वयं उनले वा उनका सहयोगीले परिवारको करकापमा विवाह हुन लागेको उजुरी दिए कानुनले नै त्यो विवाह हुन दिँदैन। यदि उनी विवाहयोग्य उमेरकी हुन् वा तपाईंभन्दा जेठी हुन् भने पनि अहिले तपाईंको विवाह गर्ने बेला भएको छैन। तसर्थ यो झमेलामा नपरी पढाइतिर ध्यान दिनु तपाईंको भविष्यका लागि उचित हुनेछ, अन्यथा तपाईं थप समस्यामा पर्न सक्नुहुन्छ।



# बिक्छन् पुरुषहरू पनि

● सुव्रत आचार्य

## नेपालमा 'जिगेलो'

...Hi, my name is Sharukh from Nepal. I want ladies as bed partner in Nepal. I can satisfy any kind of woman. Mail me: nicola_earthquik@yahoo.com (हाइ, मेरो नाम शाहरूख हो, नेपालबाट। म महिलाहरूको बेड पार्टनर बन्न चाहन्छु। म जस्तासुकै महिलालाई पनि सन्तुष्ट पार्न सक्छु। मलाई मेल गर्नुहोस्...) इन्टरनेट सर्च इन्जिनमा एउटा वेबसाइट फेला पर्‍यो- 'topix.com'। विभिन्न विषयका जानकारी तथा अवधारणा संग्रह गरिने उक्त साइटमा गएर www.topix.com/forum/movies/action/ TFS0TRNJIID8G84GE/p10 टाइप गर्‍यो भने नेपालबाट आफूलाई 'जिगेलो' बताउने उक्त युवकको यो म्यासेज पढ्न पाइन्छ।

उक्त साइटको 'जिगेलो फोरम'मा भारतको दिल्ली, मुम्बई, चेन्नै आदि स्थानका देहव्यापार गर्ने पुरुषहरूको आवेदन नै बढी देखिन्छ। भारतीय अभिनेताको छद्म नामको खोल ओढेर उक्त साइटमा सम्पर्कका लागि आफ्नो इमेल आइडी दिने ती युवक नेपाली नै हुन् कि होइनन्, खोजीकै कुरा भए पनि त्यस्ता 'जिगेलो'हरूको केन्द्र राजधानी काठमाडौं र पोखरा रहेको केही समयअघि पोखराबाट हाल राजधानीको दरबार मार्ग प्रहरी बिटमा सरुवा भएका प्रहरी निरिक्षक वामदेव गौतमको जानकारीमा रहेछ। उनले भने- 'त्यस्ता अनैतिक क्रियाकलाप सार्वजनिक स्थलमा भए मात्र हो हामीले कारबाही गर्ने। नत्र उजुरी नआई वा कुनै ठोस सूचना नभै अनुसन्धान अघि बढाउन पनि अप्ठेरो छ।'

वामदेवकै भनाइलाई निरन्तरता दिँदै हाल ठमेल/सोह्रखुट्टे क्षेत्रका इन्चार्ज प्रहरी निरीक्षक दयानिधि ज्ञवाली भन्छन्- 'नेपालमा विशेष गरी काठमाडौंमा जिगेलो पेसा अपनाएका युवाहरू भेटिन्छन्, ती पनि १८ वर्षदेखि २८-३० वर्ष उमेर समूहका। उनीहरूको धन्दा खुला रूपमा नहुने भएकाले हामीले पनि त्यस्ता जिगेलोका बारेमा सुनेका छौं, देखेका वा भेटेका छैनौं।'

**– राहुल र आदित्य पढेलेखेका बेरोजगार युवक हुन्। काठमाडौंमा कतै सँगै डेरा गरी बसेका उनीहरूको जीवन पैसाको कमीका कारण अभावमै बितिरहेको थियो। आदित्यको भेट धनाढ्य तर श्रीमान् विदेशमा रहेका एक्ली महिला मोनिकासँग हुन्छ। मोनिकाले आदित्यलाई उसको सम्पूर्ण अभाव क्रमशः पूरा गरिदिने सर्तमा उनीसँग सम्बन्ध कायम गर्छिन्। मोनिकाको सर्त आदित्यले स्वीकार गर्छ। अनि रातारात आदित्यको जीवनशैलीमा आएको परिवर्तनबाट राहुल अचम्भित हुन्छ। उसले आदित्यसँग सोध्छ, जसको जवाफ यसरी आउँछ– 'साइड जब भाइ साइड जब, मैले साइड जब गर्न थालें।' घनिष्ठ मित्रताका कारण राहुलले उसको कुरा पत्याए पनि शंका गर्न थाल्छ।**

**–यसबीच राहुलको भेट श्रीमान्बाट अलग भएकी एक तरुनी छोरीकी आमा रश्मिलासँग हुन्छ। रश्मिलाले उनीसँग आफ्नो शारीरिक आवश्यकता पूरा गर्न प्रस्ताव राख्छिन्। बदलामा उनले राहुलका महँगा आवश्यकताहरू पूरा गर्ने वचन दिन्छिन्। राहुल व्यग्र रश्मिलालाई शारीरिक रूपमा सन्तुष्ट पार्न थाल्छ। राहुलले पनि रातारात 'हाईफाई' जीवन जिउन थालेको देखेर आदित्य छक्क पर्छ र उसले पनि सोध्छ, जवाफ उस्तै आउँछ– 'साइड जब भाइ साइड जब, मैले पनि साइड जब गर्न थालें।'**

यी दुई घटना वास्तविकतासँग धेरै नजिक छन्। यद्यपि यी चलचित्रको दृश्य हुन्। प्रदर्शनको सँघारमा रहेको चलचित्र 'पलपलमा'को मूल विषय नै पुरुष देहव्यापार हो। उकेश दाहालले निर्माण एवं निर्देशन गरेको यो चलचित्रका दृश्यले एकातिर नेपालमा पनि यौनजीवनमाथि चलचित्र बन्न थालेको कुरा दर्साउँछ भने नेपाली समाजमा व्याप्त हुने क्रममा रहेको 'पुरुष यौनकर्मी'का क्रियाकलापका बारेमा पनि खुलासा गर्नेछ। उकेशका अनुसार चलचित्र 'पलपलमा' यथार्थसँग धेरै नजिक छ। कथा तयार पार्ने क्रममा आफूले राजधानीका सम्भावित स्थानहरू चहारेको दाहाल बताउँछन्। उकेश भन्छन्- 'काठमाडौंमा मात्र होइन, पोखरा, चितवन आदि स्थानमा समेत यौनका लागि पैसा लिने पुरुष यौनकर्मीहरू छन्। उनीहरू आफ्ना 'क्लाइन्ट'का अतिरिक्त अरूलाई आफ्नो पेसा बताउँदैनन्।'

चलचित्रका लागि उनको नारा पनि छ- 'बाँच्नका लागि चार कुरा चाहिन्छ, गाँस, बास, कपास अनि सहवास।' उकेशको चलचित्रमा नायकद्वय रमित ढुंगाना र दिलीप रायमाझी देहव्यापार गर्छन्। दाहालका अनुसार यौन पुरुषका लागि मात्र नभै महिलाहरूका लागि पनि आवश्यक हुन्छ। महिलाहरू पनि त्यसको खोजीमा हुन्छन्। उकेशको भनाइप्रति विश्वास गर्दै साप्ताहिकले काठमाडौं उपत्यकामा अंग्रेजीमा 'जिगेलो' भनिने पुरुष देहव्यापार गर्नेहरूको खोजी गर्न थाल्यो। के साँच्चै दाहालको चलचित्र 'पलपल' मा चित्रण गरिएजस्ता पुरुष काठमाडौंमा छन् ?

### कस्ता हुन्छन् जिगेलो ?

२२ वर्षीया सोफियाका अभिभावक अमेरिकाको कुनै सहरमा व्यवसाय गरेर बसेका छन्। उनी भने पढाइका कारण आफ्नो भाइसँग राजधानीमा छिन्। उनीहरूका लागि अभिभावकले मासिक ५० हजार देखि १ लाखसम्म खर्च पठाइदिने गरेका छन्। कलेज शुल्क, फ्ल्याटको भाडा आदिबाट बचेको रकम उनी मोजमज्जामा खर्च गर्छिन्। उनमा यौनचाहना तीव्र छ।

यसकारण हरेक तीनदेखि चार महिनामा 'ब्वाइफ्रेन्ड' फेरिरहन्छिन्। गएको वर्ष बेलायतमा रहेका आफन्तले बोलाएपछि कलेज बिदा भएको मौकामा भाइसँग दुई महिनाका लागि उता गइन्, तर आफन्तहरूको निगरानीमा बस्नुपरेकाले बेलायतको बसाइ रमाइलो भए पनि उनले शारीरिक चाहना भने पूरा गर्न सकिनन् र एक महिनामै काठमाडौं फर्किन्। यता उनको 'ब्वाइफ्रेन्ड'ले सोफिया नभएको मौकामा अर्कीलाई 'गर्लफ्रेन्ड' बनाइसकेछ। रिसले मुर्मुरिएकी सोफिया कलेजकी एक साथीसँग साँझपख दरबारमार्गको एक फास्टफुडमा 'भोड्का विथ एप्पल जुस' पिएर बसेकी थिइन्। छेउकै टेबलमा दुई 'ह्यान्डसम' युवक थिए। उनीहरू सायद कसैलाई पर्खिरहेका थिए। एउटाको मोबाइल बज्यो, कफी छाडेर ऊ त्यहाँबाट बिदा भयो। अर्को एक्लै बसिरह्यो।

सोफियाले उसलाई हेरिरहिन्, उसले पनि हेर्‍यो तर वास्ता गरेन। ऊ आफूतिर फर्किएको बेला सोफिया मुस्कुराइन् र पनि उसले बेवास्ता गर्‍यो। भोड्काको नसाले मात्तिन लागेकी सोफियालाई रिस उठ्यो, उनी जुरुक्क उठिन् र त्यो युवकको टेबुलमा गएर बसिन् अनि सोधिन्- 'मलाई किन वास्ता नगरेको ?'

उसले भन्यो- 'म तपाईंलाई चिन्दिनँ।'

सोफियाले भनिन्- 'तैपनि एउटी भर्खरकी केटीले त्यसरी लाइन मार्दा वास्ता गर्नुपर्दैन ?'

'मलाई भर्खरका केटी मन पर्दैनन्।' - उसले पन्छिन खोज्यो। सोफियाले भनिन्- 'म तिमीलाई चिन्छु, पहिलेदेखि यहाँ आएर पर्खन्छौ, भन मसँग एक रात बिताएको कति लिन्छौ ?' युवक अलिक अकमकायो- 'म भर्खरका केटीहरूको संगत गर्दिनँ।' सोफियाले पिछा छाडिनन्- 'म एक रातको १० हजार दिन्छु।' अब भने युवक लाइनमा आयो। साथीलाई घर फर्कनु भनी सोफिया ती युवकसँग बाइक चढेर अर्कैतिर लागिन्। लाजिम्पाटभित्र पर्ने कुनै घरको फ्ल्याटमा पुगेर उनीहरूले सम्बन्ध कायम गर्छन्। आफ्नो वास्तविक नाम प्रकाशन नगर्ने सर्तमा सोफियाले एक वर्षअघिको उक्त घटना सम्झँदै भनिन्- 'मासिक दस हजार तिरेर उसले त्यो फ्ल्याट भाडामा लिएको रहेछ। त्यो रात काम सकिएपछि उसले नै मलाई बिहान तीन बजेतिर मेरो घरमा छाडिदियो।' सोफियाले पङ्क्तिकारको अनुरोधमा ती युवकलाई फोन गरिन्, तर ऊ पोखरामा विदेशबाट आएकी 'क्लाइन्ट'को सेवामा व्यस्त रहेछ।

नेपाली समाजमा पनि यौनका बारेमा खुलेर कुरा गर्ने वातावरण बन्दै गएको छ। यही क्रममा आफ्ना लागि यौनसाथी खोज्ने चलन पनि बढेको छ। यौनका बारेमा चासो दिनुसम्म ठीकै होला, तर साथी खोज्ने सोफियाजस्ता युवतीहरू पनि समाजमा बढ्दै गएका छन्। दरबारमार्ग तथा ठमेलका केही रेस्टुराँमा पुरुष यौनकर्मीहरू आफ्ना 'क्लाइन्ट'को पर्खाइमा हुन्छन् भन्ने थाहा पाएको तर प्रमाण नभएको प्रहरी निरीक्षक वामदेव गौतम बताउँछन्। गौतम भन्छन्- 'कसैले उजुरी गरेको छैन।' उनका अनुसार बाटोमा कोही अँगालो मारेर हिंडछन् भने वा कुनै जोडीले किस नै खायो भने पनि अबको समाजमा सामान्य रूपमा लिनु पर्ला। त्योभन्दा बढि उच्छृङ्खल गतिविधि नपाइएको उनको अनुभव छ।

रिपोर्टिङका क्रममा भेटिएका ठमेलका एक युवा पर्यटन व्यवसायीले 'जिगेलो'का बारेमा भने- 'टन्न पैसा पनि कमाइने मोज पनि हुने, बढ्दै गएको बेरोजगारीमा योभन्दा रमाइलो पेसा अरू के हुनसक्छ ? अवसर पाए म पनि यो 'साइड जब' गर्न तयार छु।' उनका अनुसार केही टुरिस्ट गाइडले पनि महिला पर्यटकलाई घुमाउने क्रममा उनीहरूको चाहना पूरा गरेर महँगा उपहार वा रकम लिने गरेको सुनिएको छ। कतिपय विदेशी महिला पर्यटक यौनसाथीको खोजीमा पनि नेपाल आउने उनले थाहा पाएका रहेछन्। यहाँ पाइने त्यस्ता यौनसाथीहरू भने पैसा वा उपहार मात्र होइन, उनीहरूको सहयोगमा विदेश जाने सुरमा पनि हुन्छन्। सोह्रखुट्टे प्रहरी निरिक्षक दयानिधि ज्ञवाली भन्छन्- 'लज वा होटलतिर यस्ता क्रियाकलाप भएको भए 'जिगेलो'हरू पनि पक्राउ पर्थे होलान्, तर व्यक्तिगत फ्ल्याट वा कोठाभित्र हुने यो कामको हल्ला त्यति हुने गरेको छैन।' ज्ञवालीका अनुसार यौन बजार नियन्त्रण गर्न गाह्रो छ।

### थरी-थरीका जिगेलो

'जिगेलो तीन किसिमका हुन्छन्।' - पारिवारिक स्वास्थ्यसम्बन्धी एक गैरसरकारी संस्थामा कार्यरत एक कर्मचारीका अनुसार जिगेलो पेसालाई तीन वर्गमा बाँडन सकिन्छ।

**पहिलो :** यी तल्लो स्तरका हुन्छन् र उनीहरूले बाँच्ने आधार पनि यसैलाई बनाएका हुन्छन्। कतिपय सडक बालकहरू पनि यौवनावस्थामा पुगेपछि यो पेसामा लागेको पाइएको छ। विशेष गरी विदेशी महिलाहरूलाई ग्राहक बनाउने उनीहरूका यस्ता क्रियाकलाप अति गोप्य हुन्छ र महिनौं दिन संगत गरियो भने मात्र उनीहरूमध्ये एक-दुई जनाले आफ्नो पेसाका बारेमा बताउने उनले बताए।

**दोस्रो :** हाइफाई जीवन जिउने यिनीहरूको अंग्रेजी पनि राम्रो हुन्छ। यिनीहरूका ग्राहक पनि विदेशी नै हुन्छन्। उनीहरू सुरुमा साथी बनाएर विदेशी महिलालाई आफ्नै खर्चमा घुमाउँछन्, बिस्तारै गर्लफ्रेन्ड भन्दै ऊसँग सम्बन्ध कायम गर्न थाल्छन् र ल्यापटप, मोबाइलजस्ता महँगा-महँगा उपहार असुल्न थाल्छन्। यीमध्ये कतिपयसँग त आफ्नै गाडी वा मोटरबाइक हुन्छ। 'खैरिनी' (उनीहरूको भाषामा) अर्थात् विदेशी महिलालाई 'बल्छी हान्न' (फसाउन) उनीहरू पहिले लगानी गर्छन्, पछि असुल्छन्।

एक वर्षजति अघि चितवनको सौराहामा राई थर भएका दार्जीलिङका एक युवकले तीन जना बरमुडिज अमेरिकन युवतीसँग एकैपटक सम्बन्ध राखेको र राम्रो कमाइ गरेको एउटा घटना उनले सुनाए। सौराहाको एक होटलमा कार्यरत ती युवकले उनीहरूलाई सौराहा तथा आसपासको क्षेत्रमा घुमाइदिने क्रममा तीमध्ये एउटीलाई पहिलो रात सन्तुष्टि दिए। उनको यौनकलाका बारेमा अन्य दुईले पनि थाहा पाए। अनि उनीहरूलाई पनि पालैपालो उनले सन्तुष्टि दिए। बदलामा उनीहरूले ती युवकलाई निकै रकम तथा उपहार पनि दिए। आपसी सहमतिमा हुने त्यस्ता क्रियाकलापमा लागेका युवकलाई 'जिगेलो' नै भनिहाल्न नमिल्ने एक पर्यटन व्यवसायीको राय छ। उनका अनुसार यस्ता महिला पर्यटकलाई सन्तुष्ट पार्ने काम वर्षौंअघिदेखि चलिरहेको छ।

**तेस्रो :** लोग्नेबाट असन्तुष्ट, वर्षौंदेखि लोग्ने विदेशमा भएका धनाढ्य महिलाहरूका लागि राजधानीमा गोप्य तवरमा 'जिगेलो' उपलब्ध छन्। ती 'जिगेलो'हरू प्रायः दोहोरी रेस्टुराँ तथा डिस्कोहरूमा भेटिन्छन्, तर उनीहरूलाई चिन्न गाह्रो हुन्छ। उनीहरू ती स्थानमा रमाइलोका लागि आउने महिलाहरूलाई ग्राहक बनाउन उनीहरूसँग नजिकिन्छन्। 'जिगेलो'को खोजीमा रहेका त्यस्ता महिलाहरू पनि उनीहरूलाई सहजै चिन्छन्। एकपटक सम्बन्ध कायम भएपछि उनीहरूबीचको सम्बन्ध छ महिनादेखि निकै वर्षसम्म चल्न सक्छ। त्यस्ता 'जिगेलो' १८ वर्षदेखि ३० वर्षसम्मका युवकहरू हुन्छन्। यसबाहेक समाजमा परिचित कतिपय पुरुष पनि धनाढ्य वा राम्रो आर्जन गर्ने प्यासा महिलाहरूको सेवामा पाइन्छ। यस्ता पुरुषमध्ये कतिपय त विदेशी महिलाहरूको प्राथमिकतामा छन्, जसको सेवामा उनीहरू बेलामौकामा उनीहरूकै देशसम्म पुग्छन्।

# तीन घण्टा बेपत्ता



निखिल उप्रेती र मेलिना मानन्धर पोखरामा तीन घण्टा बेपत्ता भए । पोखराको फेवातालमा सुरेशदर्पण पोखरेलले निर्देशन गरिरहेको चलचित्र 'भूल भए माफ गर' को एउटा गीतको छायांकन भैरहेको थियो । मेलिना र निखिल एउटा 'विन्ड बोट' अर्थात् हावाको दिशामा खियाइने डुंगामा थिए । क्यामेराका साथ क्यामेराम्यान तथा निर्देशकहरूको टोली अर्को डुंगाबाट उनीहरूको रोमान्टिक दृश्य खिच्दै थिए । दिउँसो एक बजे छायांकन सकियो । उनीहरूको रोमान्टिक अभिनयबाट हावा पनि रोमान्टिक भएछ कि कुन्नि ? बेस्सरी बतास चल्यो । मेलिना र निखिल चढेको डुंगा बतासिएर छायांकन टोलीभन्दा निकै पर पुग्यो । एकै छिनपछि त्यो डुंगा हरायो । एकैछिनमा आउलान् नि त भनेर सुरेशको आदेशमा सबै नजिकैको बगैंचामा पुगे । अर्को दृश्यको छायांकनका लागि तयार भैसक्दा पनि निखिल र मेलिना देखा नपरेपछि छायांकन टोलीले उनीहरूको खोजी गर्न थाल्यो । तीन घण्टापछि बल्ल-बल्ल उनीहरू आए । निखिल हाँसिरहेका थिए भने मेलिनाको अनुहार सातो गएको जस्तो देखिन्थ्यो । हावाले बगाएर उनीहरूको डुंगा फेवातालको अर्को किनारमा पुगेछ । उनीहरू त्यहाँ ओर्ली गाडी चढेर फर्किएका रहेछन् । दिनरातको छायांकनले फुर्सद नपाएका निखिल डुंगामै निदाएछन् भने वरपर पानी नै पानी देखेर मेलिनाको भने सातोपुत्लो उडेछ ।



# चिन्तित आर्यन

आर्यन सिग्देल अहिलेका चर्चित नायक हुन् । चकलेटी अनुहारका कारण उनलाई अधिकांश निर्माता-निर्देशक आफ्नो चलचित्रमा राख्न चाहन्छन्, तर केही समययता भने उनलाई अर्का नयाँ नायक मुकेश ढकालले चुनौती दिइरहेको बताइन्छ । नायिका मेलिना मानन्धरका श्रीमान् मुकेशले एकपछि अर्को गर्दै चलचित्र पाउन थालेपछि आर्यनको डिमान्ड घट्ने हो कि भन्ने चर्चा चल्न थालेको छ । प्रसंग निर्माता सुशील पोखरेलको नयाँ चलचित्रको हो । चलचित्रमा आर्यन सिग्देललाई राख्ने सिफारिस आएपछि निर्माता पोखरेल केही समय सोच्न बाध्य भए, तर अन्ततः उनले मुकेशलाई नै रोजे । आफूले अभिनय गर्ने चलचित्र अर्कै नायकको पोल्टामा परेपछि अहिले आर्यनको चिन्ता बढ्न थालेको बताइन्छ ।

# पहिलेको छोड, अहिलेको गर



रेजिना उप्रेतीलाई पहिलेका कुरा गर्न मन लाग्दैन । पुराना सम्बन्धदेखि चलचित्रसम्मका कुरा कोट्याए पनि उनी कुरा मोड्न खोज्छिन् । खाटा बसिसकेको घाउ सरह भएको छ, उनका पूरा सम्बन्धहरू । उनी कसरी चलचित्रमा आइन् ? उनका 'गडफादर' को थिए ? उनी कसको 'क्याम्प' की कलाकार भइन् ? उनले सर्वाधिक अंगप्रदर्शन गरेको चलचित्र कुन थियो ? जस्ता प्रश्न उनका लागि बासी भैसकेका छन् ।

'भयो छाड्नुस् ती कुरा । कति पटक जवाफ दिने त्यही प्रश्नको ?'- रेजिनाले झिंजो मान्दै भनिन् । 'पहिलेको कुरा छाड्नुस् अब अहिलेको कुरा गर्नुहोस् ।' विगतलाई बिर्सन मिल्छ त ? उनले जवाफ दिइन्- 'विगतमा जे भयो, जे गरियो त्यो सबैलाई थाहा छ । त्यसैले सधैं त्यही विगतलाई कोट्याएर कति बस्ने ?' विगतका कुरा छर्लङ्ग रूपमा अझै पनि बाहिर आएका छैनन्, त्यसका बारेमा विस्तार लाउन मिल्दैन ?' उनी अझै पनि आफ्नो कुरामा अडिग रहिन् र वचन दिएझैं गरी हाँस्दै भनिन्- 'त्यसका बारेमा केही महिनापछि कुरा गर्नेछु, भएन ?'

वचन नै पाएपछि प्रसंग मोडियो- 'अहिलेका कुरा के छन् त ?' शंखमूलस्थित फ्ल्याटमा भाउजुले दिएको ब्ल्याक टि सुरुप्प पार्दै उनले भनिन्- 'नयाँ कुरा एउटै छ, चिनो ।' बुझ्न गाह्रो भएन, उनले हालै छायांकन सकिएको चलचित्र 'चिनो' को कुरा गरिरहेकी छिन् ।

रेजिना उप्रेतीले ६४ वटा चलचित्रमा अभिनय गरिसकेकी छिन् । नायकको वरपर घुम्ने, अंगप्रदर्शन गर्ने, रूख वरपर घुमेर नाच्ने एकै प्रकारका दर्जनौं चलचित्रमा अभिनय गरिसकेपछि आफ्नो अभिनययात्रामा 'चिनो' कोसेढुंगा साबित हुने कुरामा रेजिना ढुक्क छिन् ।

बदलामा आधारित चलचित्र 'चिनो' का निर्देशक हुन् सोभित बस्नेत, जसको क्याम्पमा बसेर उनले थुप्रै चलचित्रमा अभिनय गरिन् । 'अहिले उहाँसँग कलाकार र निर्देशकको सम्बन्ध मात्र छ'- उनले सोभितसंगको आफ्नो सम्बन्धका बारेमा यति मात्र भनिन् । रेजिनाले भनिन्- 'मैले चिनोको केन्द्रीय भूमिका निर्माता विजयगोपाल दलीबाट पाएकी हुँ ।'

उनी 'चिनो' को आफ्नो भूमिकाका बारेमा ढोल बजाउँदै चर्चा गरिरहेकी छिन् । सायदै कुनै कलाकारले आफ्नो चलचित्रका बारेमा यसरी प्रचार गर्छन् । किन उनी 'चिनो' को प्रचारमा खटिएकी छिन् त ? कतै यो चलचित्रमा उनको लगानी त छैन ?

होइन रहेछ, चलचित्रका एकमात्र लगानीकर्ता दली नै रहेछन् । रेजिनाले भनिन्- 'मैले चौंसठ्ठीवटा चलचित्रमा नगरेको अभिनय यो एउटै चलचित्रमा गरेकी छु ।' चिनोमा आफूले घोडसवारीको प्रशिक्षण लिएर घोडा दौडाउने, ग्लाइडरबाट खलनायकको पिछा गरेर जोमसोमको घुम्बतालमा फाल हाल्ने, १५ फिटको उचाइबाट स्विमिङपुलमा हाम फाल्ने, उडेर किक हान्ने जस्ता स्टन्ट रेजिनाले बताइन् । 'यसमा जति मेहनत गरें सायद भविष्यमा कुनै अर्को चलचित्रका लागि त्यति मेहनत गर्न सकुलाँ र ? जस्तो लागेको छ ।'- उनले लामो सास फेरिन् । अभिनयका दृष्टिकोणबाट पनि 'चिनो' मा आधुनिक ग्ल्यामरस युवती, विवाहित नारी, कर्तव्यनिष्ठ अधिवक्ता, आमा, एकल महिला, र एङ्ग्रियङ लेडीको भूमिका एक्लैले गर्न पाएकोमा गर्व गर्दै रेजिनाले भनिन्- 'यो चलचित्रमा मैले गरेको कार्यले पक्कै पनि मेरो विगतलाई बिर्साउनेछ ।'

**-सुव्रत**




# जीवन मृत्यु

गोपीकृष्ण मुभिजको ब्यानरमा निर्माण भएको चलचित्र 'जीवन मृत्यु' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुने भएको छ। यसअघि हिजो बिहिबार गोपीकृष्ण सिनेमा हलमा यो चलचित्रको प्रथम प्रदर्शन गरियो। निखिल उप्रेती, गरिमा पन्त, सुमन सिंह, रमिता ढुंगाना, नीर शाह, रमेश बुढाथोकी आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रको निर्देशन रमेश बुढाथोकीले गरेका हुन्। चलचित्रमा बसुन्धरा भुसाल, लक्ष्मी गिरी, मोहन निरौला, सानुकुमार मानन्धर, जोत्सना भट्ट, सन्तोष न्यौपाने, सीपी पौडेल, कृष्ण पाठक, पदमप्रसाद पौडेल, राजु घिमिरे, जयन्त रेग्मी आदिले अभिनय गरेका छन्। चलचित्रमा नीर शाह अतिथि कलाकारको भूमिकामा प्रस्तुत भएका छन्।

अघिल्लो वर्ष नै निर्माण सम्पन्न भएको यो चलचित्र प्रेमकथामा आधारित छ। चलचित्रमा पारिवारिक पृष्ठभूमि, त्याग तथा समर्पणलाई आकर्षक ढंगले चित्रण गरिएको छ। चलचित्रमा नयनराज पाण्डेको संवाद सुन्न पाइन्छ भने आलोकश्री यसका गीतहरूमा संगीत दिएका छन्। चलचित्रमा नृत्य दिनेश अधिकारी र कविराजको नृत्य निर्देशन छ भने गीतरचना किरण खरेल, नीर शाह, आनन्द अधिकारी तथा डा. भोला रिजालले गरेका छन्।

सिनेमा स्कोप प्रविधिमा निर्माण गरिएको यो चलचित्रको प्राविधिक पक्ष आकर्षक रहेको निर्देशक बुढाथोकीको कथन छ। उनका अनुसार चलचित्रको कथा पनि नौलो भएकाले दर्शकले यसबाट प्रशस्त मनोरञ्जन पाउन सक्नेछन्। चलचित्रमा ५ दशमलव १ डिजिटल सराउन्डिङ सिस्टम रहेकाले पनि चलचित्र हेरुन्जेल दर्शकले अल्छी मान्नु पर्दैन। निर्देशक बुढाथोकीको दावी छ– 'यो मैले अहिलेसम्म बनाएका चलचित्रमध्ये उत्कृष्ट छ।' चलचित्रमा नयाँ पुस्ताको कथावस्तुलाई समावेश गरिएकाले यो चलचित्र अन्तर्राष्ट्रिय बजारमा पनि राम्रो सफलता हासिल गर्ने विश्वास निर्माण पक्षको छ। संगीतकार आलोकश्रीले चलचित्रका लागि कर्णप्रिय गीत तयार पारेका छन्। राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन रहेको यो चलचित्रको कथा तथा पटकथा निर्देशक बुढाथोकीले नै तयार पारेका हुन्।

● चलचित्र ●

# न्युयोर्क

जोन अब्राहम, क्याटरिना कैफ, नील नितिन मुकेश, इरफान आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको बलिउड चलचित्र 'न्युयोर्क' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। आदित्य चोपडाद्वारा निर्माण गरिएको यो चलचित्रको निर्देशन कबिर खानले गरेका हुन्। आदित्य चोपडाकै कथामा तयार पारिएको यो चलचित्रमा प्रीतमले संगीत दिएका छन्।



निर्देशक कबिर खानले आफ्नो पछिल्लो चलचित्र 'काबुल एक्सप्रेस' लाई अफगानिस्तानमा छायांकन गराएका थिए, यसपटक उनले सुन्दर सहर न्युयोर्कलाई छनौट गरेका छन्। चलचित्र 'न्युयोर्क' को कथा तीन जना साथीको वरिपरि घुमेको छ, जसको पृष्ठभूमि विश्वका प्रमुख सहरहरूमध्येको एक न्युयोर्क हो। चलचित्रमा जोन अब्राहम (समीर) लाई युनिभर्सिटीका उनका साथीहरूले स्टार अफ क्याम्पसका रूपमा चिन्छन्। एथलेटिक्सका खेलाडी समीर ह्यान्डसम भएका कारण पनि न्युयोर्क युनिभर्सिटीका सबैभन्दा लोकप्रिय युवक हुन्। क्याटरिना (माया) ले चलचित्रमा भारतीय युवतीको भूमिका निर्वाह गरेकी छिन्। उनी समीरसँगै पढ्छिन्। आफ्नो सरल तथा हँसमुख स्वभावका कारण उनलाई सबैले मन पराउँछन्। दिल्लीको लाजपत नगरमा बसोबास गर्ने नील (उमर) एक मध्यमवर्गीय युवक हुन्। छात्रवृत्ति पाएपछि उनी अध्ययनका लागि न्युयोर्क पुगेका हुन्छन्।

चलचित्रको कथाअनुसार उमर जिन्दगीमा पहिलो पटक विदेश गएका हुन्छन्। पहिलो पटक विदेश पुगेका उमरले आफ्ना घनिष्ठ साथीहरू समीर तथा मायामार्फत न्युयोर्कको भ्रमण गर्छन्। मोज-मस्तीमा रमाइरहेका तीनै जनाको जीवनमा एक दिन अचानक परिवर्तन आउँछ। एउटा त्यस्तो घटना घट्छ जुन अरूका लागि केवल अखबारको हेडलाइन मात्र हो, तर त्यसले यी तीन जना साथीको जीवनमा भने सधैंका लागि परिवर्तन लिएर आएको हुन्छ। एफबीआई अन्डरकभर एजेन्ट रोशन (इरफान) का कारण उमर, माया तथा समीरको जिन्दगीमा थुप्रै प्रकारका खतरा तथा रोमाञ्चक मोडहरू आइरहन्छन्। गीत-संगीतका कारण यो चलचित्र प्रदर्शनअघि नै चर्चामा छ। बलिउडमा लामो समयपछि ठूलो बजेटको यो चलचित्र प्रदर्शन हुन लागेकाले पनि चलचित्रका कलाकार तथा निर्माता यसको परिणामप्रति उत्सुक छन्।

# माइ सिस्टर्स किपर

आज शुक्रबारदेखि विश्वव्यापी प्रदर्शन हुने चलचित्र 'माई सिस्टर्स किपर' लाई ड्रामा तथा एडप्टेसन श्रेणीमा राखिएको छ। १ घण्टा ४६ मिनेट लामो यो चलचित्रलाई न्यु लाइन सिनेमाले विश्वव्यापी प्रदर्शन गर्न लागेको हो। चलचित्रमा क्यामरुन डियाज, एबिगेल ब्रेस्लिन, एलेक बाल्डविन, जेसन प्याट्रिक, जोन कुसाक आदि कलाकारको मुख्य भूमिका छ। निक कासाभेट्सद्वारा निर्देशित यो चलचित्रको निर्माण मार्क एस कोफम्यानले गरेका हुन्। केही दृश्य तथा भाषाका कारण चलचित्र १३ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न मिल्दैन।

चलचित्रमा रगतको क्यान्सरबाट पीडित एउटी युवतीको कथा समेटिएको छ। आफ्नी जेठी छोरीलाई ल्युकेमियाले सताएपछि उनका अभिभावक चिन्तामा पर्छन्। उपचारपछि पनि उनी ठीक हुन नसकेपछि उनीहरूको निराशा तनावमा परिणत हुन्छ। छोरीको ज्यान बचाउन उनीहरूले बोनम्यारो उपलब्ध गराउने दाताको खोजी गर्छन्। भाग्यवश, आफ्नै कान्छी छोरीको बोनम्यारो जेठी छोरीलाई उपयुक्त हुने ठहर भएपछि उनीहरू एकसाथ खुसी र निराश बन्छन्। छोरीको ज्यान जोगिने भयो भन्ने कुराले



खुसी भए पनि अर्की छोरीको बोनम्यारो झिक्नुपर्ने कुराले उनीहरू निराश भएका हुन्छन्। कान्छी छोरीले आफ्नी दिदीको ज्यान त बचाउँछिन्, तर उपचारका क्रममा धेरै समय लागेपछि उनले आफ्नै अभिभावकविरुद्ध मुद्दा दायर गर्छिन्। आफ्नो शरीरको प्रयोग कसरी गर्ने भन्ने कुरामा आफ्नै छोरीले मुद्दा दायर गरेपछि चलचित्रको कथाले नयाँ मोड लिन्छ।



● सानो पर्दा ●

## ५० भागको खुसी

सगरमाथा टेलिभिजनबाट प्रसारण भैरहेको मनोरञ्जनात्मक कार्यक्रम 'मनोरञ्जन एकसाथ' ले प्रसारणको ५० औं श्रृंखला पूरा गरेको उपलक्ष्यमा गत साता राजधानीमा एउटा अनौपचारिका कार्यक्रम गर्‍यो। नेपाली चलचित्र, संगीत तथा मोडलिङ क्षेत्रका गतिविधिहरू समेटिने 'मनोरञ्जन एकसाथ' का प्रस्तोता सरोज केसीको निमन्त्रणमा ५० भागको खुसीयाली साटासाट गर्ने कार्यक्रममा भुवन केसी, झरना थापा, राजेशपायल राई, हेमन्त शर्मा, कुन्ती मोक्तान, शिलाबहादुर मोक्तान आदि नायक, नायिका, गायिका तथा संगीतकार भेला भएका थिए। समारोहमा यी सेलिब्रेटीहरूले 'मनोरञ्जन एकसाथ' कार्यक्रम युनिटका सम्पूर्ण सदस्यलाई मायाको चिनो वितरण गरेका थिए। यो कार्यक्रम प्रत्येक शनिबार साँझ ६:३० बजे प्रसारण हुन्छ।

## सहर पसे माग्नेबूढा

लोकप्रिय टेलिश्रृंखला 'मेरी बास्सै' को कथामा केही परिवर्तन गरिएको छ। श्रृंखलाका निर्देशक तथा माग्नेबूढाको भूमिकाबाट लोकप्रियता हासिल गरेका केदार घिमिरेका अनुसार श्रृंखलामा नयाँ स्वाद पस्किन माग्नेबूढाको परिवारलाई सहर पसाइएको छ। 'माग्नेबूढाहरू सहर पसिसकेका छन्, घिमिरेका अनुसार यसअघि गाउँमा घुमिरहेका माग्नेबूढाको परिवार अब सहरमा आएर आफ्ना वंश र अंश खोज्न थालेको प्रसंग श्रृंखलामा समेटिएको छ। विकसित कथाअनुसार माग्नेबूढाले आफ्ना भाइ फेला पारेका छन्। राज मास्टर उनका भाइ भएको र उनले सहरमा घर बनाएर बसेको थाहा पाएपछि माग्नेबूढाले भाइसँग आफ्नो अंश मागेको कथालाई रोचक ढंगले श्रृंखलाका आगामी एपिसोडमा समेटिनेछ। निर्देशक घिमिरेका अनुसार केही सातापछि श्रृंखलाकै अर्का लोकप्रिय पात्र घुर्मुस र सुन्तली पनि सहर पस्नेछन्।

## नेपाल टेलिभिजन-२ मा खेल

पाथिभरा फिल्म प्रोडक्सन एन्ड आर्ट प्रमोसन प्रा.लि.ले निर्माण गरेको हास्य टेलिश्रृंखला 'खेल' दर्शकमाझ लोकप्रिय भैरहेको श्रृंखलाका निर्देशक समिर मियाँले बताएका छन्। नेपाल टेलिभिजन-२ बाट प्रत्येक आइतबार राति ९:१० बजे प्रसारण हुने यो श्रृंखलाका निर्माता नेत्रप्रसाद न्यौपाने हुन्। श्रृंखलामा शिवशंकर रिजाल, मञ्जु श्रेष्ठ, सिपी पौडेल आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

## दिमाग खराबको निर्माण


नेपाल टेलिभिजनबाट प्रसारण भैरहेका हास्यश्रृंखलाले लोकप्रियता पाइरहेको बेला अर्को एउटा नयाँ हास्यश्रृंखलाको निर्माण अन्तिम चरणमा पुगेको छ। 'दिमाग खराब' शीर्षकको उक्त श्रृंखला अहिले छायांकनको क्रममा छ। वसन्त काफ्ले, मौसम श्रेष्ठ, विनोद सापकोटा, सन्तोष पौडेल, वैकुण्ठ सापकोट, दीपा न्यौपाने आदि कलाकारको मुख्य भूमिका रहने यो श्रृंखलाको निर्देशन सरोज सापकोटाले गरिरहेका छन्।

कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन

नेपाली नारीको अभिन्न संगी

प्रत्येक महिना हरेक घरमा





## जम्का भेट

३० को दशकमा विराटनगरमा साथीहरूसँग मिलेर टाइरोज ब्यान्ड स्थापना गरेका सीताराम पोख्रेल अहिले पनि सांगीतिक क्षेत्रमा सक्रिय छन्। ब्यान्ड दीर्घकालीन समयसम्म जम्न नसके पनि सीताराम भने आफ्नै एकल प्रयासमा गायनक्षेत्रमा निरन्तर लागिरहे। सीतारामले प्रयास, खोजी हेरिनौ, विनाकारण र स्पार्क शीर्षकमा गीतिसंग्रह श्रोतामाझ ल्याइसकेका छन्। कुनै बेला उनले लेखेको तथा हरिष माथेमाले गाएको सुपरहिट गीत आँखाको नानी हौ तिमी... को रिमिक्स आफैं गाएर गीतिसंग्रह स्पार्क सार्वजनिक गरेका छन्। हालै पोखरामा वितरण गरिएको अन्नपूर्ण म्युजिक अवार्डमा रिमिक्स बिधामा 'आँखाको नानी हौ तिमी' गीतबाट पुरस्कृत भएका सीतारामसँग साप्ताहिकको जम्काभेट :

**'आँखाको नानी...' सर्वोत्कृष्ट हुँदा कस्तो अनुभव भैरहेको छ ?**

आफूले रचना गरेको गीत आफैंले गाउँदा श्रोताले मन पराएका छन् जस्तो लागेको छ। धेरै खुशी छु। अझ राम्रो गर्नु पर्छ भन्ने चुनौती थपिएको छ।

**श्रोताले यो गीतको कुन कुरा मन पराए जस्तो लाग्छ ?**

श्रोताले स्वरदेखि लिएर शब्द तथा संगीत पनि उत्तिकै मन पराएका छन्।

**आधुनिक गायनबाट रिमिक्समा प्रवेश गर्नुको कारण के होला ?**

गायन क्षेत्रमा म आफ्नै पहिचान विकास गरिसकेको व्यक्ति हुँ। स्वाभाविक रूपमा अहिले रिमिक्सको ट्रेन्ड चलेकाले रिमिक्समा जाने प्रयास गरेको हो, तर सबै वास्तविकता यही भने होइन। यो गीत मैले आफैंले लेखेकाले र पहिलेको चर्चित गीत भएकाले नयाँ स्वादमा दर्शक-श्रोतामाझ पस्कन रिमिक्स गरिएको हो।

**संगीत तपाईंको सोख हो कि पेसा ?**

अहिले आएर सोखजस्तो देखिएको छ, म पेसाले नेपाल सरकारको कर्मचारी हुँ, तर वास्तवमा किशोरावस्थादेखि म सांगीतिक क्षेत्रमा सक्रिय थिएँ। विराटनगरमा हुँदा हरिश माथेमा र म लगायतका साथीहरू मिलेर टाइरोज ब्यान्ड स्थापना गरेका थियौं। जसले मुलुकका विभिन्न स्थानमा स्टेज पर्फमेन्स गरेको थियो। संगीत मेरो जीवन हो, तर जीवन चलाउन जागिर पेसा बनेको छ।

**आफूलाई कुन श्रेणीको गायक मान्नुहुन्छ ?**

अप्ठ्यारो प्रश्न गर्नुभयो, सांगीतिक क्षेत्रमा लामो समयदेखि निरन्तरता दिइरहेकाले माथिल्लो श्रेणीमै राख्न मिल्ला कि ?

**आगामी योजना के छन् ?**

राहुल प्रधानको एकल संगीतमा चौथो गीति संग्रहको तयारीमा छु। डा.कृष्णहरी बराल, एस्पी कोइराला, प्रतिक ढकाल, तीर्थ श्रेष्ठ आदिका गीतहरु गाइरहेको छु।

# भूलवश पाइन्टको फस्नर खुला भएर लज्जित हुनुपरेको छ ?



## केवल एक प्रश्न

ओहो, यस्तो घटना त घटिरहन्छ। पहिले-पहिले बाटोमा हिंड्दा केटाहरूले जिस्क्याएर 'ला, फस्नर फुस्केको छ' भन्दा लाजले भुतुक्कै भएर दौडँदै नजिकै कसैको ट्वाइलेटमा गएर मिलाउन खोज्दा फुस्केकै हुँदैनथ्यो। दुई-चार पटक त्यस्तो घटना भएपछि कसैले त्यसरी जिस्क्याए भने ऊतिरै फर्केर फस्नर मिलाउन थालें। अहिले पनि साथीभाइहरूसँग जमघटमा बस्दा ट्वाइलेट गएर फर्किएपछि फस्नर लाउनै बिर्सन्छु, अर्को पटक ट्वाइलेट जाँदा पो फस्नर खुलै भएको थाहा हुन्छ। धन्न, भगवान्को कृपाले कार्यक्रममा गीत गाउँदा भने मेरो फस्नर खुला देखिएको छैन।

**रेश्मा सुनुवार (गायिका)**

म यो मामिलामा सजग छु। यो प्रश्नले मेरो एक जना साथीको घटना सम्झिएँ। ऊ पाइन्टको दुईवटा खल्तीमा हात राखेर मस्तसँग असनमा हिंडिरहेको थियो। उसको फस्नर खुलै भएर भित्री पहिरन पनि बाहिर निस्किएको रहेछ। मानिसहरू उसलाई फर्की-फर्की हेरिरहेका थिए। कुनै अपरिचितले उसलाई त्यसका बारेमा बताएपछि ऊ लाजले भुतुक्कै भएछ र कुनामा गएर फस्नर लगाएछ। पछि उसले मलाई यो घटनाका बारेमा बताउँदा हामी धेरै बेर हाँस्यौं।

**कपिलमणि दीक्षित (चित्रकार)**

यस्तो भैरहन्छ। अचेल विशेष गरी 'कलेज' र 'घरभेटी बा' को सुटिङका बेला निर्देशन गर्नुपर्ने मात्र नभै सबै कामको चटारो हुन्छ, अनि त्यही बेला कहिलेकाहीं फस्नर खुलै हुँदो रहेछ। कुनै कलाकार वा प्राविधिकले भनेपछि झसंग झस्केर फस्नर लगाउँछु। एकैछिन हाँसो हुन्छ र सकिन्छ। फेरि अर्को कुनै दिन त्यस्तो भैहाल्छ। बारम्बार त्यस्तो हुन थालेपछि आजभोलि बेला-बेलामा फस्नर खुला छ कि भनेर चेक गरिरहन्छु।

**नवराज आचार्य (कलाकार तथा निर्देशक)**

मैले लज्जित हुनुपरेको छैन। किनभने म फस्नर भएको होइन, टाँक भएको पाइन्ट लगाउँछु, अनि ट्वाइलेट जाँदा पनि पूरै टाँक खोल्दिनँ र लगाउन पनि बिर्सन्नँ।

**शिव मुखिया (गायक, एक्स ब्यान्ड)**

छ नि, सोलिड घटना छ। म भर्खर-भर्खर म्युजिक भिडियो बनाउन थालेको थिएँ। एउटा म्युजिक भिडियोको प्रिमियर थियो। म कटनको पाइन्ट-सर्ट लगाएर पुगेको थिएँ। प्रिमियरपछि सबैलाई मायाको चिनो दिन मञ्चमा बोलाउन थालियो। मेरो पनि पालो आयो। मायाको चिनो लिएर फर्कँदै थिएँ, एक जना गायिका दिदीले बोलाउनुभयो र कानमा सुटुक्क भन्नुभयो- 'के हो, हतारमा बाथरुम गएका थियौ कि क्या हो ? फस्नर त लगाउन बिर्सेछौ।' त्यसपछि म लाजले भुतुक्कै भएँ र दौडँदै कुनामा गएर फस्नर लगाएँ।

**प्रसन्न पौडेल (म्युजिक भिडियो निर्देशक)**

# म्युजिक अपडेट

## नयाँ चलचित्र संगीतकार
रक स्टारका रूपमा परिचित गायक विनोद खुम्बु चलचित्र संगीतकारका रूपमा उदाएका छन्। भर्खरै रेकर्डिङ सम्पन्न भएको चलचित्र 'बसमा छैन मेरो मन' मार्फत् उनी संगीतकार बनेका हुन्। रामराजा दाहालले निर्देशन गर्ने यो चलचित्रका लागि राजेशपायल राई, अञ्जु पन्त, आस्था राउत, प्रविशा अधिकारी तथा संगीतकार खुम्बुको स्वरमा गीत रेकर्ड गरिएको छ।

## सन्ध्याको संग्रह
गायिका सन्ध्या सुनुवारले गाएका गीतहरूको पहिलो संग्रह 'नभेटी नहुने' सार्वजनिक भएको छ। पप गीतहरूको उक्त संग्रहमा बिजु बज्रद्वारा संगीतबद्ध गीतहरू समावेश गरिएका छन्।

## फर्किए टीका भण्डारी
संगीतकार टीका भण्डारी पुनः नेपाली सांगीतिक क्षेत्रमा फर्किएका छन्। करिब तीन वर्षअघि एक सांगीतिक कार्यक्रममा सहभागी हुन अमेरिका गएका संगीतकार भण्डारी त्यसपछि अमेरिकामै थिए। 'अब नेपालमै रहेर सांगीतिक क्षेत्रमा सक्रिय हुनेछु, एक सांगीतिक समारोहमा भेटिएका संगीतकार भण्डारीले बताए।

## आउँदैछन् दीप श्रेष्ठ
गायक दीप श्रेष्ठका प्रशंसकहरूलाई खुसीको खबर! सुगम संगीतका यी लोकप्रिय गायक आफ्नो नयाँ एकल गीतिसंग्रहमार्फत चाँडै नै श्रोतामाझ आउँदैछन्। गीतकार योगेन्द्रमणि दाहालका शब्दहरूमा गायक श्रेष्ठ अहिले म्युजिसियन स्टुडियोमा स्वर भर्न व्यस्त छन्। यही महिना सार्वजनिक गरिने उक्त संग्रहका सबै गीतमा राजु सिंहले संगीत दिएका छन्। महाराज थापाले ती गीतको संगीत संयोजन सम्हालेका छन्।

## 'च्यालेञ्ज' का गीत
युवा चलचित्र निर्देशक श्याम भट्टराईको नयाँ चलचित्र 'च्यालेञ्ज' का गीतको रेकर्डिङ सम्पन्न भएको छ। पुतलीसडकस्थित ओपस स्टुडियोमा गीत रेकर्डिङ सम्पन्न भएपछि भट्टराईले केही सञ्चारकर्मीलाई ती गीत सुनाएका थिए। चलचित्रमा गायक नवीन के भट्टराईद्वारा संगीतबद्ध पाँचवटा गीत समावेश गरिनेछन्। चलचित्रमा नवीन के भट्टराई, राजेशपायल राई, अञ्जु पन्त, इन्दिरा जोशी, प्रीति कौर, विशाल पौडेल आदि गायक-गायिकाले स्वर प्रदान गरेका छन्। चलचित्रका सबै गीत विजय सिवाकोटीले रचना गरेका हुन्।

## विवाह गीत
गायक प्रकाश पौडेलले सांगीतिक क्षेत्रमा पुनः अर्को प्रयोग गरेका छन्। गायक सुमित खड्कासँग मिलेर उनले एउटा विवाह गीत गाएका छन्। विवाहका अवसरमा बजाइने ब्यान्ड बाजाको समेत प्रयोग गरिएको यो गीतका शब्दहरूमा विवाहको वर्णन गरिएको छ। 'गीतको म्युजिक भिडियो पनि तयार भैसकेको छ, म्युजिक भिडियोसमेत निर्देशन गरेका गायक पौडेल भन्छन् – 'अब वैवाहिक समारोहमा यो गीतले राम्रो स्थान पाउनेछ।'

## मञ्जुको एल्बम
हास्यशृंखला तीतो सत्यकी कलाकार बिजुली अर्थात् मञ्जु श्रेष्ठ सांगीतिक क्षेत्रमा आउँदैछिन्। आधुनिक एल्बमको तयारीमा रहेकी श्रेष्ठका चारवटा गीतको रेकर्डिङ सम्पन्न भैसकेको छ। 'संगीत अहिले मेरो सौख हो भने अभिनय पेसा,'– मञ्जुले भनिन्। जीवनसाथी रमेशभक्त श्रेष्ठको प्रेरणाले आफ्नो सौखलाई श्रोतामाझ ल्याउन लागेकी मञ्जुको स्वरमा आमोस गुरुङ र सुमन केसीले संयुक्त रूपमा संगीत दिनेछन्।

## सीतारामको नयाँ काम
केही समयअघि पोखरामा वितरण गरिएको अन्नपूर्ण म्युजिक एवार्डमा रिमिक्स विधातर्फको सर्वोत्कृष्ट गायकको एवार्ड विजेता गायक सीताराम पोखरेल आफ्नो चौथो एकल गीतिसंग्रहको तयारीमा जुटेका छन्। यसपटक उनले संगीतकार राहुल प्रधानको एकल संगीतमा गीतहरू रेकर्ड गराउन थालेका छन्। आगामी भदौमा बजारमा आउने उक्त संग्रहका लागि डा. कृष्णहरि बराल, एस्पी कोइराला, प्रतीक ढकाल, तीर्थ श्रेष्ठ आदिले गीत रचना गरेका छन्।

## विद्यालयस्तरीय सांस्कृतिक प्रतियोगिता
संखुवासभाको जिल्लास्तरीय अन्तरमाध्यमिक विद्यालय सांस्कृतिक प्रतियोगिता खाँदबारीको हिमालय माध्यमिक विद्यालयमा सम्पन्न भएको छ। जिल्ला शिक्षा कार्यालयको आयोजन तथा हिमालय मा.वि.को व्यवस्थापनमा सम्पन्न उक्त सांस्कृतिक प्रतियोगितामा जिल्लाका १४ वटा मा.वि.तथा उच्च मा.वि.को सहभागिता थियो। प्रतियोगितामा नृत्य,गायन र वाद्यवादन गरी तीन विधामा मूल्यांकन गरिएको थियो। प्रतियोगिताको नृत्यतर्फ सनसाइन बोर्डिङ स्कुल प्रथम, मनकामना उच्च मा.वि तुम्लिङटार द्वितीय, हि.मा.वि. तृतिय भए भन गायनतर्फ शिव मा.वि. स्याबुन प्रथम, सूर्य बोर्डिङ स्कुल द्वितीय र जनता उच्च मा.वि तृतीय भए। वाद्यवादनतर्फ बागेश्वरी उच्च मा.वि प्रथम, मनकामना उच्च मा.वि द्वितिय र त्रिवेणी उच्च मा.वि. बाह्रबीसेले तृतीय स्थान हात पारे।

## चिनोको विमोचन
रामभक्त जोजिजू र इतु जोजिजू सुगम संगीतका दुई परिचित स्वर हुन्। यो दम्पती जोडीले दर्जनौं गीतमा स्वर प्रदान गरिसकेका छन्। गत बुधबार राजधानीमा आयोजित एक सांगीतिक समारोहमा यो जोडी पुनः एकसाथ प्रस्तुत भयो। अवसर थियो, उनीहरूले नै गाएका गीतहरूको नयाँ संग्रह 'चिनो' को विमोचन। शान्तना रेकर्डसले आयोजना गरेको कार्यक्रममा गीतकार चेतन कार्कीले उक्त संग्रह विमोचन गरेका थिए। किरण कँडेलद्वारा संगीतबद्ध उक्त संग्रहको विमोचन समारोहमा रामभक्त र इतुले विमोचित संग्रहका आधा दर्जन गीत गाएका थिए। समारोहमा विमोचित संग्रहका तीनवटा गीतको म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो।

## गजल नाइटको रमाइलो
गत शनिबार साँझ डिल्लीबजारस्थित एक पार्टी प्यालेसमा आयोजित गजल नाइटमा प्रत्यक्ष वाद्ययन्त्रसहित रमाइलो गीत-गजल प्रस्तुत गरिन्छ। कार्यक्रममा गजलकार रमेश पोखरेल तथा उनको समूहले प्रस्तुत गरेको गजलले उपस्थित दर्शकलाई लठ्याएको थियो। मिट ट राइटरले आयोजना गरेको गजल नाइटमा युवापुस्ताका दुई चर्चित गायक डिजराज पौडेल तथा कविराज निरौलाले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए।

## सांगीतिक गेटटुगेदर
गायक रामकुमार लामाले संगीतबद्ध गरेका गीतहरूको संग्रह 'फुल्छ फूल डाली रहन्जेल' को विमोचन गत शनिबार सम्पन्न भएको छ। सांगीतिक गेटटुगेदर शीर्षकको उक्त कार्यक्रममा संगीतकार सुरेश अधिकारीले उक्त संग्रह विमोचन गरेका थिए। सँगै क्रियसनको यो संग्रहका गीतहरू विमलराज क्षेत्री, विष्णु माझी, खुमन अधिकारी, देवी घर्तीमगर आदिले गाएका छन्। कार्यक्रममा उनीहरूले विमोचित संग्रहका गीत प्रस्तुत गरेका थिए।

## अस्ट्रेलियामा रामकृष्ण
गायक रामकृष्ण ढकालले अस्ट्रेलियामा आयोजित प्रोपर्टी एक्स्पोमा आयोजित कार्यक्रममा आफ्नो लोकप्रिय गीत प्रस्तुत गरेका छन्। गत शनिबार सम्पन्न कार्यक्रममा गायक ढकालले आफ्ना एक दर्जनभन्दा बढी गीत प्रस्तुत गरेका थिए।

## शास्त्रीय संगीतको प्रशिक्षण
वरिष्ठ तबलावादक होमनाथ उपाध्यायले नयाँ-नयाँ विद्यार्थीहरूलाई तबलावादनको प्रशिक्षण दिने भएका छन्। गत शुक्रबार कुपन्डोलमा षडज कलाकेन्द्रको उद्घाटन समारोहमा तबलावादक उपाध्यायले प्रशिक्षण लिएका विद्यार्थी मात्र राम्रो तबलावादकका रूपमा अगाडि आउन सक्ने धारणा व्यक्त गरे। राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा उद्घाटित कलाकेन्द्रमा शास्त्रीय गायनका अतिरिक्त, गिटार, ड्रमसेट, बाँसुरीवादनका साथै अभिनय, नृत्य र उद्घोषणको पनि प्रशिक्षण दिइनेछ।

## गायकको सम्मान
सांस्कृतिक संस्थानले गत शुक्रबार आफ्नो ३७ औं वार्षिकोत्सव मनाउन आयोजना गरेको कार्यक्रममा गायक खुसीराम पाखिनलाई १५ हजार रुपैयाँसहित सम्मान गरिएको छ। एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले गायक पाखिनलाई सम्मान गरेका हुन्। प्रचण्डद्वारा ढोलक बजाएर प्रारम्भ गरिएको उक्त कार्यक्रममा स्वयम्भूराज शाक्य, भूपाल राई, लोचन भट्टराई, धरमदास बुढाथोकी, सुदेश शर्मा आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए। पूर्वेली साकेला, पश्चिमेली हुक्केली, सेलो, सामा चकेवा, झ्याउरेजस्ता नृत्यले कार्यक्रमको आकर्षण बढाएका थिए।


## संगीत दिवसमा कन्सर्ट
गत आइतबार सम्पन्न अन्तर्राष्ट्रिय संगीत दिवसका अवसरमा फ्रान्सेली केन्द्रले साप्ताहिक रूपमा विविध सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ। केन्द्रले गत शनिबार नै बालबालिकाबाट सांगीतिक कार्यक्रम प्रारम्भ गरेको छ। गत आइतबार रक गायिका आस्था तामाङ मास्केको कन्सर्ट प्रस्तुत गरिएको थियो। कार्यक्रममा हिपहप र ज्याज हुँदै फ्रान्सको चर्चित रक गायनसमूह क्वाकको प्रस्तुतिसँगै भोलि शनिबार साप्ताहिक कार्यक्रमको बिट मार्ने योजना केन्द्रको छ। संगीत दिवसकै अवसरमा नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रार कार्यालयले यसपटक संगीतकर्मीलाई आमन्त्रण गरी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा गीतकार यादव खरेलले नेपालको वर्तमान संगीतका समस्या तथा चुनौती विषयक अवधारणा-पत्र प्रस्तुत गरेका थिए।

## अर्बिटको कन्सर्ट
विश्व संगीत दिवसका अवसरमा गत आइतबार अर्बिट इन्टरनेसनल एजुकेसनले राजधानीमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ। राष्ट्रिय सभागृहमा आयोजित सांगीतिक कार्यक्रममा सांगीतिक समूह स्ट्रिङ्ग्सले लोकप्रिय पपगीतहरू प्रस्तुत गर्‍यो। कार्यक्रममा सात वर्षीय गायिका उष्णा केसी तथा अढाई वर्षीया अतिथि केसीले पनि गीत गाएकी थिइन्। उक्त अवसरमा नेपालका केही चर्चित सांगीतिक समूहहरूको समेत सहभागिता थियो।

## सञ्जीवनीको सांगीतिक कार्यक्रम
सञ्जीवनी कला केन्द्रको आयोजनामा गत शनिबार राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा शिव परियार, रामचन्द्र काफ्ले, इन्दिरा जोशी, मनोजकुमार महतो, मदन गोपाल आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेर उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।

## शिक्षक-विद्यार्थीको गीतिएल्बम
विद्यालयमा योगदान पुऱ्याउने शिक्षकले के पुरस्कार पाउलान् अनि उत्कृष्ट विद्यार्थीले ? पक्का पनि शिक्षकले सम्मान-पत्र र विद्यार्थीले केही पुरस्कार, तर सदरमुकामस्थित एउटा विद्यालयले क्यासेट एल्बम निकालेर शिक्षक र विद्यार्थीलाई सम्मान गरेको छ। प्रज्ञासदन बोर्डिङ स्कुलका एक विद्यार्थी र शिक्षकले विद्यालयको उपहारसँगै गीतिएल्बम निकालेर सांगीतिक पाइला बढाउने अवसर पाएका हुन्। विगत आठ वर्षदेखि अध्यापन कार्यमा व्यस्त तुल्सी क्षेत्री र कक्षा ९ की विद्यार्थी रनुका थेवेले गीतिएल्बम निकालेका हुन्। थेवे नेपाल टेलिभिजनबाट प्रसारित 'ब्राइटर तिम्रो सुर मेरो गीत' शीर्षकको टेलिभिजन कार्यक्रममा दोस्रो भएकी थिइन्। एल्बममा राष्ट्रिय, लोक तथा आधुनिक शैलीका आठवटा गीत समाविष्ट छन् भने गीतका शब्द र संगीत पनि स्थानीय कलाकारहरूकै छ।

## ● अफबिट ●




गायक र नायिका: गायक राजेशपायल राईको नयाँ एल्बम 'दर्शन नमस्ते'को 'किन छाड्यौ...' गीतको म्युजिक भिडियोमा अभिनय गर्दै गायक राई तथा नायिका सृजना बस्नेत।

## साप्ताहिक लाइभ

• भोलि शनिबार राजधानीको कमलादीस्थित प्रज्ञाभवनमा स-साना बालकहरूको प्रतिभा प्रदर्शन गर्ने प्रतियोगिता 'मास्टर स्टार २००९' हुँदैछ। नेप्लिज फेसन होमले आयोजना गर्न लागेको यो पाँचौं प्रतियोगिताको कोरियोग्राफी रोहिया महर्जन र विवेक श्रेष्ठले गरिरहेका छन्। कार्यक्रममा ९ देखि १३ वर्ष उमेर समूहका २० जना बालकको सहभागिता रहनेछ। भोलि दिउँसो २ बजे प्रारम्भ हुने यो प्रतियोतिगामा नृत्य तथा सांगीतिक कार्यक्रम पनि समावेश गरिएको आयोजकहरूले बताएका छन्।

## ● साताको स्वर ●



### मदन गोपाल

**मुटु नै किन... कम समयमै लोकप्रिय भएको हो ?**

मेरो पहिलो संग्रह 'आकृति' मा समावेश भएको यो गीत बजारमा आएको एक महिना नबित्दै श्रोताहरूमाझ परिचित भयो।

**गीतको कुन पक्षले यसलाई लोकप्रिय बनाएको हो ?**

जम्मा पाँच मिनेट लगाएर तयार पारिएको यो गीतको सांगीतिक पक्ष कर्णप्रिय छ। शब्द र स्वरले पनि यसलाई सुन्न लायक बनाएको छ।

**गीतमा कस्तो भावना समेट्नुभएको छ ?**

एकतर्फी प्रेमका कुराहरू समेटिएकाले यो गीतले भावनात्मक श्रोताहरूको मन छोएको छ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

अहिलेका श्रोता सुन्नेभन्दा हेर्ने गीतलाई महत्त्व दिने भएकाले भिडियोमा पनि गायकी जत्तिकै मेहनत गरेको छु।

**भिडियोबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**


वियोगान्त कथा समेटिएकाले भिडियोबाट पनि सकारात्मक प्रतिक्रिया पाइरहेको छु।

## ● ब्यान्ड ●

# पशुपतिनगरका ब्यान्ड

पूर्वी इलामको सीमावर्ती गाउँमा सांगीतिक ब्यान्ड स्थापना गरेर कन्सर्ट गर्ने प्रतिस्पर्धा चल्न थालेको छ। दार्जीलिङमा अध्ययन सिध्याएर गाउँ आएका एकाध युवाले स्थानीय युवाहरूसँग मिलेर ब्यान्ड स्थापना गर्ने र कन्सर्टको आयोजना गरेर गाउँलेहरूलाई संगीतको स्वाद बाँड्न थालेका छन्। इलामको पशुपतिनगरमा डेढ वर्षको अवधिमा स्थापना भएका आधा दर्जन ब्यान्डले विभिन्न अवसरमा स्तरीय कन्सर्ट गरेर तन्नेरी पुस्तालाई संगीतप्रति हौस्याएका छन्। पशुपतिनगरमा स्थापना भएका 'देड', 'ओएसिस', 'त्रियात्रा', 'प्याराडाइसिस', 'प्रकृति' तथा 'युथ' ब्यान्डले छ्याङ्छैं समयमा कन्सर्ट गरेर र्‍याप तथा पप गीत गाएर गाउँ गुन्जाइरहेका छन्।


सबै ब्यान्डले स्थानीय स्तरमा चन्दा संकलन तथा व्यक्तिगत लगानीमा डेढ लाखभन्दा बढीको संगीत सामग्री जुटाएका छन्। आधा दर्जन ब्यान्डमा ५० जना युवा सहभागी छन्। सबैले दार्जीलिङ, मिरिकमा गएर प्रशिक्षण लिएका छन भने कतिपयले गाउँमै प्रशिक्षक झिकाएका छन्। त्रियात्रा ब्यान्डका अजित लामाका अनुसार उनको ब्यान्डका सबै सदस्यले दार्जीलिङका संगीतकारहरूबाट प्रशिक्षण लिएका छन्। सुगम संगीतका लागि वरिष्ठ गायक कुबेर राईले गाउँमै युवालाई जम्मा पारेर प्रशिक्षण दिन्छन्। गायक राईका अनुसार तालिम लिएका सबै युवा संगीतको सबै विधामा पोख्त हुँदै जान थालेका छन्।




## भ्रमणका लागि निर्वस्त्र

बेलायतको अक्स्फोर्ड विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरू जेहेन्दार मात्र हुँदैनन्, धनीका सन्तान पनि हुन्छन् भन्ने मान्यता छ। यो विश्वविद्यालयमा पढ्न पाउनु आफैंमा गौरवको विषय पनि हो। यद्यपि यो विश्वविद्यालयमा पढ्ने सबै आर्थिक रूपमा सम्पन्न हुन्छन् भन्ने छैन। स्नातक सकिएपछि विश्वविद्यालयका विद्यार्थीले अन्य देशमा गएर स्वयंसेवकका रूपमा काम गर्नुपर्ने हुन्छ। यसका लागि विद्यार्थीहरूसँग पैसा पनि थिएन, तर छात्राहरूले स्वयंसेवी काममा जान विभिन्न ठाउँमा गएर चन्दा माग्नुभन्दा क्यालेन्डर प्रकाशित गरेर पैसा संकलन गर्ने निर्णय गरे। उनीहरूको यो अभियानलाई विश्वविद्यालय प्रशासनले पनि समर्थन गर्‍यो र उनीहरूले आफ्नो विश्वविद्यालयमा गरेका क्रियाकलापका निर्वस्त्र श्यामस्वेत तस्बिर खिचाए। उनीहरूले १२ महिनामा विश्वविद्यालयका विभिन्न गतिविधि झल्कने तस्बिरहरू खिचाएका छन्। पहिलो पटक कलेज हातामा आफ्ना साथीहरूबीच निर्वस्त्र हुँदा अप्ठ्यारो भए पनि अभियान राम्रो भएका कारण रमाइलो भएको प्रतिक्रिया छात्राहरूले दिएका छन्।


## यौनकर्मीलाई मार्शल आर्ट



वेश्यावृत्ति विश्वकै पुरानो पेसा भए पनि यो अझै सुरक्षित हुन सकेको छैन। भारत वेश्यावृत्तिका दृष्टिले विश्वमै सर्वाधिक ठूलो बजार हो तर यहाँका यौनकर्मीले उचित आम्दानी त पाउन सकेका छैनन् नै, अझ ग्राहक तथा व्यवसाय सञ्चालकहरूबाट शारीरिक यातनासमेत पाउने गरेका छन्। अहिले भारतमा ३० लाख यौनकर्मी रहेको अनुमान गरिन्छ। यौनकर्मीहरूले लगातार पाइरहेको यातना र आर्थिक शोषणविरुद्ध हक-अधिकार दिलाउन स्थानीय एक संस्थाले उनीहरूलाई मार्शल आर्टको प्रशिक्षण गराउने भएको छ। भारतको तमिलनाडुमा पहिलो चरणमा सञ्चालन गरिएको यो अभियानअन्तर्गत ७५ जना यौनकर्मीले चेन्नाईमा मार्सल आर्टको प्रशिक्षण लिन थालेका छन्। ९० हजार यौनकर्मी रहेको यो राज्यमा बिस्तारै इच्छुक यौनकर्मीहरूलाई प्रशिक्षण दिँदै जाने सोंच उक्त संस्थाको छ।




## कारभित्रै




मानिसको स्वभावअनुसार यौन आचरण पनि फरक-फरक हुन्छ। कसैलाई सुत्ने ओछ्यानमा यौनसम्पर्क राख्न मन लाग्छ भने कसैलाई बैठककोठामा त कसैलाई बाथरुममा। पछिल्लो समयमा यौनसम्पर्कको स्थान आफ्नो कारलाई बनाउने बेलायतीहरू बढ्दै गएका छन्। बेलायतको दक्षिण-पश्चिम भेगका आधाभन्दा बढी जोडीले आफ्नो कारमा यौनसम्पर्क राखेको बताए भने दक्षिण-पूर्वी क्षेत्रका ४४ प्रतिशत र स्कटल्यान्डका ४३ प्रतिशत जोडीले कारमा सम्पर्क राख्ने गरेको बताए। यही जोसमा कतिपय जोडीले होससमेत गुमाउने गरेका छन्। कारमा सम्पर्क राख्ने एकतिहाइ जोडीले मोटरमा कुनै न कुनै किसिमको क्षति पुर्‍याउने गरेका छन् भने कतिपयले मोटर दुर्घटनासमेत गर्ने गरेका छन्। यद्यपि अधिकांश जोडीले भने कारलाई पार्किङ गरेर सम्बन्ध राख्ने गरेका छन्। मोटरमा विभिन्न किसिमको क्षति भएर बिमा रकमको दावा गरेपछि सोधखोजका क्रममा यस्तो किसिमको तथ्य फेला परेको हो। भनिन्छ, पछिल्लो वर्ष १ करोड १० हजार व्यक्तिले आफ्नो कारमा सम्पर्क राखेका थिए।

### अन्त्यमा...




क्यानाडामा विगत केही वर्षदेखि कुनै नयाँ विषयमा अनुसन्धान गर्न कसले धेरै चन्दा दिने भन्ने होड चल्न थालेको छ। यसका लागि क्यानाडाको युनिभर्सिटी अफ ब्रिटिस कोलम्बियालाई मुख्य आधार बनाइएको छ। गत मे महिनामा ग्रामिण क्षेत्रका शिक्षकहरूको व्यावसायिक दक्षता वृद्धि गर्न एक दाताले २५ लाख डलर दिए भने अर्का धनाढ्य एलिसनले अन्तर्राष्ट्रिय क्षेत्रमा सञ्चारको विकास गर्न १० लाख डलर दिए। यसरी विभिन्न बहानामा यो युनिभर्सिटीलाई चन्दा आइरहेको छ। यसै क्रममा क्यानाडाकी चर्चित लेखिका जानी रुलको नाममा १७ लाख डलर चन्दा आएको छ। आफूलाई समलिङ्गी दाबा गर्ने यी लेखिकाको नाममा उक्त युनिभर्सिटिले मानिसको यौनआचरण र सम्बन्धका विषयमा अनुसन्धान गर्न उक्त रकम पाएको हो। क्यानाडाको दान इतिहासमा यौनको विषयमा अनुसन्धान गर्न दिइएको यो सर्वाधिक रकम हो।

# सचित्र




तस्बिर : वीरेन्द्र पौडेल


नेपालका चर्चित चार जना चित्रकारका चित्रको प्रदर्शनी मुम्बईमा गत साता सम्पन्न भएको छ। प्रदर्शनीको पाँचौं दिन नायिका मनीषा कोइराला चित्रहरूको अवलोकन गर्न उक्त ग्यालरीमा पुगेकी थिइन्।




**उत्तम कलेक्सन :** धरानका फेसन डिजाइनर उत्तम बनेपालीले यसै साता मिस नेपाल रुबी राणाको हातबाट आफ्नो काठमाडौं सोरुमको उद्घाटन गराए।



**सुदूर पश्चिमको सौन्दर्य :** आफ्नो परम्परागत वेशभूषामा रानाथारू युवती।





कार्यक्रम प्रस्तुत गर्न हङकङ आएका बखत तास खेलेर समय काट्दै लोकदोहरी गायक राजु परियार तथा नायक दिलीप रायमाझी। तस्बिर : निर्मल श्रेष्ठ



**नायिकाको नमस्कार :** नायिका निस्ता सिंह र्‍याम्पमा क्याटवाक गर्दै।

# मालामाल कलाकार





एक दशकपछि निर्मात्रीका रूपमा चलचित्र उद्योगमा पुनः सक्रिय अभिनेत्री मौसमी मल्ल अहिले नयाँ चलचित्र बनाउने धुनमा छिन्। 'गिरफ्तार'ले राम्रो व्यापार गरेपछि उनमा यो उत्साह बढेको हो। मौसमीको अनुभवले भन्छ, राम्रा चलचित्र बनाउनेलाई दर्शकले सधैं स्वागत गर्छन्।

मौसमी मात्र होइन, कलाकर्ममै संलग्न धेरैजसो पछिल्लो समयमा आएर सफल निर्माता कहलिएका छन्। कलाकार स्वयंले बनाएका चलचित्रले राम्रो व्यापार गरेकाले उनीहरूलाई निर्माणमा सक्रिय हुन प्रेरणा मिलेको धारणा राख्छन् अन्य निर्माता। गिरफ्तारबाट राम्रो कमाइ भएको बताउने मौसमी अब बन्ने चलचित्रले पनि दर्शकको ध्यान आकृष्ट गर्ने दाबी गर्छिन्। 'एउटाबाट दर्शकको भावना बुझ्ने अवसर मिल्यो, फेरि पनि दर्शकको भावनाअनुकूल चलचित्र बनाउँछु,' उनले भनिन्।

अहिलेकी हट स्टार रेखा थापा पनि कम खुसी छैनन्। डेढ वर्षको बीचमा प्रदर्शनमा आएका उनका दुई चलचित्र किस्मत र हिम्मतले राम्रो व्यापार गरे। आफ्ना दर्शकलाई नयाँ कोसेली दिन लागेको बताउँदै रेखाले भनिन्– 'अहिले बन्न लागेको चलचित्र हिम्मत र किस्मतभन्दा राम्रो हुनेछ।'


'कसले चोर्‍यो मेरो मन' को सुटिङमा जुटिसकेकी रेखालाई लाग्छ, राम्रो चलचित्र बनाउनेले चलेन भनेर पछुताउनु पर्दैन। उनले यो पनि दाबी गरिन्– अब बन्ने चलचित्र अघिल्लाभन्दा राम्रा हुनेछन्। दुई वर्षमा एउटाको दरले चलचित्र निर्माण गर्दै आएकी रेखा अब वर्षमा कम्तीमा एउटा चलचित्र बनाउने धुनमा छिन्। रेखा भन्छिन्– 'राम्रो बनाउछु र मज्जैले चलाउँछु।'

रेखाको मात्र के कुरा, 'तकदिर' राम्रो चलेपछि अर्की नायिका झरना थापालाई पनि निर्माणमै सक्रिय हुन मन लागेको छ। श्रीमान् सुनिलकुमार थापाको सहयोगमा चलचित्र बनाउँदै आएकी झरनाले आफूहरू विषयको खोजीमा जुटिसकेको बताइन्। झरना भन्छिन्– 'राम्रा चलचित्रप्रति दर्शकको आकर्षण बढ्दै गएको छ।'

'सिलसिला'बाट राम्रै कमाइ गरे नायक राज तिमल्सेनाले। हलहरूमा ५१ दिने कार्यक्रम मनाउन गएको बेला दर्शकहरूसँग उनको प्रश्न हुन्थ्यो– अब कस्तो चलचित्र बनाऊ ?' प्रेमकथामा आधारित चलचित्र बनाएका राजले अर्को चलचित्रको परिवेश पनि प्रेमकथा नै हुने बताए। 'दर्शकले

प्रेमकथामा
पाएँ, अर्को
प्रेम नै हुने

कला
कति कमाय
पछिल्लो स
चलचित्रले
गरेका छन्
केसीको 'म
ले ७० लाख
'हो, मेरो च
बढी कमाए
चलचित्र ब
भुवन
फैसलाबा
अभिनयमा
आफ्नो पनि
निर्माणलाई
फैसला राम्रो
पटक 'फ
शिवले आउँ
दिनमा रा
चलचित्रला
निरन्तरता
बताए।



# गर्मीमा स्वीमिङको मजा


● भीषण राई


यतिबेला गर्मीले सबैलाई हैरान बनाएको छ। गर्मीले काम गर्न पनि मन नलाग्ने गरी अल्छीपन बढेको छ। घरबाट होस् वा बाहिर गएको समयमा गर्मी बढेकाले शरीरमा लगाएको कपडा पसिनाले लपक्कै भिज्ने गरेको छ। गर्मीमा चिसो पेय पदार्थले पनि खासै काम गर्दैन जति स्वीमिङ पुलको चिसो पानीमा डुब्दा मज्जा आउँछ। अहिले गर्मीले तराईतिरका पोखरी, पहाडका खोला-झरना र सहरका स्वीमिङ पुल सबै भरिभराउ हुने गरेका छन्। गर्मी बढेकाले यतिखेर जो-कोही चिसो पानीमा डुबुल्की मार्न तयार देखिन्छन् भने पौडी खेल्न नआउनेहरूका लागि पनि चिसो पानीमा डुब्नु पौडी सिक्ने अवसर बन्ने गरेको छ। अहिले गर्मीले युवायुवतीहरूलाई यस्ता पौडीस्थलहरूमा भेट्न सकिन्छ। हपहपी गर्मी बढेपछि भने चिसो पानीमा नडुबी सुखै छैन। भुपाल राई बास्केटबलका खेलाडी हुन्। स्वीमिङ पुलमा भेटिएका भुपालले पानीबाट पौड्दै बाहिर निस्कँदै भने- 'गर्मीमा यसले शीतलता र आनन्द दिन्छ।' स्वीमिङले गर्मीमा आनन्दको अनुभूतिसँगै शरीरलाई चुस्त र दुरुस्त बनाउँछ। गर्मीको पारो चढेपछि भने स्वीमिङ पुल नै एकमात्र विकल्प बनेको छ। स्वीमिङ पुलमा कोही नियमित आउने गरेका छन् भने कोही कहिलेकाहीं आउँछन्।

कोही रमाइलो गर्न, कोही शरीर मेन्टेन गर्न, कोही पौडी सिक्न र विशेषगरी उखरमाउलो तातो घामको पीडाबाट मुक्त रहन पनि उनीहरू यतातिर आउने गरेको उनीहरूको कथन छ। स्वीमिङ कस्टम लगाएर पौडी खेल्न तयार एक युवतीले भनिन्- 'म त अलिकति पनि गर्मी खप्न सक्दिनँ।' त्यसपछि उनले पानीमा जम्प लगाइन्। जेठ महिनाको यस्तो टन्टलापुर घाममा एकचोटि जो-कोहीलाई पनि चिसो पानीमा डुबुल्की मार्न मन लाग्छ।

यो बेला चिसो पानी देख्नेबित्तिकै मन थाम्न गाह्रो हुन्छ। यस्तो गर्मीका बेला भने पुल सयौं युवायुवती र अन्य व्यक्तिहरूले भरिने स्वीमिङ पुलका सञ्चालकहरू बताउँछन्। अहिले धरानका स्वीमिङ पुल, धनकुटाको तमर साथै धरान नजिकैको सप्तकोशी नदीमा गर्मी छल्न पुग्नेहरू प्रशस्तै छन्। स्वीमिङ पुलको शुल्क मूल्य चर्को भएकाले पनि उनीहरू तमर र सप्तकोसीमा प्राकृतिक स्वीमिङ गर्न जाने गरेका हुन्। बालुवामा लडिबुडी गर्दै कोशीको किनारमा बसिरहेका धरानका हेमन्त लिम्बूले भने- 'यहाँ आउँदा दिनभर मज्जा गर्न पाइन्छ तर स्वीमिङ पुलमा भने थोरैले चित्तै बुझ्दैन।' स्वास्थ्यका लागि पनि स्वीमिङ निकै आवश्यक मानिन्छ। यसले भोक बढाउने र रोग भगाउने काम गर्छ साथै पौडी खेल्ने युवायुवतीहरूको शरीर पनि आकर्षक देखिन्छ। स्वीमिङ गर्न बिहान-बेलुकीको समय राम्रो हुने पौडीबाजहरूको अनुभव छ। यस्तो गर्मीको बेला चिसो पानीमा चुर्लुम्म डुब्दा मुखबाट आहा नभन्ने कमै भेटिन्छन्। वैशाख महिनादेखि सुरु भएको गर्मीले अहिले सबैलाई स्वीमिङ पुलमा जान बाध्य बनाएको छ। उनीहरू स्वीमिङ पुलमा पुगेपछि भने समय वितेको पत्तै पाउँदैनन्। चिसो पानीमा पौडँदा उनीहरू सबैथोक बिर्सन्छन्। यतिखेर पानी जति चिसो भयो स्वीमिङ पुलमा आएका आगन्तुकहरूलाई उति नै मज्जा हुन्छ। शरीरलाई माछा जस्तै बनाएर चिसो पानीमा पौडिरहेका धरान-४ का विजय श्रेष्ठ भन्छन्- 'यो पानी अझै हिउँजस्तै चिसो भै दिए।'

> 'गर्मी बढेकाले यतिखेर जो-कोही चिसो पानीमा डुबुल्की मार्न तयार देखिन्छन् भने पौडी खेल्न नआउनेहरूका लागि पनि चिसो पानीमा डुब्नु पौडी सिक्ने अवसर बन्ने गरेको छ। अहिले गर्मीले युवायुवतीहरूलाई यस्ता पौडीस्थलहरूमा भेट्न सकिन्छ। हपहपी गर्मी बढेपछि भने चिसो पानीमा नडुबी सुखै छैन।'





# मस्त स्वीमिङमा

पानीमा नखेली सुख्खै छैन। गर्मी छल्न मात्र होइन, शरीर मेन्टेन गर्न पनि युवायुवती तथा वयस्कहरू स्वीमिङ पुल पुग्छन्। शरीर मोटो हुनेहरू दुब्लो हुन र पातलो शरीर हुनेहरू मोटो हुन पनि स्वीमिङमा हेलिएका देखिन्छन् भने कोही मनोरञ्जनका लागि पनि स्वीमिङमा रमाउँछन्।

युवतीहरू आफ्नो शरीरलाई स्लिम तुल्याउन स्वीमिङ गर्ने गर्छन्। स्वीमिङले भोक जगाउने र शरीरलाई तन्दुरुस्त राख्न मद्दत गर्ने पारखीहरूको अनुभव छ।

**शिव शर्मा**

पोखरा- 'वाफ रे! कस्तो गर्मी हो,' स्वीमिङ पुलमा डुबुल्की मार्दै बुद्धचोककी आशा गुरुङले भनिन्- 'गर्मीकै कारण दिनभर पानीमा खेलिरहूँजस्तो हुन्छ।' चढ्दो गर्मीसँगै उनी हिजोआज दिनहुँजसो साथीहरूसँग स्वीमिङ पुल पुग्छिन्।

आशालाई मात्र होइन, अहिलेको गर्मीले जसलाई पनि यस्तै बनाउँछ। चढ्दो गर्मीले गर्दा नै अल्छीपन बढ्ने र निद्रा लाग्ने हुन्छ। अहिले दिउँसोको घाममा घरबाहिर निस्कन सकिँदैन। यतिबेला गर्मीमा शीतलता खोज्नेहरू स्वीमिङ पुल तथा पौडीपोखरीसम्म पुग्छन्।

गर्मीले आत्थु-आत्थु पारेपछि पानीमा नखेली सुख्खै छैन। गर्मी छल्न मात्र होइन, शरीर मेन्टेन गर्न पनि युवायुवती तथा वयस्कहरू स्वीमिङ पुल पुग्छन्। शरीर मोटो हुनेहरू दुब्लो हुन र पातलो शरीर हुनेहरू मोटो हुन पनि स्वीमिङमा हेलिएका देखिन्छन् भने कोही मनोरञ्जनका लागि पनि स्वीमिङमा रमाउँछन्।

स्वीमिङ पुलमै भेटिएकी महिमा पुनले भनिन्- 'शीतलतासँगै पौडीले शरीर पनि मेन्टेन गर्दो रहेछ।' उनले स्वीमिङले शरीरमा आलस्यता घटाएर फुर्तिलो र ताजा बनाएको बताइन्। गर्मीले खपिनसक्नु भएपछि सबैलाई पानी चाहिन्छ। यही भएर पनि यतिबेला स्वीमिङ हरेकका लागि गर्मी छेक्ने बहाना बनेको छ।

चिसोको अनुभव सँगाल्न स्वीमिङ आउनेहरू ह्वात्तै बढेका छन्' स्वीमिङ पुलका सञ्चालकहरू भन्छन्- 'पुल थामिनसक्नु हुन्छ।' यहाँ सामुदायिक रूपमा सीएम र पेन्गुइन गरी दुईवटा स्वीमिङ पुल छन्। प्रायः सबै तारे होटलमा स्वीमिङ पुलको व्यवस्था छ। त्यसै गरी फेवातालमा पौडिनेहरूको ताँती पनि उस्तै देखिन्छ। डुङ्गाको शयर गर्दै फेवातालको पानीमा छाल मार्ने विदेशी पर्यटकहरू पनि उत्तिकै देखिन्छन्। विदेशीहरूले स्वीमिङका लागि पुलभन्दा यहाँको फेवाताललाई नै रोज्ने गरेका छन्।

पौडी सिक्नेहरूका लागि पनि यो मौसम त्यत्तिकै उपयुक्त मानिन्छ। स्कुले केटाकेटीदेखि पाकासम्म स्वीमिङ पुलहरूमा प्रशिक्षण लिइरहेकाहरू छन्। हिमालीटोलका शम्भु लिम्बूले भने- 'गर्मीले अत्याएपछि स्वीमिङ पुलमा फाल हालिहाल्छु।' युवतीहरू आफ्नो शरीरलाई स्लिम तुल्याउन स्वीमिङ गर्ने गर्छन्। स्वीमिङले भोक जगाउने र शरीरलाई तन्दुरुस्त राख्न मद्दत गर्ने पारखीहरूको अनुभव छ। पौडी खेल्नाले कम्मर, ढाड दुख्ने रोग निको हुनुका साथै मस्तिष्क चुस्त र श्वासप्रश्वाससमेत राम्रो हुने धारणा पौडी प्रशिक्षकहरूको छ।

# लो बाटो अपनाए

### सफलताको सूत्र

त पाइहालिन्छ नि भनेर मैले
रहें। हरेक दिन ५ बजे उठ्ने र
बानी थियो। गर्न लागेको काम
ारित समयमै भ्याउँथे, यो मेरो
सूत्र हो।
मा पटक्कै आँट थिएन, एकपटक
पैसा लिएर आइज भनेर चेक
आँट गर्न सकिनँ, तर काठमाडौं
हसी बन्नुपर्ने बाध्यता बन्यो।
गर्न सिकायो। पैसा नभए पनि
व्यवसायमा हात हाले, आखिरमा

ुरा, एकपटक मैले घरमै फुपाजुले
चोरेको थिएँ। पछि म पक्राउ
ठूलो शिक्षा दियो। इमान्दार
त्यसबेला पाएँ। त्यस दिनदेखि
नाजान कसैप्रति पनि बेइमान
काम कहिल्यै नगर्ने हो भने एक
ता हासिल हुने रहेछ।

मैले आजसम्म कसैको पैसा खाएको छैन्, बरु उल्टो मेरो पैसा अरूले खाइदिए। अरूको पैसा नखाँदा आफ्नो आत्मविश्वास सधैं बलियो हुने रहेछ। पछिल्लो उदाहरण नेपाल विकास बैंक खारेज हुँदा मेरो १० हजार कित्ता सेयर डुब्यो तर सेयरबाटै कमाएको थिएँ, यसैमा डुब्यो भनेर चित्त बुझाएँ। म कहिल्यै पनि आत्मविश्वास गुमाउँदिनँ।

समस्या जतिसुकै कठिन भए पनि समस्यालाई सहज रूपमा लिन्छु, समस्यालाई समाधानमा लगिहाल्नुपर्छ भन्ने मान्यताले पनि मलाई सफलता दिलायो।

म कहिल्यै ढाँट्दिनँ र ढाँट्ने मानिसदेखि मलाई साह्रै दिक्क लाग्छ। नढाँट्ने हो भने धेरैले विश्वास गर्ने रहेछन्। म स्वाभिमानी तथा ईख लिने स्वभावको थिएँ, यसले पनि मलाई सफल बनायो।

मैले यति धेरै पैसा कमाउँला भनेर सोचेको थिइनँ, म यो सफलताको श्रेय जीवनबहादुर बस्नेतलाई दिन्छु। बस्नेतजीको सेयरविज्ञताले सेयर कारोबारमा निर्णय लिने आइडिया सिकायो।

# संघर्ष र सफलता

**विदुर खतिवडा**

उनी सम्पन्न जीवनशैलीको परिकल्पना गर्दै काठमाडौं आएका थिए, तर सम्पन्न बन्न सोचेजस्तो सजिलो थिएन। आमाले हिंड्ने बेलामा खल्तीमा हालिदिएको १ सय ६५ रुपैयाँ बोकेर सपनाको सहरमा ओर्लिएका महेश पोखरेलले सफल हुन थुप्रै पापड बेले। 'अब घरले मलाई थेग्न सक्दैन भन्ने बुझेपछि एसएलसी दिएर म काठमाडौं हान्निएको थिएँ,' महेश भन्छन्- 'जतिसुकै दुःख पाए पनि मैले काठमाडौंमा संघर्ष गरेर बाँच्नुपर्छ भन्ने चेतनाले काम गरेकैले हुन सक्छ, आज आएर सोचेभन्दा राम्रो जीवन जिउने अवसर प्राप्त गरेको छु।'

### कथाको पहिलो भाग

महेशका बुबा सिन्धुली मालपोतमा मुखियाको जागिर खानुहुन्थ्यो, तर परिवार तराई (सुनसरी, खनार) झरेपछि उहाँले जागिर छोडेर लेखनदासका रूपमा सुनसरी मालपोतमै काम गर्नुभयो। ठूलो परिवार भएकाले बुबाको कमाइले परिवारलाई खान-लाउनसम्म मात्र पुग्थ्यो। 'धेरै छोराछोरी, त्यसमा पनि सबैलाई पढाउनुपर्ने हुँदा बुबाको कमाइ नपुग्ने अवस्था नै हुन्थ्यो,' ६ जना दिदीबहिनी तथा दुई भाइ दाजुभाइमध्येका जेठा महेश भन्छन्- 'एउटै घरका तीन जना पढ्ने हुँदा स्कुलले दिने एउटा छात्रवृत्तिले राहत दिएको थियो, त्यसै आधारमा मैले एसएलसीसम्मको अध्ययन पूरा गरे।' ०३६ सालमा साझा माध्यमिक विद्यालयबाट एसएलसी दिएका महेश पहिलो पटक असफल भएका थिए। अंग्रेजीमा कम्पार्टमेन्ट पाए पनि दोस्रो वर्ष पुनः सबै विषयमा परीक्षा लेखेर उनले पुरानो असफलतालाई बिर्साए। 'म राम्रो विद्यार्थीमा गनिन्थें, तर अचानक फेल भएँ' उनले सम्झिए- 'गणितलगायत अन्य विषय राम्रो भए पनि अंग्रेजीमा कमजोर थिएँ।'

०३७ सालमा एसएलसी दिएलगत्तै उनी काठमाडौं छिरेका थिए। आरएनएसीमा काम गर्ने काकाको साथ लागेर उनी काठमाडौं आए। काकाको सहयोगीका रूपमा ६ महिना बसिसकेपछि उनी आफैं छुट्टै बस्ने योजनामा लागे, तर छुट्टै बस्दा बाँच्ने आधार नहुने भएकाले यो कदम सहज थिएन। एसएलसीमा सफल भएपछि सरस्वती क्याम्पसमा आईकममा भर्ना भएका महेशले जिरीका दुई साथीसँग मिलेर ज्ञानेश्वरस्थित एक घरमा डेरा लिए। कलेज भर्ना हुनेबित्तिकै महेशले एक जना आफन्तको सहयोगमा सिंचाइ विभागअन्तर्गतको सम्भाव्यता अध्ययन आयोगमा १८ महिनाका लागि सुपरभाइजरको ज्यालादारी जागिर पाए। छोटो समयको प्रोजेक्टमा पाएको त्यो जागिर नै उनी काठमाडौं बस्ने आधार बन्यो। यसबीच उनले टाइप पनि सिके। टाइप सिकेपछि उनले पार्ट टाइमका रूपमा एक इन्जिनियरिङ कन्सल्टेन्सीमा टाइपिस्टको काम पाए। यी दुवै काम छोटो अवधिको भएकाले उनले निरन्तर काम खोजिरहनुपर्ने बाध्यता थियो।

### आन्दोलन, अध्ययन र अवसर

जतिबेला उनी काठमाडौंमा पढ्दै थिए, त्यसबेला राजधानी आन्दोलनमय थियो। आन्दोलनकै कारण कलेजको अध्ययन-अध्यापन ढिलो भैरहेकाले जागिर खोज्ने र खाने काममा महेशले आफूलाई व्यस्त बनाए। आईकमको अध्ययन पूरा गरेलगत्तै उनले साझा यातायातको क्यास सेन्टरमा 'सिनियर क्लर्क'को जागिर पाए। 'कन्डक्टरले ल्याएको पैसा बुझेर, सबै हिसाब-किताब सकेर घर फर्कंदा रातीको ११ बज्थ्यो,' महेश भन्छन्- 'बिहान साढे ४ बजे उठेर ६ बजे कलेज जान्थें र घर आएर खाना खाएर ११ बजे फेरि साझा यातायात पुग्थें। यो क्रम डेढ वर्ष चल्यो।'

साझामै कार्यरत रहँदा उनले नेपाल बाल संगठनमा खुलेको लेखापाल पदका निम्ति आवेदन दिए। त्यो आवेदनका बारेमा कुनै जानकारी नपाइरहेको अवस्थामा एक दिन उनी संगठनको केन्द्रीय कार्यालय नक्साल पुगे। अचम्म त्यहाँ त धमाधम अन्तर्वार्ता भैरहेको रहेछ। 'एक दिन अघिसम्म हुने भनिएको अर्न्तवार्ता नसकिएर त्यो दिनलाई सारिएको रहेछ,' महेशले भने- 'मैले पनि अन्तर्वार्ता दिने मौका पाएँ। अन्तर्वार्ताका क्रममा देखाउनु पर्ने शैक्षिक योग्यताका प्रमाणपत्र नबोकी त्यहाँ पुगेका उनले भोलिपल्ट प्रमाणपत्र देखाउने मौका पाए। बाल संगठनको त्यो पदका निम्ति उनको नाम वैकल्पिकको एक नम्बरमा निस्कियो। महेश भन्छन्- 'जसले त्यो पदका निम्ति नाम निकालेको थियो, उसले त्यो जागिर नखाएपछि मलाई बोलाइयो, बाल संगठनकै काभ्रे पाँचखालस्थित अनाथालयमा काम गर्ने जिम्मेवारी पाएँ र म पाँचखालतर्फ लागें।'

बीकम अध्ययनरत रहँदा पाएको त्यो अवसरलाई तत्कालीन परिवेशमा उनले अध्ययनभन्दा महत्त्वपूर्ण माने। त्यसैले पढाइलाई निरन्तरता दिँदै उनी चार वर्ष पाँचखाल बसे। ढिलो गरी उनले ०४७ सालमा मात्र बीकम उत्तीर्ण गरे। बीकम उत्तीर्ण भएलगत्तै उनी केन्द्रिय कार्यालय नक्सालमा सरुवा भए। ०४६ सालको आन्दोलनपश्चात् अन्तरिम सरकार गठन भएको थियो। पञ्चायतकालमा राजपरिवारका सदस्य अध्यक्ष रहने बाल संगठनमा ठाकुरप्रसाद मैनाली अध्यक्ष भएका थिए, तर अन्तरिम सरकारले रीतासिंह वैद्यलाई अध्यक्षमा ल्यायो।

वैद्य आएपछि खुला प्रतिस्पर्धाबाट आएकाहरुलाई पनि अवकाश दिइयो। अवकाशको लिस्टमा महेश पनि परे। राजपरिवारसँगको सम्बन्धका कारण जागिर खाएको भन्ने अनाहकको आरोप लागेर जागिरबाट बाहिरिनुपरेपछि दुई वर्षसम्म त्यसविरुद्ध उनीसहित प्रतिस्पर्धाबाट आएको टिमले विरोध गरिरह्यो, तर विरोध विरोधमै सीमित भएपछि बाँच्नका निम्ति केही गर्नैपर्ने बाध्यताका कारण उनी फेरि छटपटिए। अब उनले अब सदाका निम्ति जागिर नगर्ने निर्णय गरे।

### कम्प्युटर इन्स्टिच्युट

पैसा कमाउने हो भने जागिरबाट हुँदैन, व्यापार गर्नुपर्छ भन्ने बुझे पनि उनका लागि बाँच्नका निम्ति जागिर अनिवार्य सर्त थियो। त्यसमाथि व्यापार गर्ने पैसा पनि थिएन। 'तँ चिता म पुऱ्याइदिन्छु, भगवान्ले यसै भन्छन रे,' महेशले त्यो दिन सम्झँदै भने- 'विदेश जाने सबै प्रक्रिया मिलाइसकेका एक जना साथीले पुरानो बानेश्वरस्थित कम्प्युटर इन्स्टिच्युट बिक्री गर्दै रहेछन्, एक जना साथी र मिलेर त्यो इन्स्टिच्युट लिने निर्णय गऱ्यौं।'

२ लाख २५ हजार रुपैयाँ मूल्य तय गरेर लिए पनि साथीसँग भएको २५ हजार रुपैयाँ मात्र उनीहरूले पहिलो किस्तास्वरुप बुझाएका थिए। बिक्री गर्ने साथीले दुई महिनापछि जाने हो, त्यो समयभित्र तिर्नुहोला भनेर पहिलो दिनमै पसल जिम्मा लगाए। अस्ट्रेलिया जान लागेका ती साथीलाई निर्धारित समयभित्र १ लाख ७५ हजार रुपैयाँ बुझाउन सके पनि बाँकी रकम नपुगेपछि उनीहरूले तेस्रो पार्टनर खोजे। कम्प्युटर ट्रेनिङ इन्स्टिच्युट, सेक्रेटारियल वर्क, फोटोकपी, फोन-फ्याक्स सेवा उपलब्ध भएको त्यो व्यापारिक संस्थाले मासिक ६-७ लाख रुपैयाँ कारोबार गर्थ्यो। 'विभिन्न कार्यालयका काम गर्ने जिम्मेवारी थपिएपछि ट्रेनिङ इन्स्टिच्युट हटाएर सेक्रेटारियल वर्क र फोन-फ्याक्सको काम मात्र गरियो।' महेश भन्छन्- 'व्यापार राम्रैसँग चलेपछि हामीले मेहनत पनि असाध्यै गऱ्यौं, पछि कम्प्युटर सप्लाई गर्ने कामसमेत गऱ्यौं।'

पार्टनरसँग व्यावसायिक समस्या आएपछि महेशले उनलाई बिदा दिए, तर फेरि दोस्रो साथीसँग पनि त्यही समस्या उत्पन्न भएपछि नयाँ पार्टनर खोजेर अर्को साथीलाई पनि बिदा गरे। यसलगत्तै ०५४ सालमा ३४ वर्षको उमेरमा उनले अनिता कक्षपतीसँग अन्तर्जातीय विवाह गरे।

### टर्निङ प्वाइन्ट

यो कुरा ०५७ सालको हो। व्यापार चलाइरहेकै बेला उनको इन्स्टिच्युटमा जितबहादुर बस्नेत आइरहन्थे। यी बस्नेत सेयर कारोबारका विज्ञ थिए। बस्नेतले उनलाई पैसा कमाउन सेयर कारोबार गर्नुपर्छ भनेर उक्साइरहन्थे। 'दिनहुँ सेयर आवेदनका लागि फोटोकपी गर्न आइरहने बस्नेतले पैसा छ भने सेयर हाल, पैसा कमाउन सेयर बजारभन्दा राम्रो अन्त छैन भनिरहन्थे,' महेश भन्छन्- 'यी बुढाले कति दिक्क लगाएका होलान्, कहिलेकाहीं त उनी नआए पनि ढुक्क हुन्थ्यो जस्तो लागिरहन्थ्यो।'

एक दिन बुढाले एनआइसीको साधारण सेयर निष्कासन गरेको छ, त्यो पनि भर्दैनौ भने तिम्रो र मेरो सम्बन्ध सकिन्छ भनेपछि एकपटक ट्राई मारौं भनेर एनआइसीमा सेयर आवेदन भरे। श्रीमती, छोरा, बुबा, आमा र महेशको नागरिकताबाट ५० हजार रुपैयाँको सेयर भरे, जसमध्येमा बुबा र छोराको नाममा १५ हजार रुपैयाँको सेयर पऱ्यो। सेयर परेको ११ महिनापछि १५ हजार रुपैयाँको सेयरलाई १ लाख रुपैयाँमा बेचेपछि बूढाले भनेको सही रहेछ भन्ने उनलाई अनुभूति भयो। 'फोटोकपीबाट २ रुपैयाँ र विभिन्न सेवाबापत १५ रुपैयाँका दरले पैसा लिने मानिसलाई सेयरले दिएको मुनाफा अतुलनीय बन्यो,' पोखरेल भन्छन्- 'त्यसपछि बस्नेतजी, पार्टनर खुशलराज धिताल, सालो भाइ अनुपलाल कक्षपति र म मिलेर सेयर कारोबार गर्ने समुह निर्माण गऱ्यौं।'

सेयर कारोबार बुलिसट्रेन्ड अर्थात् बढ्दो गतिमा थियो। यो समूहले खरिद गरेको सेकेन्डरी सेयरले अकासिँदै गैरहेको अवस्थामा पिकमा पुगेका बेलामा उनीहरूले सेयर बिक्री गरे। बस्नेतजीको विज्ञतालाई सदुपयोग गरेको यो समूहले सोचेभन्दा राम्रो पैसा कमाएपछि पूर्ण रूपमा सेयर कारोबारमै संलग्न हुने निर्णय गऱ्यो।

सेयर अकासिंदा हामी आफ्नो सेयर बेच्थ्यौं भने क्र्यास भएपछि फेरि किन्थ्यौं, उनले भने- 'त्यसपछि व्यक्तिगत र सामूहिक दुवै तरिकाबाट सेयरमा लागियो।' महेश भन्छन्- 'एक बैंकको प्रतिकित्ता सेयर १ सय ४५ रुपैयाँमा किनेकोमा बेच्दा २ हजार ९ सय दरसम्म पाएँ।' सेयर कारोबार ओह्रालो लाग्ने समयमा सेयर बेचेर उनले घर-जग्गामा लगानी गरे। महेश भन्छन्- 'काठमाडौंका अतिरिक्त इटहरी, हेटौंडा, विराटनगरमा जग्गा खरिद गरें।' घरजग्गाको यो लगानीले पनि उनलाई राम्रै साथ दिएको छ। आकर्षक जिप्सीमा हुइँकिने महेश यतिखेर मोबाइल फोनबाटै विभिन्न कारोबार संचालन गर्न व्यस्त देखिन्छन्।

### पूर्ण सन्तुष्ट छु


यतिखेर महेश पोखरेल आफूलाई पूर्ण सन्तुष्ट व्यक्तिका रूपमा परिभाषित गर्न रुचाउँछन्। महेश समाजसेवामा पनि त्यत्तिकै रुचि राख्छन्। यतिखेर उनको मनमा आफूले अध्ययन गरेको खनारस्थित साझा माध्यमिक विद्यालयलाई सहयोग गर्ने विचार आएको छ।

### नौवर्षे यात्रा

महेश पोखरेल अहिले विभिन्न कार्यालयमा प्रमुख व्यक्तिका रूपमा देखा पर्छन्। हाल सिद्धार्थ बैंकको बोर्ड अफ डाइरेक्टर पोखरेल नौ वर्ष अघिसम्म सामान्य व्यक्तिको परिचयमा बाँचिरहेका थिए। महेश भन्छन्, '०५८ सालसम्म पनि म सामान्य अवस्थामै थिएँ, बाँच्नका निम्ति पैसा कमाउनुपर्छ भन्ने मान्यता राखेर काम गर्दा १-२ लाखसम्म कमाएको थिएँ, तर सेयर बजारमा आएपछि मैले सजिलै सफलता पाएँ, तर सेयर कारोबारमा होसियारीका साथ लाग्नुपर्छ,' उनी भन्छन्- 'मानिसहरू सेयर बढेको बेलामा लगानी गर्छन् र घटेको बेला अत्तालिएर बेच्छन्, तर मैले यसविपरीतको खेलमा सफलता पाएँ।'

सिद्धार्थ बैंकमा पब्लिक सेयरवालाहरूका तर्फबाट बोर्ड अफ डाइरेक्टरमा दुई जना बस्न पाउने सुविधाअन्तर्गत सेयर बजारमा रहेका साथीहरूको प्रतिनिधित्व गर्दै उनी बैंकको बोर्ड अफ डाइरेक्टर निर्वाचित भएका हुन्। १ सय सेयर हुनेले बोर्ड अफ डाइरेक्टरको निर्वाचनमा उम्मेदवाारी दिन पाउने भएकाले १ सयभन्दा माथिको सेयर हुने २ हजार ३ सय व्यक्तिमध्ये उनी र अर्का एक जना बोर्ड अफ डाइरेक्टरमा आएका हुन्। सिद्धार्थ बैंकमा उनको २ सय ८० कित्ता सेयर छ।

## • तालुमा आलु •



प्रकाश ओझा

डाइरेक्टर साहब अफिसमा बसिरहेका थिए, पियन आएर भन्यो– 'एक जना म्याडम बाहिर हुनुहुन्छ, तपाईंसँग भेट्न चाहनुहुन्छ।'

'राम्री छे ?' डाइरेक्टर सोधे

'एकदमै राम्री।'

'भित्र पठा।'

पाँच मिनेटपछि डाइरेक्टरले घन्टी बजाए। पियन हाजिर भयो, डाइरेक्टरले रिसाउँदै भने– 'गधा उल्लु, आँखा फुटेको छ तेरो ? राम्री कस्तालाई भन्छन्, थाहा छैन तलाई ?'

'सर ! मैले जे पायो त्यही कसरी बोल्नु ?' पियनले भन्यो- 'म्याडमलाई म चिन्दिनथें, नराम्रो भनेर कसरी भन्नु ? तिनी तपाईंकी श्रीमती पनि त हुन सक्थिन्।' 'गधा, तिनी मेरी श्रीमती नै थिइन्।'

०००

चलचित्र हलभित्र श्रीमान्-श्रीमतीबीचको वार्तालाप : 'कालेकी आमा, ठीकठाक बसेकी छेस् नि हैन ?'

'हजुर ! ठीक छ।'

'सिटको स्प्रिङले त घोचेको छैन नि ?'

'छैन।'

'सिटको हेन्डल-सेन्डल त ठीक छ नि ?'

'ठीक छ।'

'अगाडि पर्दा त ठीक छ नि, कसैले छेकेको त छैन।'

'छैन।'

'पंखाको हावा त आउँदैछ नि।'

'आउँदैछ।'

'कालेकी आमा, यसो गर.... तँ मेरो सिटमा बस।'

०००

'ड्याड !' छोराले बाबुसँग सोध्यो- 'क्षमतावान को हो, तपाई कि म ?'

'निश्चय नै म' –बाबु बोल्यो

'किन ?'

'किनभने मेरो उमेर तँभन्दा बढी छ, अनुभव पनि तेरोभन्दा बढी छ।'

'त्यसो भए तपाईंलाई थाहा होला, अमेरिकाको खोज कसले गयो ?'

'अँ छोरा, थाहा छ..... अमेरिकाको खोज कोलम्बसले गरेका थिए।'

'कोलम्बसको डेडीले किन नखोजेको ? कोलम्बसको ड्याडी त ऊभन्दा क्षमतावान् थियो होला नि ?'


०००

एक व्यक्तिले आफ्नी स्वास्नीलाई छिमेकीको अँगालोमा भेट्यो। उसले रिभल्भर निकाल्यो र स्वास्नीलाई सुट गऱ्यो, स्वास्नी मरी।

मुद्दा अदालतमा चल्यो। उसलाई प्रश्न गरियो- 'तिमीले आफ्नी स्वास्नीको हत्या किन गऱ्यौ ? छिमेकीको हत्या किन गरेनौ ?' 'किनकि स्वास्नीको हत्या गरेपछि झन्झट एकै पटकमा सकियो, नभए त प्रत्येक एक हप्तामा एक जना छिमेकीको हत्या गर्नुपर्थ्यो।'

## • कविता •

### जीवन साँचेकी छु



मखमली फूलजस्तो जोवन साँचेकी छु
आऊ तिमी स्वयंवरमा माला गाँसेकी छु
प्रकृतिको मण्डपमा इन्द्रेनीको रङ्ग बोकी
गुराँसको लाली ओठमा हिमाल हाँसेकी छु
चाँदनीको मुहारमा लेप लगाएर
कोइलीको भाका छोपी छमछम नाचेकी छु
बादलका सितारामा गगनको घुम्टो हाली
सबै ऋतु बाहुलीमा लिई बाँचेकी छु
मखमली फूलजस्तो जोवन साँचेकी छु
आऊ तिमी स्वयंवरमा माला गाँसेकी छु।

–ममता पौड्याल

### तिमी र म

तिम्ले जित्न मात्र चाहयौ
हारिदिएँ म, मुटु जल्दा शीतलता दिन, भेटिएनौ तिमी
साँचिराखें पूरै जोवन, खालि अँगालोमा समेटिएनौ तिमी।
साक्षी जूनतारा नै थिएँ
धरापमा माया, पुरिएँ म, पटक्कै छेकिएनौ तिमी
जन्मिए हजार सवाल धकेलिएँ म, थौरै चेपिएनौ तिमी।
डुङ्गाको भर माटो भन्थे
लुलिएका मेरा पाइला, सहारामा टेकिएनौ तिमी
प्रीतको धारमा टुक्रनु टुक्रिएँ म, थौरै रेटिएनौ तिमी।
इन्द्रेणी रङ्ग प्रेमको
लुटिँदै रित्तिए सपना, संवेदनामा कहिल्यै देखिएनौ तिमी
सम्हाल्दै पखाले मन, हृदयबाट अझै फ्याकिएनौ तिमी
खालि अँगालोमा समेटिएनौ तिमी।

–विद्या सापकोटा

### कसरी शान्त गरौं ?

कसरी शान्त गरौं लौ यी छटपटी र पीडाहरू
परेको छ मुटुभरि लाखौंलाख चिराहरू
लाग्दछ कतै छैन केवल खुसी शून्य-शून्य छ
सारा पीर, व्यथा र सपनाले सधैं-सधैं रुवाउँछ
भएका छन् मनभरि लाखौं चोटका दागहरू
हुनेछैनन् अब निको दबाईमूलो कति गरू
मनभरि उर्लिन्छन् सपनाजस्तै झलझली
अब म कसरी भुलाउने गरौं हुनेछैनन् कसैगरी।

–गीता भुर्तेल

### सहर काठमाडौंमा



कस्तो कस्तो विडम्बना देखें सहर काठमाडौंमा
त्यसैले त एउटा गजल लेखें सहर काठमाडौंमा
जे गर्दा नि हुन्छ अरे बलियाले यो ठाउँमा
मान्छेले नै मान्छेलाई रेटे सहर काठमाडौंमा
विपन्न र गरिबले दुःख पाउने यो ठाउँमा
संस्कार र संस्कृति नै मेटें सहर काठमाडौंमा
देवीदेखि दानवसम्म पाइन्छन् रे यहाँ
त्यसैले त पशुपति भेटें सहर काठमाडौंमा।

–नवराज भट्टराई

### हाँस्नु छैन मैले पनि

तिमीलाई रुवाएर हाँस्नु छैन मैले पनि
साँचेको छु जीवन मेरो तिम्रै पाउमा सुम्पू भनी
फूल भए ओइलिसक्थें घाम भए डुबी जान्थें
भौतिकवादी नभैदिए देवी-देवता तिम्लाई मान्थें
याद आउँछ पल-पल हराउँदैन कहिल्यै पनि
तिमीलाई रुवाएर हाँस्नु छैन मैले पनि
पर्खाइमै सकिन्छ कि मेरो बाँकी जीवन
अत्तालिन्छ कहिलेकाहीं पापी यो मन
उस्तै छ तिम्रा लागि मेरो माया अहिले पनि
साँचेको छु जीवन मेरो तिम्रै पाउमा सुम्पू भनी।

–राई रमेश गाउँले

## • लघुकथा •

### लोडसेडिङ

किरण काठमाडौंको एउटा सम्पन्न व्यापारी हो। उसको छोरा साहिल सानैदेखि अमेरिकाको वासिंगटन डीसीमा पढ्दै आएको छ। यसपालीको जाडो बिदामा काठमाडौं आएको छ। साँझ झमक्क परिसकेकाले सपरिवार वरिपरि बसेर खाना खाइरहेका थिए तर अचानक बत्ती निभ्छ। आश्चर्यचकित हुँदै साहिल भन्छ-

बाबा के भएको ? बत्ती त निभ्यो, अमेरिकामा त कहिल्यै बत्ती जाँदैन।

बाबु : यो लोडसेडिङ हो, २०६२/०६३ को जनआन्दोलनपछि नेताहरूले ल्याएको १६ घन्टे राहत कार्यक्रम।


छोरा : के भन्न खोज्नु भा' मैले त बुझिनँ बाबा ?

बाबु : तँलाई यति पनि थाहा छैन, अमेरिकामा पढ्ने मानिसलाई अंग्रेजी शब्द लोडसेडिङको अर्थ थाहा छैन, ल सुन !

लोडसेडिङ भन्नाले नेपालमा बत्ती निभ्नु भन्ने बुझिन्छ तर यसको वास्तविक अर्थचाहिँ विद्युत् प्राधिकरणले जनतालाई चाहेजति बिजुली दिन नसकेर लाइन काट्या हो। अचम्म के छ भने मन्त्रीको क्वार्टरमा भने कहिल्यै लाइन जाँदैन। लोडसेडिङ जनतालाई मात्र हुन्छ। हाम्रो देशका मन्त्री, नेता जति सबै जनताका लागि होइन, परिवारको विकासका लागि लड्छन्। विकासभन्दा बढ्ता हो- हल्ला, झै-झगडा गर्दै पदका लागि हारालुछ गर्छन्। जनतालाई बाल्न पुग्ने बिजुली नभएर मन्त्रीहरूका लागि जोहो गरेर उनीहरूले मात्र बिजुली बाल्न पाउने प्रथालाई लोडसेडिङ भनिन्छ।

– ऐश्वर्य श्रेष्ठ

## निर्णय फेरि एजुकेसन टुरमा




शिव मुखिया

काठमाडौं– यस्ता कलाकार विरलै भेटिएलान् जसले आफ्नो कलालाई निरन्तर च्यारिटी गर्न सकोस्। व्यावसायिक कलाकर्मीहरूको भीडमाझ हिपहप गायक निर्णय श्रेष्ठ तिनै अपवादमध्येका एक हुन्। विगत लामो समयदेखि उनी च्यारिटी सोहरूमा लगातार छाइरहेका छन्। 'निर्णय द एनएसके टुर फर एजुकेसन' उनको यस्तै नटुंगिने सांगीतिक यात्रा हो। दुर्गम भेगका बालबालिकाले पाठ्यपुस्तक र पाठ्यसामग्रीको अभावमा शिक्षा आर्जनबाट वञ्चित हुनु नपरोस् भन्ने लक्ष्यका साथ उनले यो अभियान थालेका हुन्। यसबीच सन् २००९ का लागि उनले यो संगीतयात्रालाई पुनः निरन्तरता दिएका छन्। गत शनिबार के एन्ड के कलेज प्राङ्गणमा आफ्ना लोकप्रिय गीत गाउँदै उनले यो यात्रालाई निरन्तरता दिएका हुन्। निमन्त्रणा कार्डमै उल्लेख गरिएको थियो, 'कृपया कार्यक्रममा आउँदा आफूले प्रयोग गरिसकेका स्टेसनरी सामग्री, पाठ्यपुस्तकहरू लिएर आउनुहोला।' कार्यक्रम हेर्न जानेले त्यसै गरे। निर्णय भन्छन्- 'आशा गरेअनुरूप स्टेसनरी समाग्री जम्मा भएको छ, अब कुनै दुर्गम क्षेत्रका विद्यालयलाई हस्तान्तरण गर्छौं।'

कार्यक्रममा उनलाई साथ दिएका थिए प्राश्ना शाक्यले पलपल र आवाज देऊ गीतमार्फत। यस्तै ज्याप कनेक्ट, केटीएफ फलायर, स्क्याप स्टेकर आदिको प्रस्तुतिले पनि दर्शकको मन जितेको थियो।

## खेलकुदका लागि संगीत



खेल क्षेत्रमा संलग्न युवाहरूले खेल विकासका लागि सांगीतिक कार्यक्रमको सहारा लिए। अभियान स्पोर्ट्स क्लबका युवाहरूले आफ्नो क्षेत्रमा खेल गतिविधि सञ्चालन गर्न बृहत् सांगीतिक कार्यक्रम सम्पन्न गरे। 'अग्रणी, आत्मीय, अभियान' नारासहित आयोजित 'अभियान सञ्जीवनी सन्ध्यामा' चल्तीका कलाकारदेखि स्थानीय कलाकारहरूले मनोरञ्जनात्मक खुराक प्रस्तुत गरेका थिए।

कार्यक्रम उद्घोषणको जिम्मेवारी पाएका नारद खतिवडाले बोलीपिच्छे समसामयिक विषयमा कटाक्ष प्रस्तुत गरेर दर्शकहरूलाई हँसाएका थिए। यता टेलिचलचित्र 'मेरी बास्से' का जादुगर महादेव त्रिपाठीले राजेश हमालदेखि नाना पाटेकरसम्मको क्यारिकेचर गर्दा हाँसोको फोहोरा छुटेको थियो। कार्यक्रममा लोकगायक शिव परियार, रामचन्द्र काफ्ले, विष्णु सापकोटा आदिले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए।

## राष्ट्रियता र एकताका सन्देश

यो तस्बिर अस्ट्रेलियाको सिड्नीमामा आयोजित एउटा हास्यव्यंग्य कार्यक्रमका दर्शकहरूको हो। कार्यक्रम थियो- 'गजुरेल-नाइट', अनि यसरी हाँस्न बाध्य पार्ने कलाकार थिए- हास्यव्यंग्यकार मनोज गजुरेल। अस्ट्रेलियाको सबैभन्दा पुरानो संस्था नेप्लिज अस्ट्रेलियन एसोसियसनको निमन्त्रणमा सिड्नी र ब्रिस्बनमा १ हजार ५ सयभन्दा बढी दर्शकलाई यसरी नै हँसाइरहे- राष्ट्रियता र एकताको सन्देशका साथमा।

प्रहसन, प्यारोडी तथा स्टेन्ड-अपसहित करिब डेढ घण्टा कार्यक्रम गरेका कलाकार गजुरेलको संविधानसभा शीर्षकको प्रस्तुतिले सबैभन्दा बढी हाँसो र ताली पाएको थियो भने उनको प्रस्तुतिमा रहेको राष्ट्रियता र सामाजिक एकताको सन्देशले गैरआवासीय नेपालीहरूलाई भावुक पनि बनाएको थियो।


अध्यक्ष इन्द्रा वनले स्वागत गरेपछि सुरु भएको कार्यक्रमको उद्घोषण विवेक थापाले गरेका थिए। कार्यक्रममा स्थानीय भिजिट नेपाल डान्स स्कुलका कलाकारहरूले प्रभावकारी नृत्य प्रस्तुत गरेका थिए भने सुजाता केसी, प्रकाश सुब्बा आदि कलाकारले गीत प्रस्तुत गरेका थिए। कार्यक्रमबाट उठेको सम्पूर्ण रकम नेपालका गरिब बालबालिकाका लागि खर्च गरिने आयोजक समितिका विवेक थापाले बताए।

-भूपेन्द्र चुडाल, सिड्नी, अस्ट्रेलिया

## राजधानीमा शरणार्थी

'वास्तविक मानिस, वास्तविक खाँचो' शीर्षकको तस्बिर प्रदर्शनीमा करिब एक दर्जन फोटोग्राफरले भिन्न-भिन्न समयमा कैद गरेका शरणार्थीहरूका तस्बिर टाँगिएका थिए। शरणार्थी झुपडीभित्र भजन गाएको, किशोरी सुत्केरीले नानी च्यापेको, प्यारालाइसिसले थलिएका शरणार्थीले औषधी पर्खिएको मर्मस्पर्शी तस्बिरले अवलोकनकर्ताहरूलाई भावुक बनाए। भुटानी शरणार्थी शिविर हुँदै अमेरिका पुनर्वास भएका शरणार्थीहरूको तस्बिरले पनि अवलोकनकर्ताको मन जितेको थियो।

युएनएचसीआरद्वारा आयोजित प्रदर्शनीमा नयनतारा कक्षपति, अशोक शाक्य, कसिसदास श्रेष्ठ तथा कारी कलिन्स, एड्विन कु, जल्माई, क्रिस्टयन अल्स, साइफूल हकओमी, जोन लेहम्यान तथा जेम्स ग्याम्बोनेंले विभिन्न समय र स्थानमा खिचेका तस्बिरहरू राखिएका थिए। गएको शनिवारदेखि ५ दिनसम्म चलेको प्रदर्शनीमा शरणार्थीहरूका झुप्रा, प्रयोग गर्ने घरायसी सामग्री, खाद्यान्न आदिले प्रदर्शनीलाई जीवन्तता प्रदान गरेको थियो।



## पञ्चैबाजा र ड्रमसेट एउटै मञ्चमा

मञ्चमा ७ वर्षीया उस्ना र २ वर्षीया अतिथिले संयुक्त रूपमा नेपाली राष्ट्रिय गीत प्रस्तुत गरेपछि उपस्थित दर्शकबाट उनीहरूले राम्रै स्याबासी पाए। उस्नाले त एउटा अंग्रेजी गीत पनि सुनाइन्। त्यसपछि नेपाली दौरा-सुरुवालमा ठाँटिएका सुनकोसी पञ्चैबाजा समूहका संगीतकर्मीहरू मञ्चमा देखा परे। नरसिंह, ट्याम्को, सहनाई, दमाहा, झ्याली, ढोलकी र कर्नालको सांगीतिक तालमा उनीहरूले नेपाली पञ्चैबाजाको सांगीतिक स्वाद चखाए। त्यसपछि करिब डेढ घन्टाजति सांगीतिक समूह स्ट्रिङले विभिन्न अंग्रेजी रक गीत सुनाएर सांगीतिक कार्यक्रमलाई तताए।

प्रसंग हो अर्बिट इन्टरनेसनल एजुकेसनले चाँजोपाँजो मिलाएको सांगीतिक प्रस्तुतिको। गत आइतबार जुन २१ तारिख अर्थात् अन्तर्राष्ट्रिय संगीत दिवसको अवसर पारेर राष्ट्रिय सभागृहमा उक्त कार्यक्रम प्रस्तुत गरिएको थियो। यस दिनलाई वर्षभरिकै सबैभन्दा लामो र तातो दिनका रूपमा पनि लिइन्छ। सन् १९८२ देखि यो दिनलाई अन्तर्राष्ट्रिय संगीत दिवसका रूपमा मनाउने प्रचलन रहँदै आएको छ।

परिचित मित्रहरूमा परीक्षाको सफलताको कामना गर्दछु।

**आशिष केरुङ**

बी, म तिमीलाई भित्री हृदयदेखि नै माया गर्छु। तिमीले गरेको व्यवहारले मलाई मोहित तुल्याएको छ।

**ए.एम.**

प्रकाश दाइ, हजुरको अर्ती त मलाई एकदमै चित्त बुझ्यो तर मनले मान्दैन, के गर्ने ?

**जीवन**

रक्षिता, तिम्रो सम्झनामा दिनरात बिते। तिम्रो ओठमा मुस्कान आउँछ भने म तिम्रो यादमा जलिरहेको छु। अब आधा जिन्दगी त जलिसक्यो भने बाँकी जिन्दगी जल्दा के नै होला र ?

**सन्देश**

शान्ति, म तिमीलाई माया गर्छु, परीक्षाको सफलताको कामनासहित मीठो सम्झना।

**उपेन्द्र**

यात्राका क्रममा लेलेमा बसभित्र सेतो सर्ट लगाएर बसेकी युवतीलाई त्रिचन्द्र कलेज अगाडि शनिबार दिउँसो ठीक १ बजे भेट्न चाहन्छु।

**अभिषेक**


टुँडिखेलमा मर्निङवाक गर्ने, क्याम्पसको होस्टलमा बस्ने अपरिचित चार जना मैयाँसँग मित्रताको हात बढाउन चाहन्छु।

**अञ्जान मित्र**

दीपिका, म तिमीबिना बाँच्नै सक्दिनँ। जतिसक्दो चाँडो हामी एक हुनुपर्छ।

**जी.एल.पी.सी**

साथीहरू सुरराज, मदन, प्रदीप, उमेश, नवीन, विनोद, राजु, छवि, जयराम, सुरथ, बहादुर एवं कुमारलाई



## ● सन्देश ●

सम्झनाका साथै केएमसी कोटेश्वरका साथीहरूलाई दोस्रो त्रैमासिक परीक्षामा सफलताको शुभकामना।

**अच्युत**

बहिनी अप्सरा तथा मेनुकालाई परीक्षामा सफलताको कामनाका साथै साथीहरू सिर्जना, सुष्मा, दीपेन्द्र, लिना, सरस्वती, शिला, तुलसी, उदित सबैलाई एकदमै मिस गरेको छु। सुमित्रा बहिनी र ध्रुव भाइलाई धेरै-धेरै माया।

**दीपक**

पलिशा, नीशा र अञ्जनालाई परीक्षामा सफलताको शुभकामना। आगामी दिनहरूमा हरेक पाइलामा सफलता मिलोस्, साथै मैले तिमीहरू सबैलाई मिस गरेको छु।

**दीपक**

अप्सराजी, अध्ययनमा सफलताको शुभकामना साथै मीठो सम्झना।

**कृष्णप्रसाद**

एमएल, तिमी आजभोलि कहाँ छौ ? भेट नभएको पनि दुई वर्ष भयो। एक पटक फोन गर ल, नम्बर पुरानै हो।

**शालीन**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ........................................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ........................................

ठेगाना : ........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?


........................................

........................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● जीवनको गोरेटोमा ●

# युद्धभूमिबाट आमालाई सन्देश



'आमा'– यो शब्द आफैँमा प्यारो साथै पवित्र छ। सायद प्रत्येक शिशुले बोल्ने पहिलो वाक्य नै यही होला, तर कहाँ सबैलाई यो सौभाग्य मिल्दो रहेछ र ? यही शब्द कसैका लागि वरदान त कसैका लागि अभिशाप बनेर आउँदो रहेछ। म पनि यही दुई शब्दबीचको संयोग हुँ, आमाका लागि वरदान साबित थिएँ त म आफ्नै लागि अभिशाप।

आमा, तिमी कति खुसी थियौ, त्यो पल जब तिम्रो कोखबाट राम र लक्ष्मण अवतारका रूपमा जन्मिएका थिए। जब तिम्रा ती अवतारहरू तिम्रो दुःखमा आँसु बनेर चुहिन्थे त खुसीमा मुस्कान बनेर छाउँथे। तिम्रो हरेक दुःखमा परेड खेल्थे, तिमी हिँड्ने बाटोका काँडाहरूसामु हतियार बनेर उभिन्थे। सोच्थ्यौ होला, संसारकै भाग्यमानी आमा रहेछु। आमा, तिम्रो त्यो दाहिने हात थियो नि जसले यो संसारलाई नै चुनौती दिँदै थियो। सायद तिमीले आफ्नो खुसीको क्षणमा भाग्यलाई पनि चुनौती दिएकी थियौ, त्यसैले त आज तिमीले दुनियाँलाई ठडाउने तिम्रो त्यो दाहिने हात चटक्क चुँडेर लग्यो। आमा तिम्रो मुटु कति विक्षिप्त भयो होला त्यो क्षण। वास्तवमा आमा ऊ त्यही बेलामा मर्नुपर्थ्यो। जब उसलाई यो रुढिवादी समाजमा लिप्त परिवारले मार्ने कसरत गरेका थिए। त्यति बेला तिमीले किन रोक्यौ आमा ? सायद तिमीले नरोकेको भए दुई-चार दिन तिम्रा आँखा रसाउँथे। यो समाज र परिवार त खुसी हुन्थे नि।


आमा तिमी महान रहेछौ। अनपढ भएर पनि अन्धविश्वासले रुमल्लिएको रुढिवादी समाज र आफन्तले दिएको लाञ्छनाका बाबजुद पनि चुनौती दिएर उभियौ, आफूले खाई-नखाई हुर्कायौ, पढायौ, बढायौ, कति दिन भोकै जाग्राम बस्यौ, एउटा मीठो सपना बुन्दै संघर्ष गर्दै गयौ तर आज तिम्रा ती सपना सबै सिसासरि फुटेर गए तिम्रा संघर्षका पाइलाहरू सबै निरर्थक बने, तिमी धेरै रोएकी हौली। म पनि धेरै रोएँ। आमा, यो सुख्खा रापिलो मरुभूमिमा डाँको छोडेर रोएँ।

आमा, म कति अभागी रहेछु। यस्तो दुःखको क्षणमा पनि तिम्रो आँखाको आँसु पुछ्न आउन सकिनँ, न त तिम्रो सामु नै आएर भन्न सकेँ– आमा म त छु नि। टाढा थिएँ आमा, जहाँ एक्लै तिम्रो माया र सम्झना मुटुभरि सँगालेर अनेकौं बाधा-अड्चनसँगै यात्रा गर्दै थिएँ, बमगोला र लन्चरको बीचमा बसेर आफूलाई जोगाउने प्रयास गर्दै थिएँ, रापिलो घाममा धूलो र धूवाँसँगै मडारिँदै थिएँ। थाहा छ आमा तिमीलाइ, जब-जब बम र लन्चरको वर्षा हुन थाल्छ, साथीहरू सबै भगवान्को नाम जपेर बस्छन् तर आमा म त्यो क्षण तिम्रो नाम जपेर बस्छु केवल तिमीलाई सम्झेर, किनकि जन्म दिने नै भगवान् होइन र आमा ?


आमा, थाहा छ नि तिमीलाई, तिमीप्रति कति समर्पित थियौं हामी, तिमीले देखाएको गोरेटोमा तिमीलाई डोऱ्याउँदै थियौं, खै आमा, तिम्रो सुनौलो रथमा कुन पापीको आँखा लागेछ। आमा, म त गलिसकेको छु, यो मरुभूमिमा संघर्ष गर्दागर्दै तातो बालुवाको रापले पग्लिसकेको छु। खै आमा, म तिमीलाई कसरी तिम्रो गन्तव्यसम्म पुऱ्याउन सकूला र ? तिमीलाई कसरी खुसी राख्न सकूँला र आमा ?

**–सार्थक सिम्खडा, बलाद इराक**

## ● साथी ●



-५ फिट ५ इन्च अग्ला रमेश गौतम २२ वर्षका भए। एसएलसीसम्मको अध्ययन पूरा गरेका रमेशको स्वभाव हँसिलो छ। पत्रमित्रतामा रुचि राख्ने अविवाहित रमेश गहुँगोरो वर्णका छन्। हाल सैनिक सेवामा रहेका गौतम सुख पायो भन्दैमा घमन्ड नगर्ने, रगतको नाताभन्दा भावनात्मक नातामा विश्वास गर्ने साथीसँग मित्रता गाँस्न चाहन्छन्। उनलाई साथी बनाउन चाहनेहरूले श्री नम्बर-६ बाहिनी अड्डा, बैरेंग ब्यारेक, धादिङमा पत्राचार गर्न सक्नुहुन्छ।




-१८ वर्षीय संजयकुमार चौधरीको बोलाउने नाम संजुबाबा हो। सञ्जुबाबा हाल +२ को दोस्रो वर्षमा अध्ययनरत छन्। नृत्यमा पोख्त सन्जुबाबा साथीभाइसँग घुलमिल हुन रुचाउँछन्। रौतहट डुमरियाका सञ्जय गहुँगोरो वर्णका छन्। निःस्वार्थ भावनाका साथीभाइसँग मित्रता गाँस्न चाहने संजय पैसालाई कहिल्यै महत्त्व दिँदैनन्। सञ्जयसँग मित्रता गाँस्न चाहनेहरूले डुमरिया-३ रौतहटमा पत्राचार वा Chy_nandu@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।

# राजारानी धिमाल पोखरी

मोरङ जिल्लाको भोगटनी गाविसस्थित राजारानी ताल हेर्दा जति मनमोहक छ त्यसको धार्मिक महत्त्व पनि उत्तिकै छ। राजारानी क्षेत्र विराटनगरबाट करिब ५० किलोमिटर उत्तर-पूर्वमा पर्छ। पूर्व-पश्चिम राजमार्गमा पर्ने बेलबारी बजारदेखि करिब ९ किलोमिटर उत्तर लेटाङ गाविसको बुधबारे हुँदै चिसाङ खोला किनारबाट करिब एक घण्टाको उकालो चढेपछि पुगिने यो क्षेत्र प्रचार-प्रसारको कमीले ओझेलमा परेको छ।

माल पाएर चाल नपाउँदा यस्तै हुँदो रहेछ, स्थानीय बासिन्दा भन्छन्– यसतर्फ कसैको आँखा जादैन। निकै रमाइलो यो पोखरी पुग्नेहरू एकपटक आफ्ना दुःख-पीडा सबै भुल्छन्। मोरङ आउनेहरूले एक पटक पुग्नैपर्ने यो पोखरी पूर्व-पश्चिम राजमार्गको कानेपोखरीबाट ९ किलोमिटर उत्तरमा अवस्थित लेटाङ बजार पुगेपछि त्यहाँबाट पश्चिम चिसाङ खोला पार गरेर पनि जान सकिन्छ। दुवै मार्ग चिसाङको पश्चिमी किनारबाट एउटै ठाडो उकालोमा पुग्छ। निजी सवारी साधन हुनेहरू धूले सडकबाट पनि त्यहाँ पुग्न सक्छन्।

राजारानी धिमाल पोखरी करिब २० हेक्टर क्षेत्रफलमा फैलिएको छ, जसमा १ सय ४० मिटर गोलाइको



रानीपोखरी र ७ सय ५० मिटर गोलाइको राजापोखरी छ भने दुई पोखरीको उत्तर-पूर्वमा सुक्न लागेको सानो छोरीपोखरी छ। मगर जातिको बाहुल्य रहेको त्यस क्षेत्रमा ३६ घर-धुरी बसोबास गर्दै आएका छन्।

वरिपरि डाँडैडाँडाले छेकिएको उपत्यकाझैं देखिने राजारानी क्षेत्रमा तीन-वटा पोखरी र धिमाल तथा मगर समुदायले पूजा गर्ने दुई मन्दिर छन्। यसबाहेक त्यहाँका विभिन्न रूखमा सुनाखरी फूल पनि फुल्छन्।

पूर्वी नेपालको झापा र मोरङका आदिवासी धिमालहरूले अढाई महिनासम्म मान्ने ढङढङे (असारे) मेला हरेक वर्षको वैशाख २ गते पोखरीस्थित धिमाल ग्रामथानमा पूजा गरेपछि सुरु हुन्छ। यहाँबाटै सुरु भै तराईमा बसोबास गर्ने सबै धिमालले आ-आफ्नो ठाउँमा पालो गरेर दैनिक मेला लगाउँछन्। यो क्रम असार १५ मा टुङ्गिन्छ। राजारानी क्षेत्रको उत्तरतर्फ धिमालहरूले पूजा गर्ने देवीथान छ। उक्त थानमा आ-आफ्नो गच्छेअनुसार बोका, कुखुरा, हाँस, परेवा आदि बलि दिइन्छ।

किंवदन्तीअनुसार यस क्षेत्रमा सत्य राजा र सत्य रानीले राज्य गरेका थिए। यहाँका राजाले विराट राजासँग लडाइँ गर्न जाँदा सेतो र कालो परेवा लिएर गएका थिए। सेतो परेवा फर्केर आए जित र कालो परेवा आए हार हुन्छ भनेर राजा लडाइँमा गए। परेवा बोकेको सिपाहीले बाटोमा चारो ख्वाउन लाग्दा कालो परेवा उडेर आएपछि रानीले युद्धमा हार भएको ठानिन्। विलाप गर्दै उनी जलेर मर्न लागिन्, तर उनी जल्दाजल्दै राजा फर्किएर आए तर रानी बाँच्न नसकेकाले राजाले पनि त्यही स्थानमा देहत्याग गरे। राजारानी नै मरेकाले राजारानीको नाम सत्यराजा-सत्यरानी रहेको विश्वास यहाँ पूजा गर्न आउने धिमालहरूको छ।

जिल्ला विकास समिति, मोरङका सूचना अधिकृत यो जिल्लाकै उत्कृष्ट पर्यटकीय स्थल भए पनि यसको प्रचारप्रसार हुन नसकेको बताउँछन्। हुनुपर्ने जति भौतिक पूर्वाधारसमेत नभएकाले अहिले चर्चामा नआए पनि एक दिन यो सबैको गन्तव्य स्थल बन्ने कुरामा उनी ढुक्क देखिन्छन्। भोगटेनी गाविसका पूर्व उपाध्यक्ष डिल्लीराम तामाङ यो क्षेत्रको प्रचार-प्रसार गर्न सके विदेशी मुद्रा आर्जन गर्ने कुरामा आशावादी छन्। तामाङ भन्छन्– पर्यटकहरू यस्तो ठाउँमा नआएर कहाँ जान्छन् त ?

**लीलावल्लभ घिमिरे**

# प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?

प्रेमी-प्रेमिका बिनाको जीवनले कुनै अर्थ राख्दैन । आफ्नो सुख-दुःख एक-आपसमा साट्ने माध्यम नै प्रेम हो । अगाडि बढ्ने र साथ दिने त प्रेमी-प्रेमिका नै हुन् नि ।

**सुजित खतिवडा**

के तपाईंले प्रेम गरेर थाहा पाउनुभएन र यस्तो प्रश्न गर्नुभएको ? अन्त्यन्तै गाह्रो हुन्छ नि हौ, मनै मान्दैन ।

**देवराज ढकाल**

प्रेमी-प्रेमिकाविहीन जीवन नुनविनाको तरकारी, पानीविनाको ताल अनि पुस्तकविनाको विद्यार्थीजस्तो हुन्छ ।

**उपेन्द्र गोले (२६), रौतहट**

प्रेमीप्रेमिकाको जीवन मोबाइलको टावर जस्तो हुन्छ । मोबाइल नभए टावरको के काम टावर नभए मोबाइलको के काम ?

**किस्मत चाम्लिङ (१६), खोटाङ**

जसरी प्रेमको व्याख्या गर्न सकिँदैन त्यसरी नै म यो प्रश्नको जवाफमा कुनै व्याख्या गर्न सक्दिनँ । किनभने म आफैं घायल भै बाँचेको छु ।

**प्रदीप चौलागाई (१६), देवघाट**

मसानघाट जस्तो ।

**मल्लिका मल्ल (१८), धादिङ**

खै, म त कल्पना पनि गर्न सक्दिनँ, त्यो जीवन पनि के जीवन, जहाँ प्रेमी-प्रेमिका नै हुँदैनन् ।

**कमल अधिकारी**

जीवन एकदमै खल्लो हुँदो हो नि ।

**नारायण कुँवर, गुल्मी**

नेपालका राजनीतिज्ञ, राजनीति र सरकार जस्तै हुन्छ ।

**नारायणदत्त अवस्थी**

यो प्रश्न त गहिरो धोका खाएकाहरूले देलान् नि सम्पादकज्यू ?

**टीकाराम अर्याल, स्याङ्जा**

नेपालको १६ घन्टे लोडसेडिङभन्दा पनि बढी अन्धकार हुन्छ होला ।

**जीपी थापा (२०)**

पक्कै पनि नुन नहालेको तरकारी जस्तो हुन्छ होला ।

resham_sunuwar@yaoo.com

खै ! मेरो जस्तै हुन्छ होला, राम्रो पनि हुँदैन, नराम्रो पनि हुँदैन अनि ठीकै पनि हुँदैन । खै ! कस्तो-कस्तो हुन्छ ।

**विनोद खतिवडा**

खै के भन्ने सम्पादकज्यू, आफू त परियो मागी विवाह गरेको मानिस ।

Chy_nandu@yahoo.com

टुँडिखेलमा छाडेको साँढे जस्तो, प्रेमले बन्धनमा बाँध्छ ।

**प्रदीप चौलागाई**

प्रेमी-प्रेमिकाबिनाको जीवन एकदमै नियास्रो हुन्छ ।

**कृपान्द+प्रभा**

आफूलाई त केही पनि थाहा छैन ।

anuragi065yahoo.com

मेरोजस्तै हाल हुन्छ होला ।

**भवनकुमार चौलागाई (१७)**

खै कस्तो भन्नु ? उराठलाग्दो अर्थात् बोर हुन्छ । अर्कातर्फ पैसा जोगिने भएकाले कताकता खुसी पनि लाग्छ ।

**प्रवीण ज्ञवाली**


ओ सम्पादकज्यू, प्रश्न गजब छ नि तर के गर्नु, आजसम्म मैले प्रेम गरेको छैन, त्यसैले थाहा भएन । मैले प्रेम गरें भने यो प्रश्नको जवाफ पक्कै दिनेछु ।


**विराट योञ्जन, सिरहा**

## • अब हाम्रो पालो •


यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
२. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
३. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
४. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
५. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
६. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
७. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
८. पढेर जानिन्छ कि परेर ?
९. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
१०. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?





## • यौन जिज्ञासा र समाधान •



डा. राजेन्द्र भट्ट

**प्रश्न : म ३८ वर्षीय पुरुष हुँ । मेरो विवाह भएको १५ वर्ष भैसकेको छ । मेरा दुई छोरा छन् जो १२ र ६ वर्षका भए । मलाई चार-पाँच महिनादेखि यौनचाहना हुँदा पनि लिङ्ग उत्तेजित हुँदैन । मेरो अन्य कुनै स्वास्थ्य समस्या छैन । यौनसम्पर्क गर्न खोज्दा लिङ्ग उत्तेजित नहुनुपर्ने कारण पनि छैन । कुन तत्त्वको कमी वा रोगले मलाई यस्तो भएको हो । के यो समस्याको समाधान हुनसक्छ ? कहाँ सम्पर्क गरे मैले लाभ पाउँछु ?**

**– एफ.एम.के.**

**उत्तर: लिङ्ग कसरी उत्तेजित हुन्छ ?**


हामीलाई थाहै छ, हामीले इन्द्रियहरूबाट सन्देशहरू ग्रहण गर्छौं र त्यो मस्तिष्कसम्म पुग्छ र चेतन रूपमा हामीले सो कुरा थाहा पाउँछौं । यौनसम्बन्धी कुरा पनि यसैगरी हाम्रो मस्तिष्कसम्म विभिन्न तरिकाले पुग्छ । विभिन्न अङ्ग (स्रोत) बाट सन्देशहरू स्नायुप्रणालीका नसाहरूबाट विद्युतीय तरंग वा रसायनहरूको माध्यमबाट मस्तिष्कसम्म पुग्छन् र त्यसलाई मस्तिष्कले अर्थ लगाएपछि हामीले थाहा पाउँछौं । यौन उत्तेजना हुने किसिमका सन्देशहरू प्राप्त भए उत्तेजना बढ्छ । व्यक्तिअनुसार कुन किसिमको सन्देश बढी यौन उत्तेजक हुन्छ भन्ने कुराचाहिँ फरक-फरक हुन सक्छन् ।

यसरी यौन उत्तेजित हुन सुरु भएपछि लिङ्गका धमनीहरूबाट बढी मात्रामा रगत लिंगमा भएको उत्थित हुन सक्ने विशेष तन्तुमा जम्मा हुन थाल्छ, साथै लिङ्गबाट रगत बाहिर निस्कने क्रम घट्छ अनि लिङ्ग कडा, मोटो र लामो हुन्छ । यसैलाई हामी लिङ्ग उत्तेजित भएको मान्छौं ।

**लिङ्ग किन उत्तेजित नभएको होला ?**

चाहिएको बेलामा चाहेको जस्तो गरेर लिङ्ग उत्तेजित नभै यौनसम्पर्क राख्न नसकेको अनुभव धेरैजसो पुरुषले जीवनको कुनै न कुनै बेला गरेका हुन्छन् । लिङ्ग उत्तेजित नहुनु वा उत्तेजित अवस्थामा आइसकेको लिङ्गलाई सो स्थितिमा राख्न नसक्ने समस्यालाई अंग्रेजीमा impotence वा erectile dysfunction भनिन्छ ।

राम्रोसँग लिङ्ग उत्तेजित नहुने कारण शारीरिक तथा मानसिक दुवै हुन सक्छन् । लिङ्गको उत्थित हुन सक्ने तन्तुमा रक्तप्रवाहलाई नकारात्मक रूपमा प्रभाव पर्ने कुनै पनि स्थिति लिङ्ग उत्तेजना नहुने सम्भावित कारण बन्न सक्छ । मधुमेह, मृगौलाको खराबी वा कलेजोको खराबी, प्रजनन अङ्ग वा त्यसको स्नायु प्रणालीलाई प्रभावित पार्ने गरेर भएको चोटपटक वा रोग, रक्तनसा वा रक्त प्रणालीमा भएको खराबीले लिङ्ग उत्तेजित नहुने समस्या गराउन सक्छ । एलर्जी, रक्तचाप तथा मानसिक रोगको उपचारका क्रममा खाइने कतिपय औषधी पनि यसका कारण हुन सक्छन् । पार्किनसन्स रोग वा क्यान्सरको उपचारमा प्रयोग गरिने औषधीहरूले पनि यस्तो गराउन सक्छ । साह्रै थकाइ लागेकाले होस् वा अधिक मादक पदार्थको सेवन गरेकाले होस् लिङ्ग उत्तेजनामा नकारात्मक असर परेको हुनसक्छ ।



त्यसैगरेर तनाव, चिन्ता, ग्लानि, उदासीपन, आत्मविश्वास कम हुनु, यौन सक्षमताको चिन्ता, यौनसम्बन्धी कुरामा नै अरुचि हुनु, यौन जोडीसँगको सम्बन्धमा भएको एकनासेपनबाट दिक्क हुनु, यौनरोग वा अन्य रोग लाग्ला कि भनेर चिन्ता, भावनात्मक असन्तुलन वा अन्य मनोवैज्ञानिक रोग हुनुजस्ता कुरा पनि लिङ्ग उत्तेजित नहुने कारण हुन सक्छन् ।

**के गर्ने त ?**

तपाईंले आफूमा लिङ्ग उत्तेजित हुनु नपर्ने त्यस्तो खासै कारण देख्नुभएको छैन । आशा गर्छु, तपाईंमा माथि उल्लेख गरिएका कुरामध्ये कुनै पनि छैनन्, तर पनि के अनुरोध गर्न चाहन्छु भने यसमा गहिरोसँग विचार गर्नुहोला ।


शारीरिक होस् वा मानसिक कारण हेरी त्यसको उपचार गर्नुपर्ने हुन्छ । ठीक व्यक्तिसँग, ठीक समयमा, ठीक परिस्थितिमा मात्र यौन सम्पर्क गर्ने प्रयास गरिए लाभ पुग्छ । सहज वातावरण र तनावरहित भएर यौन क्रियाकलापमा संलग्न हुँदा फाइदा पुग्छ । आवश्यकताभन्दा बढी पीर गर्दा समस्या बल्झन सक्छ ।


'अपराधबोध वा दोषीपन अनुभव' भएको छ भने पनि लिङ्ग उत्तेजनामा नकारात्मक असर पर्न सक्छ । भावनात्मक तथा प्रणय सम्बन्धका लागि समर्पित भएर प्रयास गर्नुपर्छ । दिक्क अर्थात् बोर भएको स्थितिमा पनि यस्तो समस्या पर्छ । यस्तो बेलामा सम्बन्धलाई नै रमाइलो बनाउन के गर्न सकिन्छ भन्ने विषयमा सोच्नुपर्ने हुन्छ ।


जीवनमा यति धेरै जिम्मेबारी हुन्छन् कि त्यसको दबाबमा परेर यौनसम्बन्धी कुरामा नकारात्मक असर पर्न सक्छ । त्यसैले घरेलु वा व्यवसायको चिन्ता वा तनाव शयन कक्षसम्म पस्नै नदिएर यौनमा समर्पित क्षणहरू दुवैले बिताउने प्रयास गर्नुपर्छ । कहिलेकाहीं बालबच्चारहित श्रीमान्-श्रीमतीले मात्र एकान्त प्राप्त गर्ने अवसरका लागि छुट्टी मनाउन जानुले यौनजीवनमा ऊर्जा थप्छ ।


अर्को कुरा, तपाईंको जस्तो स्थितिमा आएर यौन जीवनमा एकनासेपनको सिकार हुने स्थिति रहने भएकाले यौन जीवनमा सक्दो विविधता ल्याउने प्रयास गर्नुपर्छ । फरक आशन, फरक किसिमको यौन क्रियाकलाप, यौनसम्पर्क गर्ने स्थान फरक गर्ने जस्ता कतिपय कुरा गर्न सकिन्छ । यसले यौनजीवनमा नौलोपन आउँछ, एक किसिमको ऊर्जा थप्छ र पर्याप्त यौनआनन्द उठाउन सकिन्छ ।


अन्त्यमा थप कुरा के पनि भनौं भने किशोर वा युवा अवस्थामा भन्दा यो उमेरमा विभिन्न कारणले उत्तेजनामा केही फरक त हुन्छ नै । त्यसकारण उमेर र समयसँगै हुने परिवर्तनलाई पनि आत्मसात् गर्न सक्नुपर्छ । युवा अवस्थाको जस्तो अपेक्षा गरेर आफूलाई दोष दिनुपर्ने वा हीनताबोध गर्नुपर्ने कुनै कारण छैन ।












## बाटो पत्ता लगाउनुहोस्

## भन्न सक्नुहुन्छ ?

राम आफ्नो घरबाट श्यामको घर जान हिँड्दा ऊ पहिले १ सय मिटर उत्तर लागेर २ सय मिटर दक्षिण लाग्यो, त्यसपछि फेरि ५ सय मिटर पश्चिम हिँडेर २ सय मिटर उत्तर लाग्यो। त्यति गर्दा पनि राम श्यामको घरभन्दा १ सय मिटर उत्तरतर्फ टाढै रह्यो। अब भन्नुस्, रामको घर श्यामको घरबाट कुन दिशामा कति टाढा होला ?

## साप्ताहिक कोठेपद




**दायाँ**

१. स्पेनका प्रसिद्ध अन्वेषक (८)
३. बंगलादेशकी प्रधानमन्त्री (८)
४. माओवादी नेता (८)
५. अप्रवासी चरा (६)
६. वर्ण र मात्राको क्रम अनुसार तयार गरिएको कृति (६)
७. वैष्णव सम्प्रदायका प्रसिद्ध ऋषि (४)
८. खुकुरी उज्याउने हतियार (२)
१०. भाइ (३)
१३. विचारशील, चतुर (३)
१४. सम्झौता (३)
१५. चलमालाउने, हल्लीखल्ली (४)
१६. भगवान शिवको निवास (६)

**तल**

१. पोर्चुगलका फुटबल स्टार (७)
२. दौलतविक्रम विष्टको उपन्यास (९)
३. जवाफ आउन बाँकी प्रश्न (४)
४. सतविज छर्ने तिथी (६)
५. सुरक्षा आवरण (३)
६. अर्धविराम पनि भनिन्छ (५)
७. पासपोर्ट (४)
८. नराम्रो (४)
९. एक प्रकारको कपडा (४)
१०. घोडा (२)
११.पवित्र उमारिएको जौं (३)
१२. बँदेल (३)
१३. एक प्रकारको अन्न (२)

## पत्याउनु हुन्छ ?

प्रत्येक २ हजार शिशुमध्ये एउटा शिशु दाँतसहित जन्मिन्छ।

ब्ल्याक बिडोको पोथी माकुराले सम्भोगपछि भालेलाई खान्छे।


७६ वर्षीय केभिली पापाजोन सन् १९८७ डिसेम्बर २८ देखि १९८८ जनवरी २ तारिखसम्म लिफ्टमा थुनिएका थिए। उनी लिफ्टमा आफ्नो झोलामा भएको खानेकुरा खाएर बाँचेका थिए।

हेडफोनमा एक घन्टासम्म गीत वा अरू कुरा सुन्ने हो भने त्यसले कानमा ७ सय गुणा बढी जीवाणु पैदा गर्छ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?

## तलको चित्रमा कति तारा होला ?

## तलको चित्रमा कुन-कुन वस्तुहरू छन् ?



# फेरिंदै छ मेलाको परिभाषा

**भिषा काफ्ले**

धनकुटा- धनकुटाका प्रकाश पौडेललाई अभिभावकले माघ १ गते मकर संक्रान्ति नुहाउन भनेर लेगुवास्थित अरुण नदी किनारामा लाग्ने मागे मेला भर्न जान भने । कहिल्यै अरुण नगएका उनलाई मकर नुहाउन जान खुब रमाइलो लागेको थियो । त्यसैगरी भोजपुर घर भएकी सुभद्रालाई पनि उनका आफन्तले त्यहीं मकर नुहाउन जानुपर्छ भनेर ल्याए । मकर नुहाइसकेपछि दुवै पक्षका आफन्तहरूको गाँठी कुरा थाहा पाएपछि प्रकाश र सुभद्रा त्यतिखेर छक्क परे जब उनीहरूलाई मकर नुहाउन होइन, मकर मेलाको बहानामा उनीहरू दुईको लगनगाँठो जुराउन पो लगिएको रहेछ । उनीहरूले एक-अर्कालाई हेरे, गफगाफ गरे । कुरा पनि मिल्यो । अभिभावकहरूबीच पनि कुराकानी भयो । सबै कुरा त्यहीं छिनियो अर्थात् उनीहरूको विवाह हुने पक्का भयो ।

अभिभावकको चलख्याइँमा मात्र होइन, मेला भर्न आएका युवायुवतीको आफ्नै रोजाइमा पनि धेरै लगनगाँठो जोडिएका छन् । चार वर्षअघि त्यही मेला लाग्ने ठाउँमा संखुवासभाबाट आएकी रोशनी दाहाल र तेह्रथुमबाट मेला भर्न गएका हरिन्द्र थापाको पनि एक वर्षसम्म अफेयर चलेर तीन वर्षअघि विवाह भयो । यो वर्षको माघेसंक्रान्ति मेलामा आफ्नो पहिलो भेट भएको ठाउँमा दुई वर्षीया छोरी लिएर मेला भर्न आएका हरिन्द्रले भने- 'यही मेला भर्न आएका बेला मायाप्रीति बस्यो र विवाह पनि भयो । अहिले छोरी पनि दुई वर्षकी भैसकी, त्यसैले यो छोरीलाई लिएर मकर नुहाउन आएका हौं ।'

नेपाली समाजमा विभिन्न संस्कृति छन्, तिनै संस्कृतिअन्तर्गत विभिन्न समयमा विभिन्न स्थानमा लाग्ने मेला बजारहरूको छुट्टै पहिचान छ । हिउँद याम सुरु भएदेखि नै विभिन्न ठाउँमा लाग्ने मेलाहरू असोज महिनादेखि नै निकै तातिँदै जान्छन् । दसैंविशेष मेला, तिहार मेला, मंसिरे पूर्णिमा मेला, एकादशी मेला, बालाचतुर्दशी मेला, शिवरात्रि मेला, माघे संक्रान्ति मेला, श्रीपञ्चमी मेला, फागु मेला, छठी मेला, चैते दसैं मेला, वैशाखे पूर्णिमा मेला गर्दै-गर्दै साउने संक्रान्तिसम्म मेला लागि नै रहन्छ ।

विभिन्न ठाउँमा लाग्ने यस्ता मेलाहरू १२ महिनामा सयौं ठाउँमा लाग्छन् । यस्ता मेलाहरू देशमा प्रायः सबै क्षेत्रमा लाग्छ । परम्परागत रूपमा विशेष स्थानमा लाग्ने यस्ता मेलाको परिभाषा अहिले फेरिँदै गएको छ । धार्मिक अनि सांस्कृतिक आस्थाले मेला लाग्ने यस्ता स्थलहरू अहिले जोडी बाँध्नेहरूहरूको भेटघाटसँगै जोडी जुराउने स्थलका रूपमा परिचित हुँदैछन् ।

मेलामा आफूलाई आकर्षक देखाउन युवायुवतीहरू नयाँ र आकर्षक फेसनमा सजिएका हुन्छन् । आठ-दस वर्षअघिसम्म हातमा हात समाएर ढोलनाच, धाननाच, मारुनी नाच, देउडा नाच, तामाङ सेलो नाच नाचिने मेला-बजारहरू अहिलेको आधुनिकतासँगै रिमिक्स र पपमा कम्मर जुधाएर नाचिने नाचतिर लहसिँदै छन् । मेला-बजारको रमाइलो पक्ष त छँदै छ, त्यसका साथै परिर्वतन भएको अर्को पक्ष हो- यस्ता ठाउँहरू राम्रो र भरपर्दो इनगेजमेन्ट स्थलका रूपमा विकसित हुनु ।

युवायुवतीहरू मात्र यसको भागीदार नभएर अभिभावकहरू पनि उमेर पुगेका छोरालाई बुहारी खोज्न अनि छोरीका लागि ज्वाइँ खोज्न विशेष चाडपर्वमा लाग्ने मेलाहरूलाई नै उपयुक्त स्थान मान्छन् । एक दशक अघिसम्म किराँत जातिको धेरै उपस्थिति हुने यस्ता मेलापर्वमा अहिले सबै जातजातिका युवायुवतीहरूको घुइँचो लाग्छ । विभिन्न मेलामा पुगेर त्यहाँको अनुभव सँगालेका हात्तीखर्क, धनकुटाका भरतमोहन अधिकारी भन्छन्– 'पहिले-पहिले त मेलास्थलहरूमा राई, लिम्बू जातिका युवायुवतीहरू बढी देखिन्थे, उनीहरू मेलामा आएर घान नाच्थे, नच्दानाच्दै बिहे पनि गर्थे तर अहिले त सबै जातिका मानिसको उत्तिकै घुइँचो लाग्ने गरेको छ, सबै जातका केटाकेटीको कुरा यस्तै मेला-बजारमा छिनिन थालेका छन् ।'

युवायुवतीहरू पनि कुनै स्थानमा मेला लाग्ने सुइँको थाहा पाएपछि डेट मिलाउन थालिहाल्छन् । नाम नखुलाउने सर्तमा एक युगल जोडीले भने– 'हामीले यो मेलामा भेट्ने डेटिङ एक महिना अघिदेखि नै तयार गरेका थियौं ।'

प्रायः गरेर हिउँद याममा लाग्ने मेलापर्वहरूलाई हेर्दा यस्तो लाग्छ, विवाह मौसम अनुकूल हुने भएकाले पनि यो समय रोजिएको हुनुपर्छ । अर्को यही मौसममा मेला आयोजना गर्नुचाहिँ उमेर पुगेका युवायुवतीहरूलाई मेला भर्ने निहुँमा हेराहेर गर्ने वा आफन्तले छोराछोरीका लागि वरबधू खोजिदिने सुनौलो मौका पनि बन्दै गएको छ भने यो टाढा-टाढाका प्रेम जोडीहरूको भेटघाट गर्ने उपयुक्त स्थल पनि हो भन्दा अत्युक्ति नहोला । त्यसै भएर मेला भर्ने जमातमा युवायुवतीकै भीड बढी देखिन्छ ।

भीड नलागोस् पनि किन ? मेलाको बहाना बनाएर आफ्ना प्रियजनहरूसँगको भेटघाटदेखि लिएर जोडी बाँधिने अनुकूल स्थान भएपछि मेलाको रौनकै अर्कै हुन्छ ।

## मनको नाता शरीरसँग

अधिकांश महिला यौन इच्छा भए पनि नभए पनि आफ्ना श्रीमान्प्रति लगाव राख्छन् । यौनका लागि मन हुनु वा नहुनु फरक कुरा हो । दम्पतीले आपसमा कुराकानी त गर्न सक्छन् नै, सँगै बसेर कुराकानी गर्दागर्दै ऊर्जा प्रवाहित हुन्छ । त्यसबेला इच्छा नहुँदा पनि मन बहकिन सक्छ र जब मन सम्हालिन सक्दैन तब इच्छाहरू स्वतः जागृत हुन्छ । यस्तो स्थितिमा पलायनवादी प्रवृत्तिबाट बच्नुपर्छ । यसो गरिएन भने महिला-पुरुष दुवै मानसिक एवं शारीरिक रूपमा चिसिन पुग्छन् । साथ रहनाले आपसी लगाव बढ्छ र यही लगावले यौन इच्छालाई जीवन प्रदान गर्छ ।

अधिकांश महिलामा आमा बनिसकेपछि यौनप्रति अरुचिको गुनासो सुन्न पाइन्छ । जसका कारण उनीहरू श्रीमान्को पूर्ण रूपमा ख्याल त राख्छन् तर एकान्तमा डराउँछन् । शिशुलाई जन्म दिँदा जुन मानसिक एवं शारीरिक दुःख भोग्नुपर्ने हुन्छ यसका कारण पनि उनीहरूमा यौनप्रति अरुचि उत्पन्न हुन सक्छ । त्यसका साथै शरीरको आन्तरिक अंगप्रणालीमा पनि धेरै परिवर्तन हुने भएकाले यौनको तिर्खा पहिलेको तुलनामा कम हुन्छ । आमा बनिसकेपछि शरीरमा परिवर्तन वा मनस्थितिमा परिवर्तन स्वाभाविक कुरा हो । यस स्थितिमा श्रीमान्ले कुशलतापूर्वक स्थितिलाई सम्हाल्नुपर्छ, श्रीमतीलाई सम्झाउने, बुझाउने जिम्मेबारी श्रीमान्को हुन्छ । मनमा उत्तेजना हुनु वा नहुनु मानसिक एवं शारीरिक अवस्थामा निर्भर हुन्छ । एक-अर्काबाट टाढा हुँदा यस्तो स्थिति अझ बढ्न सक्छ । अतः श्रीमान्-श्रीमती एक-अर्काबाट टाढिनु उचित होइन । जब प्राकृतिक रूपमै शारीरिक अवस्थामा परिवर्तन आउन थाल्छ मनमा पुनः उत्तेजना जागृत हुन्छ । सँगै सुत्ने, रोमान्टिक क्षणहरूको सम्झना गर्ने, अँगालोमा बाँधेर चुम्बन गर्ने, अंग विशेषमा नजर लगाउने, वितेका यौन क्रियाकलाप स्मरण एवं महसुस गर्नाले बिस्तारै यौनप्रति उत्पन्न निराशा वा अरुचि हट्दै जान्छ रस्वाभाविक रूपमा उत्तेजना उत्पन्न हुन थाल्छ ।

श्रीमती नजिक आउन डराउँछिन्, शिशुसँगै सुत्छिन्, शिशुको बहाना बनाएर टाढा भाग्न खोज्छिन् भने उनीमाथि रीस पोख्नुभन्दा त्यसको कारण खोज्नु बुद्धिमानी हुन्छ । कारण जे भए पनि त्यसको निराकरण एउटै हुन सक्छ श्रीमतीको मनबाट डर निकाल्नु । उनलाई उनको इच्छाविपरीत केही गरिंदैन भन्ने विश्वास दिलाउनुपर्छ । उनलाई यो कुराको पनि आभास गराउनु आवश्यक छ कि उनी जीवनसंगिनी हुन्, सुख-दुःखको साथी हुन्, उनको खुसी आफ्ना लागि कति अर्थ राख्छ ? यी कुरा उनको मनबाट डर निकाल्न सहायक हुन सक्छन् । बिस्तारै उनी निर्भयता पूर्वकको सामिप्यमा आउन थाल्छिन् । वास्तविकता बुझ्न उनलाई सहयोग गर्नु थप जिम्मेवारी हो । श्रीमतीको मनबाट डर, चिन्ता र भय हटाउनु आवश्यक हुन्छ । शारीरिक क्रिया मात्र यौन नभएर यो मन, शब्द र स्पर्शबाट पनि अभिव्यक्त हुन्छ । यौनका लागि शरीर माध्यम हो । मन त्यसका लागि आवश्यक तत्त्व भएकाले शरीरको आवश्यकता पूर्तिका लागि मनको स्थितिलाई सकारात्मक बनाउनु आवश्यक हुन्छ अनि मात्र शारीरिक क्रिया सुखदायी हुन्छ ।

**– रोजिन शाक्य**


# बूढासुब्बामा प्रेमको धागो

**प्रदीप मेन्याङ्बो**

धरान- कुनै धागो वा सानो डोरोले दुई बैंसालु प्रेमीको चञ्चल मनलाई कतिन्जेल बाँधेर राख्न सक्छ, त्यो त देख्न पाइएको छैन, तर धरानको प्रसिद्ध बूढासुब्बा मन्दिरलाई नयाँ पुस्ताका रूपमा देखा परेको एक्स र नेक्स्ट जेनेरेसनले प्रेमको प्रतीकका रूपमा मान्न थालेका छन् ।

प्रत्येक शनिबार बिहान बूढासुब्बा मन्दिरमा र छेउमा रहेको टुप्पाविहीन बाँसमा प्रेमको धागो बाँध्ने चलन लोकप्रिय हुन थालेको छ । प्रेममा लीन र भर्खरै विवाह गरेका जोडीहरू आफ्नो माया-प्रीति अर्को जन्मसम्म नटुटोस् भनेर मन्दिरको घण्टा र बाँसमा धागो बाँध्न थालेका छन् । ग्रीक कथामा प्रेमको देवता भनेर एफ्रोडाइटलाई चिनाइए पनि नेपाली संस्कृति-संस्कारमा प्रेमको देवताका रूपमा कसैलाई चिनाइएको छैन । यद्यपि बूढासुब्बा मन्दिर बिस्तारै प्रेमीहरूको आस्थाको केन्द्र बन्न थालेको छ ।

बूढासुब्बा मन्दिरमा पुरानो भाकल पूरा गर्न आएका बेला बाँसमा प्रेमको धागो बाँधेपछि सुनसरी तरहराकी १९ वर्षीया कविता गुरुङले भनिन्, 'यहाँको बाँसमा धागो बाँध्दा आफूले मन पराएको वर पाइन्छ रे, अनि गाँसेको प्रेम कहिल्यै चुँडिँदैन रे, त्यसैले बाँधेको ।'




बूढासुब्बाको टुप्पाविहीन बाँसमा प्रेमी जोडीहरूले आफू र आफ्नो प्रेमीको नाम जोडेर लेख्दा लेख्दा सियोको टुप्पाजति पनि ठाउँ बाँकी थिएन । काँटीको सहाराले नाम कोर्ने प्रेमीजोडीहरूका कारण बूढासुब्बाको बाँस असुरक्षित हुन थालेपछि चार वर्षअघि त्यहाँ तारजाली लगाइयो । त्यसपछि बाँसमा लेख्ने विकल्पका रूपमा तारजालीवरिपरि प्रेमको धागो बाँध्ने चलन सुरु भयो । केही वर्षको प्रेमपछि भर्खरै विवाह-बन्धनमा बाँधिएका धरान बीचघोपाका जोन र लक्ष्मी राईले पनि त्यहाँ प्रेमको धागो बाँधे । सगरमाथा कलेजमा स्नातक गरिरहेका दुवै जोडीले आफ्नो दाम्पत्य जीवनको सफलताको कामना गर्दै त्यहाँ प्रेमको धागो बाँधिरहेका बेला भने, 'सबैले बाँधेको देखेर हामीले पनि बाँधेका हौं । बूढासुब्बाको बाँसमा धागो बाँध्दा प्रेम र दाम्पत्य जीवन सफल हुन्छ भने किन नबाँध्ने ?'

चार वर्षअघिसम्म बूढासुब्बा मन्दिरमा पुरानो भाकल पूरा गर्न, चिताएको कुरा पूरा गर्न लोकल कुखुराको रातो भाले र पोथी, सक्नेले सुंगुर अनि केही रक्सी, पान, सुपारी, ल्वाङ, चुरोट आदि चढाउँथे । पछिल्लो समयमा ती सबै सामग्री सँगै युवा पुस्ताले प्रेमको धागो पनि चढाउन थालेको स्थानीय बासिन्दा इन्द्र श्रेष्ठ बताउँछन् ।

युवायुवतीहरू विजयपुर डाँडोस्थित बूढासुब्बा मन्दिरमा शनिबार बिहानै पूजासामग्री र प्रेमको धागो लिएर आउने चलन बढिरहेको छ । धरानका रोशन श्रेष्ठ भन्छन्, 'गजबको चलन बसेको छ, धागो बाँधेर प्रेमको सफलताको कामना गर्ने युवा युवतीहरूको संख्या बढिरहेको छ ।' २१ औं शताब्दीलाई प्रविधि र विज्ञानको युग मानिए पनि नेपाली समाजमा देखिएको अन्धविश्वास ज्यूँका त्यूँ देख्न सकिन्छ । धार्मिक एवं सांस्कृतिक आस्थाका कारण मन्दिरमा रहेको बाँस घेरिएको तारजालीमा प्रेमको धागो बाँध्नुलाई अस्वाभाविक मानिहाल्ने स्थिति भने छैन । धरानकी उषा राईले भनिन्, 'सबै कुरा विश्वास हो । यो नयाँ पुस्ताका लागि प्रेमलाई बुझ्ने अवसर पनि हो ।'

बूढासुब्बामा एक्लै आएर पनि आफ्नो प्रेमीको नाममा धागो बाँध्ने काम गरिन्छ । यसरी प्रेमको धागो बाँध्दा मनको चाहना चाँडै पूरा हुने विश्वास गरिन्छ । मुलुकको द्वन्द्व, पारिवारिक एवं सामाजिक तनावका कारण युवा पुस्तामा भावनात्मक असुरक्षा बढ्दै गएको अवस्थामा बूढासुब्बामा प्रेमको धागो बाँध्ने युवायवतीको लाम लाग्ने गरेको एक मनोचिकित्सकले बताए । उनले भने, 'सबैतिर असुरक्षा छ । त्यो भावनात्मक असुरक्षाको भर्पाई गर्न युवायुवतीहरू अदृश्य शक्तिको पछि लाग्छन्, जसले गर्दा थोरै भए पनि मानसिक शान्ति प्राप्त हुन्छ ।'


# पलेंटीमा पुनरागमन, आभासको




हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार साङ्गीतिक श्रृंखला पलैंटीमा यस पटक गायक आभास प्रस्तुत हुने भएका छन्। उनले आगामी असार १२ गते नेपालयको 'आर' शालामा आफ्ना डेढ दर्जनभन्दा बढी गीत सुनाउनेछन्।

सानै उमेरदेखि सङ्गीत साधनामा समर्पित आभासले नेपाल र भारतका वरिष्ठ साधकहरूसँग सिकेर आफूलाई खारेका छन्। गायन, गीतलेखन र सङ्गीत तीनै विधामा पोख्त आभास सुरिलो गायन, सार्थक गीत र स्तरीय सङ्गीतका लागि परिचित नाम हो।

लामो अन्तरालपछि पलैंटीमा फेरि गाउन अभ्यासरत आभासले भने- 'पलैंटीको माध्यमबाट नै गीत, संगीतलाई आत्मसात् गर्ने श्रोता र दर्शकसित जोडिन पाएको हुँ। यसपालि उहाँहरूबाट अझै बढी माया पाउने आशा र विश्वास लिएको छु।'




# काठमाडौंमा बाइक रेसिङ



काठमाडौं- बबीविक्रम सिंह नेपाल एयरलाइन्सका पाइलट हुन्, तर उनको इच्छा बाइक रेसर बन्नु हो। त्यसैले त गत शुक्रबार उनी सम्भवतः नेपालमा पहिलोपल्ट आयोजित बाइक रेसर छनौट प्रतिस्पर्धामा सहभागी थिए। उनीजस्तै ग्राफिक डिजाइनर सचिन पल वैद्यको पनि चाहना बाइक रेसर बन्नु रहेछ। उनी पनि सिंहजस्तै शुक्रबार बाइक रेसिङमा भेटिए। ललितपुरको बालकुमारीस्थित निर्माणाधीन भेगास हाउजिङको चिल्लो सडकमा बाइक रेसिङ गर्न १६ जना तयार थिए, यामाहाको आर वान फाइभ रेसिङ बाइक लिएर। यामाहाको आधिकारिक विक्रेता मोरङ अटो वर्क्सले आयोजना गरेको नेपालका उत्कृष्ट बाइक रेसर छनौटमा बबी र सचिनका अतिरिक्त काठमाडौं कलेज अफ म्यानेजमेन्टमा बीबीआईएस दोस्रो वर्षका सोहेल कार्की तथा आयुष धौबन्जार पनि छानिए।

भारतकी एक मात्र महिला सुपर बाइक रेसर एलिसा अब्दुल्लाह तथा उनका बाइक च्याम्पियन बाबु




आर के अब्दुल्लाह नेपालका चार जना बाइक रेसरको छनौटका लागि काठमाडौं आएका थिए। सहभागी १६ बाट चार जना उत्कृष्टको छनौट

गर्न ती बाबु-छोरीलाई निकै समय लाग्यो। बाइक इन्जिनियर अनिल बरालसँग सरसल्लाह गरेपछि छनौट प्रक्रियालाई दुई चरणमा विभाजित गरियो। पहिलो चरणमा पाँच-पाँच जनाको समूह बनाएर उनीहरूले आरके अब्दुल्लाहलाई फलो गर्नुपर्ने भयो। १६ जना भएकाले एउटा समूहमा छ जना राखियो। 'स्पिड कुदाउनु आवश्यक छैन, यो चरणमा हामी तपाईंहरूको बडी ल्याङ्वेज, कर्नरिङ र टेकअफ हेर्नेछौं।'-अनिल बरालले एलिसासँग सल्लाह गरेपछि सहभागी सबैलाई नियम बताउन थाले अनि छनौट आरम्भ भयो र पहिलो चरणबाट छ जना बाहिरिए।

त्यसपछि पाँच-पाँच जनाको समूह बनाएर उत्कृष्ट १० मा परेकाहरु बीच रेसिङ सुरु भयो। एलिसाले रेसरहरूलाई भनिसकेकी थिइन्- 'जतिसक्दो स्पिड कुदाउनु, तर सबैभन्दा अगाडि आउने विजयी हुने होइनन्।' घुमाउरो बाटोमा बाइक घुमाउने स्टाइल, बाइक स्टार्ट गरेर फर्स्ट गियरमा हालेर कुदाउने तरिका, बाइक कुदाउँदा शरीरको ढल्काइ आदि कुरामा ध्यान दिएर बाबुछोरीले चार जना छनौट गरे। ती चार जनाले पर्सि आइतबार भारतको चेन्नै सहरमा आयोजना हुने आरवान फाइभ यामाहा च्याम्पियनसिपमा नेपालका तर्फबाट भाग लिने अवसर पाएका छन्।

**-सुव्रत आचार्य**




## रोजगार

साधारण महिला/पुरुषहरुका आवश्यकता ९०००/- ९८०३४२१५२६, ६६३५४०१

महिला कर्मचारीहरु चाहियो घर मै बसी काम गर्न सकिने ७०००।- गौशाला ४४६६७००

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९७४१०३५०११

जर्मनी, फ्रान्सको लागि SLC, + 2 Pass केटीहरु 5531884, 9803386712, 9741056886

नयाँ अफिसको लागि कर्मचारी चाहियो 9741146721

## उपचार


स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाईट गर्न स्वेतप्रदरबाट मुक्त तथा यौन सन्तुष्टीको बिकास गर्न ४२७६०६८, ९८४९०५११६१

लिङ्गको लम्बाई, मोटाई, एत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

स्त्री एवं पुरुषहरुको गुप्तरोग निसन्तान यौन दुर्वलता लीङ्गको साईज विकास मधुमेहको उपचार अन्तर ाष्ट्रिय अनुभवी Dr. Singh Regd No. 2047,01-2417717

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।


# हिमालय जोगाउन खुम्बु महोत्सव








लोकोक्तिअनुसार गुरु रिम्पोचे खुम्बुलगायतका हिमालय पर्वतमा मानवरक्षाका लागि बसेका छन्, तर त्यही खुम्बु अहिले जलवायु परिवर्तनका कारण संकटमा परेको छ। गुरु रिम्पोचेको सुरक्षा र हिमाललाई पग्लन नदिने काम स्थानीयवासीहरूले सुरु गरेका छन्। खुम्बुमा प्रचलित अर्को भनाइअनुसार बुद्धले पृथ्वीलोक छोड्न लाग्दा करुणाका देवता फाक्पा छेरेजिङले बुद्धसँग लामो समय पृथ्वीमा बस्न अनुरोध गरे। जवाफमा बुद्धले अब हिमालयको रक्षा गर्ने दायित्व तिम्रो हो भनेका थिए। बुद्धले भने– मेरो समय सकिएको छ, पृथ्वीलोकको रक्षा गर्ने पालो अब यहाँका जीवित मानवजातिको हो। यही कुरालाई मनन गरेका खुम्बुवासीले हिमालय पर्वतहरू जोगाउन खुम्बु महोत्सवको आयोजना गरे।

जलवायु परिवर्तनप्रति सजग स्थानीय जनताले सहरबाट आउने पर्यटकहरूलाई प्रदुषण हुने खालका कुनै पनि सामान नल्याउन अनुरोध गरेका थिए। हिमाली क्षेत्रका परम्परा तथा सांस्कृतिक गतिविधि पर्यावरण मैत्री भए पनि देश-विदेशका पर्यटकहरूका कारण हिमाल प्रदुषित भएकाले स्थानीय युवाहरूले खुम्बु महोत्सवको आयोजना गरेका हुन्।

महोत्सवको अर्को उद्देश्य हिमालयको पहिचान बनेको शेर्पा संस्कृतिको संरक्षण गर्नु थियो। जलवायु परिवर्तनका कारण भएको समस्यालाई विश्वजगत्मा पुर्‍याउन महोत्सवको पूर्वसन्ध्या असार ४ गते समुद्री सतहबाट ५ हजार १० मिटरको उचाइमा रहेको इम्जातालबाट म्याराथुन दौडको आयोजना गरिएको थियो। ४२ किलोमिटर लामो उक्त दौडमा १ सयभन्दा बढी धावकको सहभागिता थियो।

महोत्सवमा लुक्लाभन्दा माथिका आठवटा सांस्कृतिक टोलीले आ-आफ्नो क्षेत्रका सांस्कृतिक प्रस्तुति दिए। आमा समूहहरूले स्थानीय परिकारका स्टल राखेका थिए। इसिमोडले तयार पारेको जलवायु परिवर्तनसम्बन्धी तस्बिर प्रदर्शनी महोत्सवको अर्को आकर्षण रह्यो। महोत्सवको सबैभन्दा रमाइलो कार्यक्रम भने छ्याङ दुङ थियो। यो शेर्पाहरूको परम्परागत नाचगान हो। लोप हुन लागेको यो परम्पराको संरक्षण गर्न महोत्सवमा उपस्थित देशविदेशका पर्यटकले छ्याङ दुङको मज्जा लिएका थिए।



## बेलायतमा नेपाली सांस्कृतिक कार्यक्रम


लन्डन– नेपाली कलाकारहरूको एक समूहले बेलायतमा ५ हजार नेपाली तथा विदेशी पाहुनाबीच सानदार सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। मगर संघ, बेलायतद्वारा आयोजित कार्यक्रममा नेपालबाट गएका लोक तथा दोहोरी गायक सुमन बुढामगर, गायक जगदीश समाल, गायिका रीता थापाका साथमा बेलायतमै रहेका नेपाली कलाकारहरूले विभिन्न गीत-संगीत तथा नृत्य प्रस्तुत गरेका थिए।

उक्त अवसरमा सुमन बुढामगरले आधा दर्जनभन्दा बढी गीत गाएका थिए भने जगदीश समालले आफ्ना लोकप्रिय गीत सुनाएका थिए। गायक समालसँग स्थानीय गायिका प्रियंका पुनले राजेश पायल राई र अञ्जु पन्तले गाएको गीत मरिजाने जिन्दगीमा पनि प्रस्तुत गरेका थिए। युके मगर संघका महासचिव तथा लेखक एवं गीतकार दूध पुन र अध्यक्ष सन्त रानाले गीत-संगीतमार्फत् दर्शकहरूलाई आफूतर्फ आकर्षित गरे।

अल्टासडको क्विन्स एभिन्यु चौरमा सम्पन्न कार्यक्रममा युके मगर संघको मगर सांस्कृतिक संघका अध्यक्ष सोम रानाको नेतृत्वमा एक दर्जन जति सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो। कार्यक्रममा युकेमा रहेका २२ वटा नेपाली संघ-संस्थाका पदाधिकारीको उपस्थिति रहयो।


## पूर्वाञ्चल आइडलमा आमा-छोरी

धरान– छोरी प्रतीक्षासँगै आमा गंगा राई पनि प्रतिस्पर्धामा उत्रिइन्। आखिर आमा-छोरी दुवै दोस्रो चरणमा प्रवेश गरे। गायन प्रतिभाको खोजी गर्ने 'पूर्वाञ्चल आइडल-२' को सुनसरी, चतरामा सम्पन्न प्रतिस्पर्धामा उत्रिएका गंगा र प्रतीक्षाको स्वरले निर्णायकको प्रशंसा पायो। गंगा र प्रतीक्षासँगै किरण राई, हर्क जिमी, विश्वास राई, जितु राई, मनोज कार्की ढली, युनिषा लिम्बू र भुवन फुलाहाङ पनि प्रतियोगिताको अर्को चरणमा प्रवेश गरेका छन्।



महेन्द्रनगरको चक्रघटीमा पनि पूर्वाञ्चल आइडलको छनौट सम्पन्न भएको छ। चक्रघटीबाट विजय राई, विश्वास बस्नेत, कञ्चन लिम्बू, इन्दिरा उप्रेती, सनम राई, भक्तिराज राई, राधा नेपाल तथा रेवती पोखेल छनौट भएका छन्।

# ल्याक्मेको दुलही सिंगार्ने प्रतियोगिता



त्यसो त बेहुली हुँदा सबै महिला राम्रै देखिन्छन्। यतिबेला उनीहरूको सौन्दर्यको प्रशंसा गर्न शब्दको अभाव पनि महसुस हुन्छ, तर प्रसंग सबैभन्दा राम्रोसँग एवं सुहाउँदो ढंगले बेहुली श्रृंगार कसले गऱ्यो भन्ने कुराको हो। यसलाई सौन्दर्य प्रशासन सामग्रीहरूको उत्पादनमा अग्रणी रहेको ल्याक्मेले सौन्दर्य व्यवसायीहरूको बेहुली श्रृंगार कला अर्थात् ब्राइडल मेकअपको प्रतिस्पर्धाका रूपमा अघि सारेको छ।

गत वर्ष प्रारम्भ भएको यो प्रतियोगिताको दोस्रो संस्करणलाई अझ बृहत् र राष्ट्रिय स्तरको बनाउने प्रयास स्वरूप पाँचवटा विकासक्षेत्रमा प्रारम्भिक छनौट सम्पन्न भैसकेको छ। जसअनुसार गत जेठ २३ गते पूर्वाञ्चलको विराटनगरमा, सुदूर पश्चिम र मध्यपश्चिमको जेठ २७ गते, जेठ ३१ गते पश्चिमाञ्चलको पोखरामा र गत असार ३ गते मध्यमाञ्चलको काठमाडौंमा प्रारम्भिक छनौट सम्पन्न भएको छ। सबै क्षेत्रमा गरी ६ सयभन्दा बढी सौन्दर्य व्यवसायीले आ-आफ्नो सीप प्रस्तुत गरेका थिए।

सौन्दर्य कला व्यवसायी संघ, नेपालको दोस्रो वार्षिक उत्सवको अवसर पारी प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा भने आगामी असार १९ गते शुक्रबार होटल सोल्टीमा हुनेछ। संघकी केन्द्रीय अध्यक्ष वरिष्ठ सौन्दर्य व्यवसायी कमला श्रेष्ठका अनुसार प्रारम्भिक छनौट प्रतिस्पर्धाबाट सबै विकासक्षेत्रको प्रतिनिधित्व हुने गरी २० जनाले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउनेछन्। श्रेष्ठका अनुसार यसपटक पुरुष सौन्दर्य व्यवसायीको पनि उल्लेख्य सहभागिता छ।

हिमालदेखि तराई, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सबै जातजातिको प्रतिनिधित्व हुने गरी तिनीहरूको वेशभूषा एवं श्रृंगारलाई ध्यानमा राखी मोडललाई श्रृंगार गरी प्रस्तुत गर्नुपर्ने ल्याक्मे ब्राइडल मेकअप कम्पिटिसनका विजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्।

–रोजिन शाक्य


**सन्तु तामाङले चलचित्रका कलाकारहरूलाई सिंगार्न थालेको वर्षौं भयो। उनले नेपालका प्रायः सबै कलाकारको अनुहार सिंगारेर राम्रो बनाइसकेका छन्। २ सयभन्दा बढी चलचित्र, त्यति नै टेलिचलचित्र, म्युजिक भिडियो, टेलिविज्ञापन आदिमा मेकअप आर्टिस्ट भएर काम गरेको उनको अनुभव ल्याक्मे ब्राइडल मेकअप कन्टेस्टको अडिसनमा निकै काम लाग्यो। प्रारम्भिक छनौटको निर्णायकका रूपमा पोखरा, विराटनगर, भैरहवा र काठमाडौंमा हालै सम्पन्न अडिसनमा सहभागी ३ सय सौन्दर्यकर्मीबाट उनले २० जना उत्कृष्टको छनौट गरिसकेका छन्। उनीहरूबीच आगामी असार १९ गते फाइनल प्रतिस्पर्धा हुने तयारी भैसकेको छ। नेपाल चलचित्र प्राविधिक संघका अध्यक्ष तामाङ यही असार १४ गते उनको संघले आयोजना गर्न लागेको नेपाली चलचित्र महोत्सवको तयारीमा पनि छन्।**

**दुलहीको श्रृंगार गर्ने गतिला श्रृंगारकर्ताको छनौट गर्न कत्तिको गाऱ्हो पऱ्यो ?**

खासै गाऱ्हो त भएन, तर त्योभन्दा पनि गर्मी र बन्दले सतायो। भैरहवा र विराटनगरमा निकै गर्मी थियो। फेरि तराई बन्दका कारण सहभागीहरूले निकै दुख पाए।

**कस्तो दुःख पाए ?**

विशेष गरी बन्दका कारण विराटनगरमा सहभागीहरू रातारात जंगलको बाटो मोटरसाइकल चढेर, त्यसमा पनि बच्चा बोकेर आएको पायौं। भैरहवामा पनि



महेन्द्रनगरजस्तो सुदूर पश्चिमबाट पनि हस्याङफस्याङ गर्दै सहभागीहरू आएका थिए। पोखरामा पनि पाल्पादेखि आएका सहभागी भेट्यौं।

**काठमाडौंको अडिसन कस्तो रहयो ?**

बाहिरको तुलनामा काठमाडौंको अडिसन सजिलै सकियो।

**सहभागीहरू कस्ता थिए ?**


महिलाहरूको सहभागिता त त्यसै पनि बढी थियो। केही पुरुष पनि आएका थिए। उनीहरू सबैको काम राम्रो थियो, तर केही कमजोरी र तरिका नपुग्नाले कतिपय सहभागी छनौटमा परेनन्। छनौट भएका जतिमा पनि उन्नाइस-बीसको प्रतिस्पर्धा हुने मैले देखेको छु।


**चलचित्रमा सिंगारेर दुलही बनाउनु र वास्तविकतामा दुलही सिंगार्नुबीच फरक छ ?**


खासै फरक हुँदैन, तर ब्युटिसियन र मेकअप आर्टिस्टले गर्ने मेकअप भने फरक हुन्छ।


**चलचित्रमा त प्रायः सबै नायिकालाई दुलही बनाइसक्नुभयो होला, वास्तविकतामा कसैलाई दुलहीका रूपमा सिंगार्नुभएको छ ?**


म बाहिर त्यस्तो काम गर्दिनँ, तर पनि वचनै हार्न नसकेर केहीलाई दुलहीका रूपमा सिंगारिदिएको छु। त्यस्ता पनि २० भन्दा बढी जना भैसकेछन्।














ट्वान्टी-२० विश्वकप

# पाकिस्तानको जितसँगै दक्षिण एसियाको प्रभुत्व

अघिल्लो संस्करणको फाइनलमा बेहोरेको पराजयको पीडा बिर्संदै पाकिस्तानले आईसीसी ट्वान्टी-२० विश्वकपको दोस्रो संस्करणमा श्रीलंकालाई ८ विकेटले पराजित गरी उपाधिमाथि कब्जा जमाएको छ। क्रिकेटको कान्छो स्वरूप ट्वान्टी-२० क्रिकेटको बढ्दो लोकप्रियतासँगै दक्षिण एसियाली राष्ट्रहरूको प्रभुत्व यस पटकको विश्वकपमा समेत दोहोरिएको छ। अघिल्लो विश्वकपमा दक्षिण एसियाकै भारत र पाकिस्तान फाइनलमा थिए भने यस पटक श्रीलंका र पाकिस्तानले एक-अर्काको सामना गरे।

विश्लेषकहरूका अनुसार पाकिस्तानले प्राप्त गरेको विजय उसका लागि जति आवश्यक थियो त्यति अरूका लागि नहुन सक्थ्यो ? केही महिनाअघि श्रीलंकाली टिमको पाकिस्तान भ्रमणका बेला लाहोरमा श्रीलंकाका खेलाडीहरूमाथि भएको आक्रमणपछि पाकिस्तानको क्रिकेट विश्व क्रिकेटबाट लगभग बहिष्कृत हुन पुगेको थियो। उक्त प्रकरणपछि सन् २०११ मा हुने विश्वकप क्रिकेटको आयोजकको हैसियत गुमाउन पुगेको पाकिस्तानमा कुनै पनि मुलुक खेल्न तयार थिएनन्। यस्तो विपरीत परिस्थितिमा पनि आफूलाई आईसीसी ट्वान्टी-२० विश्वकप क्रिकेटमा सबलताका साथ प्रस्तुत गर्न सकेकोमा कतिपय क्रिकेट विश्लेषक अहिले पाकिस्तानको प्रशंसा गरिरहेका छन्। पाकिस्तानको यो सफलताले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिललाई सन् २०११ को विश्वकप क्रिकेटको आयोजनासँग सम्बन्धित केही विवादास्पद निर्णय सच्याउन घचघच्याउने नै छ भने लाहोर आक्रमणपछि पाकिस्तान भ्रमणमा जान नचाहने क्रिकेट खेलाडीहरूसमेत पाकिस्तान जान प्रेरित हुनेछन्।

ट्वान्टी-२० क्रिकेटमा पाकिस्तानको सबलता र सफलतालाई सामान्य मानिए पनि त्यसका पछाडि पाकिस्तान क्रिकेट बोर्डको योजनाबद्ध रणनीति र कार्यक्रमहरूको ठूलो भूमिका छ। पछिल्ला दुई संस्करणको ट्वान्टी-२० विश्वकपमा फाइनल यात्रा तय गरेको पाकिस्तान ट्वान्टी-२० क्रिकेटको घरेलु लिग खेलाउने विश्वकै पहिलो मुलुक थियो। परीक्षणकै क्रममा रहेका बेला अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले ट्वान्टी-२० क्रिकेटलाई अन्तर्राष्ट्रिय स्तर प्रदान गर्ने निर्णय गरेपछि त्यसलाई स्वागत गर्ने र त्यससँग सम्बन्धित घरेलु तालिका बनाएर प्रयोग गर्ने पहिलो मुलुक पाकिस्तान नै थियो। यही सन्दर्भमा पाकिस्तानको सफलतालाई उसको भाग्य वा खेलाडीहरूको व्यक्तिगत प्रदर्शनसँग गाँसेर हेर्न मिल्दैन। भारतले सञ्चालन गरेको अन्तर्राष्ट्रिय स्तरको ट्वान्टी-२० लिग क्रिकेटको दोस्रो संस्करणमा लाहोर आक्रमणको कारण देखाउँदै पाकिस्तानका खेलाडीलाई संलग्न नगराइए पनि अघिल्लो संस्करणमा पाकिस्तानकै सोहेल तनवीर सर्वश्रेष्ठ खेलाडी घोषित भएका थिए। त्यस बेला तनवीरकै प्रदर्शनको बलमा राजस्थान रोयल च्याम्पियन बनेको थियो।

### सर्वाधिक रन बनाउनेहरू

- तिलकरत्ने दिलसान (श्रीलंका)- ३१७ (३)
- ज्याक कालिस (दक्षिण अफ्रिका)- २३८(२)
- क्रिस गेल (वेस्टइन्डिज्)-१९३ (२)
- कामरान अकमल (पाकिस्तान)- १८८ (१)
- अब्राहम भिलर्स (द. अफ्रिका)- १८६ (२)
- सनथ जयसूर्या (श्रीलंका)- १७७ (१)
- कुमार संगाकारा (श्रीलंका)- १७७ (२)
- साहिद अफ्रिदी (पाकिस्तान)- १७६ (२)
- युनिस खान (पाकिस्तान)- १७२ (१)
- केभिन पिटरसन (इङ्ल्यान्ड)- १५४ (१)
- ड्वायने ब्राभो (वेस्टइन्डिज्)- १५४(२)
- माहेला जयबर्धने (श्रीलंका)- १५४(१)

### सर्वाधिक विकेट लिनेहरू

- उमर गुल (पाकिस्तान)- १३
- अजन्था मेन्डिस् (श्रीलंका)- १२
- सईद अजमल (पाकिस्तान)- १२
- लसिथ मलिङ्गा (श्रीलंका)- १२
- साहिद अफ्रिदी (पाकिस्तान)- ११
- रेयान भ्यान डर मर्भ (द. अफ्रिका)- १०
- ड्वायने ब्राभो (वेस्टइन्डिज्)- १०
- वायने पार्नेल (दक्षिण अफ्रिका)- ९
- डेल स्टेन (दक्षिण अफ्रिका)- ९
- मुथ्थैया मुरलीधरन (श्रीलंका)- ९


### पाकिस्तानको विजययात्रा

आईसीसी ट्वान्टी-२० विश्वकप क्रिकेटको दोस्रो संस्करण प्रारम्भ हुँदा कसैले पनि पाकिस्तानलाई विजेताका रूपमा कल्पना गरेका थिएनन्। समूह चरणको खेलमा नेदरल्यान्ड र इङ्ल्यान्डसँग भिडेको पाकिस्तानले राम्रो रन-रेटका आधारमा मात्र दोस्रो चरणमा प्रवेश पाएको थियो। पहिलो चरणमा पाकिस्तान इङ्ल्यान्डसँग पराजित भएको थियो भने उसले नेदरल्यान्डलाई झिनो स्कोरमा समेटेर दोस्रो चरणमा प्रवेश पाएको थियो।

दोस्रो चरण सुपर एटमा पाकिस्तान, श्रीलंका, न्युजिल्यान्ड र आयरल्यान्ड थिए। यो समूहको खेलमा पनि पाकिस्तानको प्रदर्शन खासै उल्लेखनीय थिएन। पहिलो खेलमा श्रीलंकाबाट पराजित पाकिस्तानले न्युजिल्यान्डलाई हराएपछि मात्र उसको आशा जीवित भएको थियो। पाकिस्तानलाई कमजोर आँकेर न्युजिल्यान्डले उक्त खेलमा आफ्ना केही प्रमुख खेलाडीलाई आराम दिने निर्णय गरेको थियो। न्युजिल्यान्डको उक्त निर्णय नै पाकिस्तानको भाग्य बदल्ने प्रमुख कारण हुनपुग्यो। पाकिस्तानसँगको खेलमा न्युजिल्यान्डको ब्याटिङ लाइन अविश्वसनीय रूपमा पतन भएपछि पाकिस्तानले सेमिफाइनलमा प्रवेश पाउन कमजोर आयरल्यान्डमाथि विजय प्राप्त गर्ने औपचारिक चुनौती पायो।

सेमिफाइनलमा प्रतियोगिताकै अपराजित तथा फेवरेट मानिएको दक्षिण अफ्रिकालाई अविश्वसनीय रूपमा पराजित गरेपछि पाकिस्तानको फाइनल यात्रा तय भएको थियो। फाइनलमा पनि पाकिस्तानले प्रतियोगिताकै अपराजित तथा सबैभन्दा बलियो ब्याटिङ लाइन अप र विश्वकै सर्वश्रेष्ठ स्पिन आक्रमण भएको श्रीलंकालाई ८ विकेटले पराजित गर्दा लन्डन देखि इस्लामाबादसम्म खुसी छाएको थियो। पाकिस्तानको यो विजयले अघिल्लो संस्करणको फाइनलमा बेहोर्नुपरेको पराजयलाई त बिर्साएकै छ, साथसाथै सन् २०११ को विश्वकपसम्बन्धी निर्णयमा पुनर्विचार गर्न अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिललाई समेत झकझकाएको छ।


## टि-२० विश्वकपका नायकहरू



### शाहिद अफ्रिदी, पाकिस्तान


दस वर्षअघि एकदिवसीय क्रिकेटको विश्वकप र सन् २००७ मा टी-२० को फाइनल गुमाएको नमीठो अनुभव पाकिस्तानी अलराउन्डर शाहिद अफ्रिकीले यसपालि दोहोर्‍याउन दिएनन्। दुई वर्षयताको बिर्सनलायक उनको ब्याटिङले इङ्ल्यान्डमा पुरानो लय भेट्टायो। सेमिफाइनल र फाइनलमा अर्धशतक बनाएर जितको आधार तय गरेका अफ्रिदीले ३५ दशमलव २० को औसतमा १ सय ७६ रन बनाए। ३ छक्का र १६ चौका हानेर उनी सर्वाधिक रन बनाउने सूचीमा आठौं क्रममा रहे।

दायाँ हातले लेग ब्रेक बल फ्याँक्ने २९ वर्षीय अफ्रिदीले १३ दशमलव ५४ को औसतमा ११ विकेट लिए र सर्वाधिक विकेट लिने शीर्ष ५ मा रहे। उनले सबैभन्दा कम प्रति ओभर ५ दशमलव ३२ रन दिए। दुई वर्षअघिका म्यान अफ दि सिरिजले संकटको समयमा निर्णायक प्रदर्शन गरेर पाकिस्तानलाई सफलता दिलाए। पहिलो अन्तर्राष्ट्रिय खेलमै सबैभन्दा कम ३७ बलमा कीर्तिमान शतक हानेका अफ्रिदी म्यान अफ दि फाइनलसमेत चुनिए।



### ड्वायने ब्रेभो, वेस्ट इन्डिज


वेस्ट इन्डिज फाइनल पुग्न असफल भए पनि अलराउन्डर ड्वायने ब्रेभो ब्याटिङ र बलिङ दुवैमा चम्किए। ६ खेलमा १८ दशमलव ४० को औसतमा १० विकेट लिएका ब्रेभो सर्वोत्कृष्ट बलरको सूचीमा सातौं स्थानमा रहे। सर्वाधिक रन बटुल्ने ब्याट्सम्यानको सूचीमा दसौं स्थानमा रहेका ब्रेभोले ३८ दशमलव ५० को औसतमा १ सय ५४ रन बनाए। १ सय २२ दशमलव २२ को औसतमा रन बनाएका ब्रेभोले १७ चौका र २ छक्का हाने। ८ छक्कासहित १ सय ९३ रन जोडेका क्रिस गेल र २५ वर्षे ब्रेभोकै उत्कृष्टतामा क्यारेबियन टिमले अन्तिम चारको यात्रा गर्‍यो।



### ज्याक्स कालिस, दक्षिण अफ्रिका

दुई वर्षअघि आफ्नै देशमा भएको टी-२० विश्वकपमा उनी छनौट नभएका खेलाडी हुन्। त्यसबेला उनलाई कान्छो संस्करणको क्रिकेट खेल्न नसक्ने आरोप लागेको थियो। यसपालिको विश्वकपमा उत्कृष्ट ब्याटिङ गरेर उनले त्यो आरोपलाई गलत साबित गरे।


दोस्रो सर्वाधिक रन बनाएका कालिसले ५ खेलमा २ सय ३८ रन बनाए। सर्वोत्कृष्ट औसत ५९ दशमलव ५० को औसतमा १ सय २६ दशमलव ५९ को स्ट्राइक रेटमा रन बटुले। ३ विकेटसमेत लिएका ३३ वर्षीयले २८ चौका र ४ छक्का प्रहार गरेर दक्षिण अफ्रिकालाई अन्तिम चारमा पुर्‍याउन महत्त्वपूर्ण योगदान गरे। एकदिवसीय र टेस्ट क्रिकेटका महान् खेलाडीले २ अर्धशतक बनाए।



### उमर गुल, पाकिस्तान

तीव्र गतिका पाकिस्तानी बलर उमर गुलले दोस्रो टी-२० विश्वकपमा सर्वाधिक १३ विकेट लिए। सुपर एटमा न्युजिल्यान्डविरुद्ध ६ रन दिएर लिएको ५ विकेट विश्वकपकै सर्वोत्कृष्ट बलिङ रहयो। प्रतिओभर ६ दशमलव ४४ रन खर्च गरेर ११ दशमलव ३ को स्ट्राइक रेटमा औसत १२ दशमलव १५ विकेट लिए।


सात खेलमा १ सय ४७ बल फालेका गुलले १ सय ५८ रन दिए। पेसावरका २५ वर्षीय दायाँ हाते फास्ट बलर गुल पाकिस्तानी जितमा नायक रहे। अन्तर्राष्ट्रिय टि-२० का २१ खेलमा ३७ विकेट लिइसकेका गुल पाकिस्तानी टिमका प्रमुख र प्रारम्भिक बलर हुन्। उनलाई १७ वर्षीय किशोर मोहम्मद आमिरले ६ र सइद अजमलले १२ विकेट लिँदै सघाए।



### अजन्था मेन्डिस, श्रीलङ्का

श्रीलङ्कालाई फाइनलसम्म पुर्‍याउँदै विश्वकपमा दक्षिण एसियाली आधिपत्य कायम गर्ने क्रममा बलरत्रय अजन्था मेन्डिस, लसिथ मालिङ्गा र मुथैया मुरलीधरन नायकका रूपमा देखा परे। उमर गुलभन्दा १ कम १२ विकेट लिई सइद अजमलसँगै मेन्डिस र मालिङ्गा सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा संयुक्त रूपमा दोस्रो स्थानमा रहे। स्पिनर मुरलीले पनि ९ विकेट चट्काए।

श्रीलङ्काली बलिङ आक्रमणको नेतृत्व गरेका मेन्डिसले २६ ओभर बलिङ गरेर प्रतिओभर ५ दशमलव ५० दरले किफायती रूपमा १ सय ४३ रन दिए। उनको सर्वोत्कृष्ट बलिङ ३-९ रहृयो। २४ वर्षीय स्पिनर मेन्डिसले टी-२० का १० अन्तर्राष्ट्रिय खेलमा २३ विकेट लिइसकेका छन्।



### तिलकरत्ने दिलसान, श्रीलङ्का


दोस्रो टी-२० विश्वकप क्रिकेटमा श्रीलङ्काली ब्याट्सम्यान तिलकरत्ने दिलसान म्यान अफ दि सिरिज घोषित भए। फाइनलमा पाकिस्तानविरुद्ध शून्यमा आउट भए पनि उनले विश्वकपमा सर्वाधिक ३ सय १७ रन बनाए। श्रीलङ्कालाई फाइनलअघिका ६ खेल जिताउन मुख्य भूमिका निर्वाह गरेका दिलसानको ब्याटबाट १ सय ४४ दशमलव ७४ को स्ट्राइक रेटमा औसत ५२ दशमलव ८३ रन निस्कियो।

सेमिफाइनलमा वेस्ट इन्डिजविरुद्धको सहज जितमा उनले अविजित ९६ रन जोडे जुन प्रतियोगिताकै सर्वाधिक व्यक्तिगत रन बन्यो। बललाई सर्वाधिक ४९ पल्ट बाउन्ड्री नघाएको कीर्तिमान उनकै नाममा रहृयो। उनले ४६ चौका र ३ छक्का हाने। ३२ वर्षीय दायाँ हाते ब्याट्सम्यान दिलसानले सर्वाधिक ३ अर्धशतक पनि बनाए।

# टि-२० विश्वकपका हिरोबाट जिरो


## एन्ड्र्यु साइमन्ड्स, अस्ट्रेलिया

विश्व क्रिकेटमा एन्ड्र्यु साइमन्ड्स विवादास्पद खेलाडी हुन्। उनी वर्तमान समयका सबैभन्दा अनुशासनहीन क्रिकेटर पनि मानिन्छन्। रक्सी पिएर टिमको अभ्यासमा अनुपस्थित भएकाले कारबाहीस्वरूप उनलाई टी-२० विश्वकप सुरु हुने एक दिनअघि अस्ट्रेलिया फर्काइयो।



टिमको नियम उल्लंघन गरेको आरोपमा उनले पटक-पटक कारबाही बेहोरिसकेका छन्। टी-२० र एकदिवसीय क्रिकेटमा साइमन्ड्सलाई विश्वकै अब्बल अलराउन्डर मानिन्छ। विशेष गरी उनी आक्रामक ब्याटिङमा माहिर छन्। टी-२० विश्वकपमा अस्ट्रेलियाको असफलतासँगै 'क्रिकेट अस्ट्रेलिया' ले उनीसँगको केन्द्रीय अनुबन्ध पनि खारेज गर्‍यो।


## महेन्द्रसिंह धोनी, भारत




विश्वकपको पूर्वसन्ध्यामा सन् २००७ को विजेता भारतलाई सबैभन्दा बलियो र सन्तुलित टिम मानिएको थियो। इन्डियन प्रिमियर लिग (आईपीएल) मा भारतीय खेलाडी हाबी भएकाले पनि उसले टी-२० विश्वकपको उपाधि रक्षा गर्ने अनुमान गरिएको थियो। टी-२० क्रिकेटको सिंह मानिएको भारत यसपालि स्यालमा परिणत भयो। भारतको असफलतामा कप्तानको हैसियतले महेन्द्रसिंह धोनीले राम्रो परिणाम दिन नसकेको आरोप लाग्यो। विशेष गरी सुपर एटमा इङ्ल्यान्डविरुद्ध 'गर या मर' को स्थितिमा अनुभवी युवराज सिंहभन्दा अघि २० वर्षीय रवीन्द्र जडेजालाई ब्याटिङ गर्न पठाएकोमा उनले कडा आलोचना झेल्नुपर्‍यो। सेमिफाइनल नपुग्ने पक्का भएकै दिन भारतमा धोनीको पुत्ला जलाइनुका साथै उनीविरुद्ध नारा-जुलुस नै भयो। ब्याटिङमा जम्न असफल धोनीले ५ खेलमा ८६ रन मात्र बनाए।

## रुद्रप्रताप सिंह, भारत

आईपीएलका सर्वोत्कृष्ट बलर रुद्रप्रताप सिंह टी-२० विश्वकपमा प्रभावशाली प्रदर्शन गर्न नसकेपछि एकाएक नायकबाट खलनायक बने। हैदरावादका प्रमुख बलर सिंहले आईपीएलमा सर्वाधिक २३ विकेट लिएका थिए। दुई वर्षअघि भारतलाई टी-२० विश्वकप च्याम्पियन बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका सिंहले इङ्ल्यान्डमा त्यो प्रदर्शन दोहोर्‍याउन सकेनन्। २३ वर्षीय यी फास्ट बलरले २ खेल खेलेर मात्र २ विकेट लिए। ३० बल फालेर ३४ रन दिएका सिंहको बलिङमा कुनै चमत्कार देखिएन।




## ब्रेट ली, अस्ट्रेलिया




विश्वकपमा नायक बन्ने अपेक्षा गरिएका तीव्र गतिका अस्ट्रेलियन बलर ब्रेट लीको प्रदर्शन बिर्सनलायक रह्यो। दुई खेलमा जम्मा ३ विकेटका लागि उनले ९५ रन दिए। पहिलो खेलमा वेस्टइन्डिजले उनको ४ ओभरको बलिङ स्पेलमा ५६ रन बनायो। विश्वकपको एउटै इनिङमा कुनै पनि बलरको यो सबैभन्दा खराब प्रदर्शन हो। त्यसमा उनले १ विकेट लिए।
ग्रुप अप डेथमा श्रीलङ्काविरुद्धको अन्तिम खेलमा पनि उनले खर्चिलो बलिङ गरे। २ विकेटका लागि ३९ रन दिएर उनले अस्ट्रेलियालाई सुपर एटको यात्राबाट वञ्चित तुल्याए। न्यू साउथ वेल्सका ३२ वर्षीय क्रिकेटर लीले नटिंघममा ४ ओभर बलिङ गरे। टेस्ट र एकदिवसीयमा सर्वाधिक सफल कप्तान रिकी पोन्टिङलाई टी-२० मा असफल तुल्याउन उनको कमजोर प्रदर्शनले महत्त्वपूर्ण भूमिका खेल्यो।

## ब्रेन्डन म्याकुलम, न्युजिल्यान्ड


टी-२० विश्वकप सुरु हुनुभन्दा एक साताअघि सकिएको इन्डियन प्रिमियर लिगमा कोलकाता नाइट राइडर्सका लागि रनको वर्षा गरेका ब्रेन्डन म्याकुलम इङ्ल्यान्डमा भने असफल भए। सुपर एटको यात्रा गरे पनि न्युजिल्यान्डका लागि उनले प्रभावशाली खेल देखाउन सकेनन्। २७ वर्षीय किवी ब्याट्सम्यानले २१ दशमलव ४० को औसतमा १ सय ७ रन मात्र बनाए। एक अर्धशतक बनाउने क्रममा ९३ बल खेलेका म्याकुलमले १४ चौका र १ छक्का हाने। कुनै पनि खेलमा उनले आफ्नो पुरानो ब्याटिङ लयको झझल्को दिन सकेनन्। उनका दाइ नाथन म्याकुलमले भने ५ खेलमा त्यति नै विकेट लिएर टिमलाई राहत दिलाए।



## मसरफ मोर्ताजा, बंगलादेश



बंगलादेश सजिलै सुपर एट पुग्ने अपेक्षा थियो। कुनै पनि खेलाडी जम्न नसकेपछि बंगलादेश सुपर एटमा पुग्ने चौथो दक्षिण एसियाली मुलुक बन्न सकेन। इन्डियन प्रिमियर लिगका लागि कोलकाता नाइट राइडर्सले ६ लाख डलरमा अनुबन्ध गरेका मसरफ मोर्ताजाले बंगलादेशलाई राम्रो स्थानमा पुर्‍याउने ठूलो विश्वास थियो। निरन्तर २ हारसँगै बंगलादेशलाई पहिलो चरणबाटै घर फर्कनबाट महँगा मोर्ताजाले पनि रोक्न सकेनन्। भारतसँग २५ रन र आयरल्यान्डसँग ६ विकेटको हारले उसको विश्वकप यात्रामा पूर्णविराम लाग्यो। मोर्ताजाले ४४ रन र २ विकेटको कमजोर प्रदर्शन गरे।



# राखी बनिन् पोखरा ब्युटी ट्यालेन्ट

तस्बिर : सुरज श्रेष्ठ

**शिव शर्मा**

पोखरा- फेवा नगरीमा यस पटक भने ब्युटिसियनहरू च्याम्पमा उत्रिए। पोखरा उद्योग वाणिज्य संघको सभाहलमा खचाखच बसेका दर्शकहरू ढाकाको पहिरनमा एकसाथ नृत्य गर्दै निस्किएका ब्युटिसियनहरूलाई तालीले स्वागत गरेपछि सुरु भयो हङकङ ब्युटी एन्ड ट्यालेन्ट कन्टेस्ट-२००९।

गर्मीले तातिएको सभाहल प्रतिस्पर्धी ब्युटिसियनको गर्मागर्म क्याटवाकले अझ तताएको आभास हुन्थ्यो। करिब एक वर्षदेखि हुन नसकेको सौन्दर्य प्रतियोगितालाई यो आयोजनाले ब्युँताएको आभास फेसनप्रेमीहरूले गरे। हङकङ हर्बल ब्युटी क्लिक सैलुन एन्ड इन्स्टिच्युटले यो अवसर जुटाएको हो। व्यावसायिक मोडल सरह मञ्चमा प्रस्तुत भएका प्रतिस्पर्धी ब्युटिसियनहरूले आफनो क्षमता खुलेर प्रस्तुत गरेका थिए।

सौन्दर्यसँगै बौद्धिक स्तरको मापनका लागि भएको प्रतिस्पर्धामा आफ्ना २५ जना समककक्षीलाई पछि पार्दै लामाचौर कास्कीकी राखी गौचन हङकङ ब्युटी एन्ड ट्यालेन्ट कन्टेस्ट-२००९ को उपाधि हात पारिन्।

'यस्ता सौन्दर्य प्रतिस्पर्धाले आत्मविश्वास जगाउँछ,' उपाधि जितेपछि गौचनले हर्षित हुँदै भनिन्। प्रतियोगितामा विरौटाकी मिलन गुरुङ फस्ट रनरअप तथा भैरवटोलकी सुरक्षा गुरुङ सेकेन्ड रनरअप बने। प्रतियोगितामा दर्शक छनौटको उपाधि आशामाया गुरुङले पाइन्। त्यसैगरी उमा गुरुङ बेस्ट हेयर, ट्यालेन्ट सवनम श्रेष्ठ तथा इन्टेलिजेन्समा हीरा पुनले टाइटल जितिन्।

प्रतियोगितामा ३ देखि ६ महिना ब्युटिसियन तालिम लिएका प्रशिक्षार्थी ब्युटिसियनहरूले प्रतिस्पर्धा गरेको आयोजक संस्थाकी अध्यक्ष मीना गुरुङले बताइन्। कार्यक्रममा तेस्रो लिङ्गी विन्दिया गौतम, सोफिया लामा तथा श्रेया थापाले आकर्षक नृत्य प्रस्तुत गरेका थिए।

# पोखरामा तात्यो डान्सपार्टी

पोखरा- गर्मीको उकुसमुकुसले हैरान बनाइरहेको थियो। गएको साताको शनिबार लेकसाइडस्थित क्लब एसियानामा युवायुवतीहरू एकतमास झुमिरहेका थिए। लामो समयदेखि परेको खडेरीले बाहिर हिँड्न मुस्किल भैरहेको बेला उनीहरू भने निष्पट्ट अँध्यारो र उकुसमुकुस बनाउने क्लब परिसरमा ज्यान फालेर संगीतको तालमा मस्त देखिन्थे। लामाचौर कास्कीस्थित ब्लु एन्जल क्लबले साथीहरूसँग आपसी मित्रता अझै प्रगाढ होस् भनेर 'आफ्टर एक्जाम डान्स पार्टी' को चाँजोपाँजो जुराएको थियो। उक्त अवसरमा डिजेले पनि युवायुवतीहरूको चाहना बुझेरै डान्सिङ नम्बरहरू बजाइरहेका थिए। बिहान ११ बजे प्रारम्भ भएको डान्स पार्टी राति अबेरसम्म चलेको थियो।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।